सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



लभगुरु
## रेखा थापा
पाठकहरूको समस्या समाधान गर्दैछिन्

पृष्ठ ११ मा

• वर्ष १२ • अंक १७ • काठमाडौं, शुक्रबार, भदौ २३, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Sep. 8, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-





# रात्रिजीवनका किन्नरीहरू

**बिदुर खतिवडा**

काठमाडौं– 'ओइचो टाइचा राइचाम्रो होइसिन्छ, चिस्सा टा ।'

यो संवाद पुरुषजस्तै लाग्ने महिला पहिरनधारीले कारबाट ओर्लिरहेका पुरुषप्रति इङ्गित गर्दै उनीजस्तै अर्की साथीलाई भनेकी हुन् । अनौठो लाग्ने यो भाषा सुनिरहेकी उनकी साथी मुसुक्क मुस्कुराइन् । त्यो मान्छे उनीहरूलाई नै भेट्ने उद्देश्यले अघि बढिरहेको थियो । यो कुन भाषा हो ? संवाददाताले जिज्ञासा राख्दा उनीहरू फिस्स हाँसे । 'यो हाम्रो भाषा हो' तिनीहरूमध्ये एक कला राई (सूर्य राई) ले भनिन्- 'यो तपाईंले जाने-सुनेको कुनै जातीय वा राष्ट्रिय भाषा होइन ।' यसको अर्थ के हो ? बुझ्न चाहनुहुन्न ? उनले थपिन्, अर्थ रहेछ- यो केटा राम्रो छ, हेन्डसम छ ।

तेस्रो लिङ्गीय भनेर परिचय दिने यो समूहले काठमाडौंको रात्रिजीवनमा आफ्नो बलियो उपस्थिति जनाउने गरेको छ । रातको १० बजेपछि आरएनएसीदेखि माथि ठमेलसम्मको पैदल यात्रामा छ्यासछ्यास्ती भेटिने यो समूहको एउटै चाहना हुन्छ 'राम्रो क्लाइन्ट' (ग्राहक) खोजी गर्ने । कहिलेकाहीं भेटिन्छ, कहिले त्यसै साथीहरूसँग भेटेर दुःख-सुखका कुरा हुन्छन्, कलाका अनुसार यो उनीहरूको क्याटोगरी (समूह) हो । त्यसैले पनि यहाँ आएपछि मनका कुरा साटासाट हुन्छन् । झगडा हुँदैन ? प्रश्नसँगै राई उत्तर दिन्छिन्- पहिले हुँदैनथ्यो, अहिले त्यस्ता गुनासाहरू आउने गरेका छन् ।

आधा दशकअघि मात्र पनि त्यस बेलाको जक्सन 'जमल' मा मुस्किलले एक दर्जनको समूह हुने गरेकोमा अहिले हरेक दिन नयाँ अनुहार देखिने गरेको अनुभव कलासँग छ । न्यूनतम पनि सयभन्दा बढी सडकमै भेटिन्छन् । जसमध्ये कतिपय दिनहुँ आउँदैनन् । धरानबाट पाँच वर्षअघि उपत्यका भित्रिएको पच्चीस वर्षीया कला भन्छिन्- मैले थाहा पाएसम्म ठमेलको रात्रिजीवनमा आउने तेस्रो लिङ्गीयको संख्या पाँच सयभन्दा पनि बढी छ । संख्या बढ्दै जाँदा कहिलेकाहीं आपसमै झगडा पनि हुन्छ ।

तेस्रो लिङ्गीयको परिचय के हो ? उनीहरू भन्छन्- 'प्राकृतिक रूपमा भएको शारीरिक संरचनाको विपरीत हाउभाउ र भावना हुनु नै तेस्रो लिङ्गीय हो । हाम्रो शरीर पुरुषको जस्तो भए पनि हामी पुरुषको भूमिकामा फिट हुँदैनौं ।' हामी शारीरिक सम्पर्कका हिसाबले पनि महिलाको भूमिका मात्र मन पराउँछौं, कला सुब्बाजस्तै अनुहार भएको भनेर चार वर्षअघि साथीहरूद्वारा नाम परिवर्तन गरिएकी कलाले भनिन्- 'पुरुष गतिविधि हामीबाट पूर्ण रूपमा वर्जित छ ।' त्यसो त महिलाहरू पनि तेस्रो लिङ्गीय हुन्छन् तर उनीहरू यसरी सडकमा आउँदैनन् । समलिङ्गीहरूको राष्ट्रिय सञ्जाल ब्लु डाइमन्ड सोसाइटीका अध्यक्ष सुनिलबाबु पन्त तेस्रो लिङ्गीयको परिभाषा दिंदै भन्छन्- 'लैङ्गिकताका आधारमा जो पुरुष पनि होइन र महिला पनि होइन, उनीहरू तेस्रो लिङ्गीयभित्र पर्छन् । तेस्रो लिङ्गीयलाई प्रयोग गरेर शारीरिक तृष्णा मेट्नेहरू भने समलिङ्गी नै हुन्छन् भन्ने छैन,' पन्तले भने- घरमा श्रीमती र बालबच्चा भएकाहरू पनि उनीहरूसँग सम्पर्क राख्न रुचाउँछन् ।

ठमेलको रात्रिजीवनका सम्बन्धमा कुराकानी गर्दा ढल्कँदो उमेरका एक जना व्यक्ति त्यहाँ आइपुगे । कलाले उनलाई ममी भनेर बोलाइन् । ममी पनि उही क्याटोगरीकी थिइन् । 'हाम्रो क्याटोगरीमा एकले अर्कालाई उमेरअनुसार आदर र माया पनि गर्छौं,' सँगै रहेकी रेखा जमालले भनिन्- 'यो क्याटोगरीमा १० वर्षदेखि ५० वर्ष उमेरसम्मका छौं ।'

स्कुले जीवनमै छँदा हो, सायद कक्षा ७ मा पढ्थें, तेस्रो लिङ्गीय भनेर आफूलाई चिनाउने नैकापकी १९ वर्षीय भूमिका गुरुङ श्रेष्ठले भनिन्- 'उत्सुकताका कारण जमल आइपुगेकी थिएँ । त्यस बेला अरू साथीले तँ सानै छस्, यहाँ नआइज भन्थे । मलाई यौन तृष्णा मट्नेभन्दा पनि साथीहरूको संगत चाहिएको थियो ।'

थप समाचार पृष्ठ २० मा पनि


बाँकी पृष्ठ ५ मा



विजेता प्रजापति

मध्यपृष्ठमा

साप्ताहिक




नजिकबाट कोमल वली

१६ पृष्ठमा




गायनतर्फ निखिल

१० पृष्ठमा



हरियो डाँडामाथि रामचन्द्र काफ्ले

१६ पृष्ठमा



रिङ्कुको आगमन

१४ पृष्ठमा



बूढो खोज्दै दीपा

१० पृष्ठमा

## व्यवसायीहरुमा बढ्दै गएको निराशा

व्यवसायीहरूले अहिलेको सरकार, विभिन्न राजनैतिक दल एवं सञ्चारमाध्यमहरूले समेत निजी व्यवसायीहरूलाई शत्रुवत् व्यवहार गरेको आरोप लगाएका छन् । अनौपरिक रूपमा गुनासो गर्ने व्यवसायीहरूले गत साता राजधानीमा भैरहेको एउटा प्रदर्शनीका क्रममा यो गुनासोलाई औपचारिक रूपमै व्यक्त गरे । आफ्नो गुनासो प्रकट गरिरहँदा उद्योग वाणिज्य महासंघका अध्यक्ष सरोकारवालाहरूले निजी व्यवसायलाई हतियारका रूपमा प्रयोग गरेको आरोपसमेत लगाउँदै थिए ।


व्यवसायीहरूको सहयोगबिना देशको अर्थतन्त्र सुदृढ हुन सक्तैन । रोजगारी, उत्पादन, आयवृद्धि एवं सामग्रीहरूको सुलभता व्यवसायीहरूको सहयोगबिना सम्भव छैन । नेपालका ८५ प्रतिशतभन्दा बढी जनता कृषिमा आधारित भए पनि सरकारले त्यसलाई व्यवस्थित गर्न सकेको छैन । व्यवसायीहरूले बजारसम्मको पहुँच तथा वितरणसमेतको व्यवस्था मिलाएर कृषिलाई समेत टेको प्रदान गरेको छ । अनुमानअनुसार नेपालका औद्योगिक क्षेत्रमा २० लाख व्यक्ति कार्यरत छन् । देशको ५० प्रतिशतभन्दा बढी आय नेपाली व्यवसायीहरूको परिश्रम एवं योजनामा निर्भर छ । कृषिपछि सबैभन्दा बढी रोजगारी प्रदान गर्ने पनि निजी व्यवसायीहरू नै बनेका छन् । सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन नगरेको व्यवसायीको आरोप यही तथ्याङ्कको पृष्ठभूमिमा आधारित छ ।

विगत १० वर्षको आन्तरिक द्वन्द्वले देशको आर्थिक गति सुस्त छ । एक दशक अवधिभरि नेपालमा योजनाभन्दा ९० प्रतिशत कम उद्योग खुले । आर्थिक आय खुम्चँदै गएको अवस्थामा उद्योग चलाउन कठिन थियो । त्यसमाथि नाकाबन्दी, बन्द तथा हड्तालका कारण उद्योग–धन्दाले फस्टाउने मौका पाएन । शाही शासनकालमा उद्योगपति नै मन्त्री भएका अवस्थामा पनि स्थायी शान्तिको पहलमा ध्यान नदिंदा एवं आफ्नो उद्योगलाई मात्र सफल पार्ने नीति ल्याउँदा अन्य व्यवसायीहरू मर्कामा परे । यस्तो अवस्थाबाट पार पाउन उद्योगपतिहरूले पनि जनआन्दोलन–२ लाई साथ दिए । लोकतन्त्र आएपछि हुने शान्ति प्रक्रियाले उद्योग–व्यवसायले सुनौला दिन देख्न पाउँछ भन्ने आशामा त्यतिखेर तुसारापात भयो जब माओवादीको राजनैतिक संगठन विस्तार गर्ने मुख्य माध्यम उद्योगधन्दा नै भैदियो । माओवादीहरूले आफ्नो सङ्गठन विस्तार गर्न लोकप्रिय नारा दिएर उद्योगका कामदारलाई उद्योगधन्दाले धान्नेभन्दा बढी तलब–भत्ताको माग गरे भने उक्त दललाई ठूलो रकम चन्दाका रूपमा बुझाउन दबाब पनि दिए । यसरी कमजोर अवस्थामा रहेका उद्योग–धन्दालाई सरकारी करका अतिरिक्त कर्मचारीको तलब एवं ठूलो रकममा दिनुपर्ने चन्दाका कारण धराशायी बनाउँदै लगेको व्यवसायीहरूको आरोप छ । युद्धअवधिभर करिब तीन सय उद्योग बन्द भैसकेको अवस्थामा सरकारले पनि यो मुद्दामा ध्यान नदिएको व्यवसायीहरूको आरोप छ । सरकारले आफ्नो गुनासो नसुनेको एवं व्यवसायीहरूको अप्ठ्यारोलाई टार्दै लगेकाले थप दुई सय उद्योग बन्द हुने अवस्थामा पुगेको उनीहरूको दाबी छ ।

उद्योग–वाणिज्य महासंघले यस्ता समस्याका बारेमा पटक–पटक सरकारको ध्यान आकृष्ट गरेको हो । माओवादीका उच्च नेतालाई महासंघको कार्यलयमै बोलाएर वस्तुस्थितिका सम्बन्धमा जानकारी गराएको मात्र होइन, व्यवसायीहरूको टोली पटक–पटक अर्थमन्त्री एवं प्रधानमन्त्री कार्यलय पुगेको पनि हो । यी सबै सरोकारवालाहरूले महिना दिनभित्र समस्या सामाधान हुने विश्वास नदिलाएका पनि होइनन्, तर त्यसको कार्यान्वयन नभएको गुनासो व्यवसायीहरूको छ । स–साना कुरामा हुने बन्द–हड्तालबाट अझ बढी पीडित भएका व्यवसायीहरूको गुनासो सञ्चारमाध्यमले समेत नसुनेझैं गरेको उनीहरूको आरोप छ ।

देशको आर्थिक विकासको मेरुदण्डका रूपमा रहेका व्यवसायीहरूले यस्तो गुनासो गर्नुले देशको आर्थिक अवस्था एवं समस्या अप्ठ्यारो अवस्थासम्म पुगेको सङ्केत गर्छ । माओवादी ट्रेड युनियनबाट पीडित व्यवसायीहरूको कुरा माओवादी नेतृत्वले पनि नसुन्नु तथा सरकारका तर्फबाट पनि पहल नहुनु दुर्भाग्यको कुरा हो । मजदुर तथा कर्मचारीका कुरा सुनिनु हुँदैन भन्ने होइन, तर उद्योग नै धराशायी हुने माग राख्नु र लगानीभन्दा दोब्बर चन्दा मागिनु अन्ततोगत्वा देशका उद्योग–व्यवसायलाई गलत कार्य गर्न उक्साउनु वा तिनमा ताला लगाउनु हो । यसले उपभोक्ताहरूको पनि हित गर्दैन । शान्तिपूर्ण राजनीतिमा अवतरण गर्न तम्तयार माओवादीले उद्योग–व्यवसायीहरूका अप्ठ्यारा बुझेर व्यवहार गर्नुपर्छ ।

# अधः प्रभृति अवनताङ्गी तवास्मी दासः




**प्रिय सिन्धु,**

देशको सम्पूर्ण आन्तरिक पर्यावरण आजको शीर्षकको भावको प्रतिकूल भएकाले केही आत्म संवादपछि मैले महाकवि कालिदासको वाणी शीर्षक चुन्न नैतिक विवशताको अनुभव गरेको हुँ । शीर्षकको अर्थ हो : 'हे सुन्दरी, हे अवनताङ्गी ! आजदेखि म तिम्रो दास भएको छु ।' साउन-भदौभित्र मनाइने धेरै पुराणआधारित, पुराणप्रेरित प्रमुख पर्वहरू घटित हुने भएका छन् । प्रमुखतः शिव-पार्वतीको संयुक्त विम्बको अराधना, उपासना भएकाले मैले कालिदासरचित महाकाव्य 'कुमार सम्भव' को अति अर्थपूर्ण वाणी छानेको हुँ । सायद मेरो पहिलो शीर्षक होला, संस्कृत साहित्यबाट लिएको । देशका सबै नरनारी स्वामी-मालिक हुने तृष्णाबाट रुग्ण रूपले ग्रसित हुँदै गैरहेका बेला सामान्य मानवभीडको ज्ञात-अज्ञात स्वामी-वासनाबाट पीडित देखिएकाले म कालिदासको 'दास' शब्दबाट प्रभावित भएको छु । खाओवादीदेखि माओवादीसम्म सबै शक्तिको खोजीमा देखिन्छन् । प्रेमी-प्रेमिका, पति-पत्नी, चेतनतः-अचेतनतः स्वामित्वको तलासमा छन् । तीज, गौरा, गणेश चतुर्थी आदि सबै धार्मिक उत्सव शिव-पार्वतीकै पुनीत प्रतिभाको वरिपरि वर्तुल मार्छन् र अधिकांश भक्त-भक्तिनीहरू सोच्छन्– जति चमक र जोससित पंक्ति मिचेर अगाडि गएर पूजा गर्न सक्यो त्यति नै विशिष्ट हुन सकिन्छ, पछि पर्नेमाथि दयापूर्ण भएर दृष्टिपात गर्न सकिन्छ । विशष्टि हुन खोज्नु आफैंमा शक्ति आकांक्षा, स्वामित्व आकांक्षाको सँक्ष्म संकेत हो र स्वामी हुने, शक्ति प्रदर्शन गर्ने, शक्ति दुरुपयोग गर्ने इच्छा मूलतः एक रुग्ण इच्छा हो– हीन ग्रन्थिको परिचायक । राजनीतिकर्मी-गैरराजनीतिकर्मीहरूको विराट् जत्था शक्ति हत्याएर स्वामित्वको आनन्द लिने रेसमा अशोभनीय वेगले अहिले यो विधि प्रताडित, गरिब देशमा दौडिरहेको छ, आ-आफ्नै सैद्धान्तिक मादकताको चापमा ।

महकवि कालिदास भन्छन्– शिवलाई पतिका रूपमा पाउनका लागि हिमालयकी पुत्री पार्वती कठोर तपस्यामा तल्लीन छिन् । महादेव एक ब्राह्मणको भेष ग्रहण गर्नुहुन्छ पार्वतीको परीक्षा लिन । अन्ततः पार्वतीको कठोर तपव्रतबाट अत्यधिक प्रभावित भएर सम्बोधन गरेको पंक्ति हो– 'अद्यः प्रभृति अवनताङ्गी तवास्मी दासः, हे अवनताङ्गी ! आजदेखि म तिम्रो दास भएँ ।' यहाँनिर 'दास' शब्द अत्यन्त महनीय अभिप्राय लिएर आएको छ । भगवान् शंकरले प्रयोग गर्नुभएको छ । संसारभरिकै परम्परामा पुरुष स्वामी हुने चलन छ, स्त्री दासी वा अघोषित दासीतुल्य भएर जीवन बिताउने यथार्थ छ । सर्वशक्तिशाली भगवान् शिव आफूप्रति समर्पित लावण्यपूर्ण राजकुमारी पार्वतीको दास घोषित गर्नुहुन्छ आफैंलाई । 'अवनताङ्गी' यति सुन्दर, यति अर्थगर्भित व्यञ्जना छ कि त्यसको व्याख्या गर्न थाल्यो भने स्थानको अभाव हुन्छ । जब शिवजी पार्वतीलाई थरीथरीका प्रश्न गर्दै जिस्क्याइरहने एक वटुकबाट आफ्नो असली स्वरूपमा फर्कनुहुन्छ त्यस बेला पार्वतीको स्थिति शब्दातीत छ, अनिर्वचनीय हुन्छ कालिदासका लागि पनि । तैपनि आजसम्मको साहित्यिक इतिहासको सर्वाधिक सुन्दर उपमा आविष्कार गर्छन् : 'मार्गचल व्यति करालत एव सिन्धु । शैलाधिराध तनयाःन ययौ त तस्यौ ।' अचानक पर्वतबाट मैदानमा खसेको वेगवान् प्रपात (छहरा) जस्तै त्यो शिवको असली रूपको प्रकटीकरणको क्षण, पार्वतीको स्थिति थियो– न स्थिर नै हुन सक्ने, न अगाडि हिंड्न नै सक्ने । पार्वती पूर्ण नैसर्गिक सुषमामा थिइन्, केही झुकेको, लज्जापूर्ण मुद्रामा अवाक–अवनताङ्गी ।

सामान्यतः भनौं भने अर्ध सत्य मात्र होइन, पूरा असत्य नै हुनेछ : संसारका प्रेमी वा पतिहरू कहिलेकाहीं शंकर भगवान्को हृदयपूर्ण समर्पण देखाउँछन् भनौं भने । प्रेममा जो दास हुने क्षमता राख्छ वास्तविक विश्लेषणमा ऊ नै मालिक हुन्छ, स्वामी-स्वामिनी हुने योग्यता राख्छ । शिवपुराण मात्र होइन, कुनै पनि उच्चस्तरीय, गहन प्राचीन प्रणय सन्दर्भ हामीले पढेर उदात्तता र कल्पनाशील भएर समीक्षा गर्‍यौं भने नारीको स्थान पुरुषभन्दा माथि छ । तैपनि आफ्नै मौलिक मूलहरूको अज्ञानतामा तीजको नृत्य-गानमा वर्तमान युगकी महिलाहरू क्रान्तिगीतहरू गाइरहेको हुन्छन्– 'कति बस्छौ अब दासी भएर.... अब जाग्ने बेला आयो ..... ।' गाउँदा जाँगर राम्रो आउँछ तर मौलिक जीवन-दर्शन र अभ्यास बुझ्यौं भने आफैंमाथि हाँस्ने अवस्था आउँछ । मान्दछु कि इतिहासका वक्र मोडहरूमा विकृतिहरूको राशि सघन हुँदै गयो । नारीको प्राचीन गरिमामा स्खलन आउँदै गयो । एकतर्फी संकीर्णताबाट पीडित हुनुभन्दा बढी श्रेयष्कर हुन्थ्यो– प्राचीन आदर्शको स्मरण गरेर पुरुष जातिले गरेको अत्याचार एवं दुर्व्यवहारमाथि प्रहार गर्ने । स्मरण त हामी शिव-पार्वतीको गर्छौं तीज, गौरा र गणेश चतुर्थीका अवसरमा, तर त्यहाँ जीवन्त चेतनालाई व्रत यान्त्रिकताले पराजित गरेको हुन्छ ।

प्रिय ! यहाँ सबै स्वामी हुने दाउमा छन् । पुनरुक्त गर्न चाहन्छु, असली मालिक हुने कला त्यसैलाई आउँछ जो असली अर्थमा दास हुने कला जान्दछ । मालिक हुने विचार नै हिंसात्मक वृत्ति हो । सर्वशक्तिशाली भगवान् शंकर त आफ्नी प्रेमिकाको दास हुन सक्नुहुन्छ भने यहाँका दहीचिउरे पति र प्रेमीहरू, राजनीतिका खेलाडीहरू र अन्य क्षेत्रका नरनारीहरू मालिक हुन चाहन्छन्, शासक हुन चाहन्छन् । धेरै कुनै सिद्धान्तविना नै केही निश्चित राजनैतिक संकीर्णताका आधारमा हुन चाहन्छन् । प्रत्येक मताग्रही यही ठान्छ– आफूले शासन गर्न पायो भने देशको स्थिति सुध्रिन्छ, नत्रभने बर्बाद हुन्छ । मालिक हुन खोज्ने एक चलाख बहाना, रणनीति ।

प्रिय ! माया गर्नेहरूलाई, श्रद्धा गर्नेहरूलाई, प्रशंसा गर्नेहरूलाई उचित शब्दको अभावमा यदि प्रेमी-प्रेमिका भन्ने हो भने धेरै छन् यहाँ, यो हिमाली राज्यभित्र जो चाहन्छन् कि म उनीहरूलाई लिखित सम्बोधन गरूँ कुनै न कुनै बहानामा । एक-दुई साताअघिको कोषराज कथ्य भएको एक सानो लेखमा एक महत्त्वपूर्ण उदीयमान युवाकवि प्रह्लाद पोखरेलको नामको उल्लेख छुटेकोमा म केही चिन्तित भएको छु आफ्नो स्मृतिह्रासका सम्बन्धमा । मेरो एक प्यारो कवि, प्यारो मित्र हामी दुईबीचको उमेरको पर्दाफासका बाबजुद– लगभग तिमीजस्तै । फरक यति मात्र छ कि तिमी यौवनारूढ छौ, प्रह्लादले पहिले नै यौवन आरोहण गरिसकेको । तिमीसितको परिचयमा नँतनता छ, प्रह्लादसितको परिचयमा केही प्राचीनता छ । उनले गरेको सस्वर काव्य-पाठ सुन्यौ भने तिमी पनि मजस्तै मुग्ध हुनेछौ । मैले सबैभन्दा मन पराउने काव्य-गायकहरूमध्ये दुई जना प्रह्लाद पोखरेल र गोविन्द आचार्य हुन् । त्यसपछि सायद तिमी आउन सक्छौ– गद्यकविताको वाचन नै किन नहोस् । किनकि तिम्रो स्वरमाधुर्यका सम्बन्धमा मैले अनुमान गरिसकेको छु ।

डर लाग्छ, दास शब्दको मेरो व्याख्या तिम्रा लागि केही भारी पर्‍यो होला– बुझ्नमा र याचन गर्नमा । दासको अर्थ परम्परागत कृतदास अवश्य पनि होइन । प्रेमी वा प्रेमिकाप्रति परिपूर्ण हार्दिक समर्पण हो । जहाँ स्वेच्छाले समर्पणको घटना घट्छ त्यहाँ अकथनीय सौन्दर्यको उपस्थिति हुन्छ, जहाँ जबरजस्ती दासत्व वा समर्पणमाथि जोड दिइन्छ त्यहाँ अव्यक्तनीय कुरूपता उपस्थित हुन्छ । सम्राट् हिमालयकी पुत्री पार्वतीले स्वेच्छाले कठोर तप गरेकी थिइन् शिवलाई पतिका रूपमा वरण गर्नका लागि । त्यसैले त्यहाँ अनिर्वचनीय सौन्दर्य छ ।

## नीति-नियम



जो प्रिय वचन बोल्छन् र आफ्नो प्रिय मानिसको आदर, सत्कार गर्न उत्सुक रहन्छन्, त्यस्तो प्रशंसनीय चरित्र भएका मानिस मनुष्यको रूपमा देवता हुन् ।

तीनै लोक (स्वर्ग, मर्त्य पाताल) मा यस्तो वस्तु छैन जसलाई आफ्नो वशमा लिन नसकियोस्– जस्तो कि प्राणीहरूलाई दया र मैत्रीभाव राख्नु, दान दिनु तथा प्रिय वचन बोल्नु, यी तीनै चीजबाटै मानिसलाई आफ्नो वशमा लिन सकिन्छ ।

पराक्रम, बल, बुद्धि, र वीरता श्रेष्ठ गुण मानिन्छन् । यदि यी गुण नभएर अरू कुनै गुण वा धनवान् हुँदैमा कोही श्रेष्ठ हुन सक्दैनन् । यदि पराक्रमीहरूसँग ती चार गुण छैनन् भने तिनको आज्ञा कसैले मान्दैनन् । श्रेष्ठ चार गुणभन्दा अलग गुण भएकाहरूलाई साधारण रूपमा लिइन्छ ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## चि ठी प त्र



### गम्भीर चिन्ताको विषय

प्रायःजसो सोझा नेपाली केटीहरूलाई विदेशमा राम्रो काम लगाइदिने बहानामा विवाहको नाटक गरी भारतका सहरमा रहेका वेश्यालयहरूमा पुर्‍याइन्छ । दलालहरूका विभिन्न शक्तिकेन्द्रहरूमा पहुँच र अशिक्षा, अज्ञानता, सोझोपन एवं गरिबीका कारणले नेपाली चेलीहरूको बेचिने क्रम रोकिन सकिरहेको छैन ।

भारतमा गरिएको एक सर्वेक्षणअनुसार देहव्यापार गर्ने धेरैजसो केटीहरू २० वर्षभन्दा कम उमेरका रहेको पाइएको छ । बिक्री भएका केटीमध्ये ११ देखि १२ वर्षका केटीहरू नेपालबाट बिक्री भएको कुरा प्रकाशमा आइरहेका छन् । विभिन्न समयमा देश-विदेशका विभिन्न संघ-संस्थाहरूले गरेको अध्ययन अनुसन्धानअनुसार यौन व्यापारमा बढी मात्रामा ११ देखि १४ वर्ष उमेरका किशोरीहरू संलग्न भएको पुष्टि भएको छ । कम उमेरका किशोरीहरूमा एड्स रोग संक्रमण एकदमै कम हुन्छ भन्ने धारणाले गर्दा पनि हाल कलिला बालिकाहरूको माग बढेको देखिन्छ । हाल खाडी मुलुकमा पनि रोजगारीका लागि भन्दै देहव्यापार गर्न लाने दलालहरू सक्रिय छन् ।

विभिन्न प्रलोभन एवं दलालको जालमा परेका सबै महिला सजिलै देहव्यापारका लागि राजी हुँदैनन् र त्यस्ता महिलाहरूको चर्को मानसिक तथा शारीरिक यातना पनि पाइरहेका छन् । भारतका नरकजस्ता वेश्यालयबाट भाग्नेहरूका अनुसार देहव्यापार गर्न राजी नहुने महिलाहरूलाई मरणाशन्न हुने गरी पिट्ने, अमानवीय तवरबाट बलात्कार गर्न लगाउने, कैयौं दिन भोकै राख्ने गरिन्छ भने नशालु पदार्थको सेवन गराएर पनि वेश्यावृत्तिमा संलग्न गराइन्छ । एकातिर देहव्यापारमा लाग्नुपर्ने बाध्यता त छँदैछ अर्कातर्फ देहव्यापारमा संलग्न हुन पुगेका महिलाहरू विभिन्न रोगको सिकार भएका छन् । वर्षौंसम्म देहव्यापारमा संलग्न गराउनेहरूले रोगबाट संक्रमित भएपछि उक्त स्थानबाट गलहत्याएर निकालिदिएपछि ती महिलाहरू घरका न घाटका भएर समाजमा अपहेलित रूपमा घरपरिवारबाट हेपिएर बाँच्न विवश छन् ।

चेलिबेटी बेचबिखनसम्बन्धी हाम्रो देशको कानुन हदैसम्म कडा छ । हाम्रो मुलुकी एने ११ ले जीउ मास्ने-बेच्ने अन्तर्गत रहेका प्रावधानहरूलाई अझ प्रभावकारी गर्न २०४३ सालमा जीउ मास्ने-बेच्ने कार्य नियन्त्रण ऐनको छुट्टै व्यवस्था गरेको छ । उक्त ऐनको दफा ४ ले मानिसको बेचबिखन गर्ने उद्देश्यले विदेश लाने, चेलिबेटीलाई देहव्यापारमा लगाउने वा लगाउन सहयोग गर्नेलाई पनि जीउ मास्ने, बेच्ने कार्य गरेको मान्छ । उक्त ऐनको दफा ८ ले सजायको पनि व्यवस्था गरेको छ । जसअनुसार मानिस बेचबिखन गर्नेलाई १० वर्षदेखि २० वर्षसम्म कैद, बेचबिखन गर्ने उद्देश्यका साथ विदेश लैजानेलाई ५ देखि १० वर्षसम्म कैद, स्वास्नी मानिसलाई देहव्यापारमा लगाउनेलाई १० देखि १५ वर्षसम्म कैद हुने व्यवस्था छ र उनीहरूलाई सहयोग गर्नेलाई ५ वर्षसम्म कैद हुने व्यवस्था पनि छ ।

अघिल्ला वर्षहरूमा भन्दा हालका वर्षहरूमा चेलिबेटी बेचबिखनमा केही सुस्तता आएको पाइएको छ र यो सुस्तता दलालहरूको मनमा नेपाली चेलिहरूप्रति दया जागेर होइन कि केही सामाजिक संस्थाहरूको सक्रियताले गर्दा देखिएको हो यद्यपि यो सुस्ततालाई पनि सन्तोषजनक मान्न सकिंदैन ।

कडा कानुन, विभिन्न सञ्चार माध्यमहरूमा जनचेतनासम्बन्धी कार्यक्रम, विभिन्न सामाजिक संस्थाहरूको सक्रियतामा हुँदाहुँदै पनि चेलिबेटी बेचबिखन कार्य रोक्न नसक्नु सम्पूर्ण नेपालीहरूका लागि चिन्ताको विषय भएको छ ।

–रमिता पौडेल

### म व्यवस्थापक होइन

गत साता साप्ताहिकको पृष्ठ ५ मा संयुक्त राष्ट्रसंघले के गर्नुपर्छ ? भन्ने विषयमा मेरो विचार प्रकाशित गरिदिनुभएकोमा धन्यवाद । म साधारण नाट्यकर्मी भएको र म सर्वनाम नाट्य समूहको व्यवस्थापक नभै एक सदस्य मात्र भएको अवगत गराउन चाहन्छु ।

**बद्री खनाल**
**सदस्य, सर्वनाम नाट्य समूह**

## तीतो सत्य

- भ्रमपूर्ण सञ्जालले जति अरूलाई बाँध्न खोजिन्छ, त्यति आफैं जेलिन्छ ।

**राजकुमार विश्वकर्मा**

- अरूले गरेको गाली फर्काउनुभन्दा सहनु नै राम्रो ।
- एकैछिनको परिचयमा आफ्नो बानीका सम्बन्धमा कुरा गर्नु मूर्खता हो ।

**सुरेशप्रसाद मैनाली**

- समयभन्दा अघि र भाग्यमा लेखेको भन्दा धेरै कहिल्यै पाइँदैन ।
- माया कसैलाई दिनका लागि हो, अरूबाट खोज्न वा लिनका लागि होइन ।
- कहिल्यै रिस नउठ्ने मानिस मूर्ख हुन्छ भने रिसको प्रयोग नगर्ने मानिस बुद्धिमान हुन्छ ।
- माया जति दियो त्योभन्दा बढी प्राप्त गर्न सकिन्छ ।
- नराम्रो कार्यको परिणाम ढिलै भए पनि नराम्रै आउँछ ।
- सफल हुनेहरू कर्ममा विश्वास गर्छन् भने असफल हुनेहरू भाग्यमा ।

**ज्योति सुब्बा**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# रात्रिजीवनका किन्नरीहरू

पृष्ठ १ बाट जारी

जतिबेला उनले आफूजस्तो शारीरिक संरचना पुरुषको र चाहना महिलाको जस्तो भएको बुझिन् त्यसबेला संसारभरमै उनी मात्रै यस्तो भएको जस्तो लाग्थ्यो, लेडिज जिन्स पाइन्ट तथा टिसर्टमा महिला श्रृङ्गारका साथ प्रस्तुत भएकी भूमिका भन्छिन्- 'जमलको जक्सनले राहत दियो ।'



१६ वर्षको उमेरमा ब्लु डाइमन्ड सोसाइटीको सम्पर्कमा आएकी भूमिकाले त्यसै बेलादेखि महिलाका रूपमा सजिएर हिंड्न थालेको बताइन् । एक छोरी तथा दुई छोरामध्ये भूमिका परिवारका कान्छा छोरा हुन् । सानो छँदा घरमा कैलाश भनेर बोलाइने भूमिकाले सानै उमेरदेखि नै ममीसँग नजिक रहेर घरको काम गर्न रुचाउने गरेको बताइन् । उनले भनिन्- 'मलाई केटा-केटी सबैको शारीरिक संरचना एउटै हुन्छ जस्तो लाग्थ्यो । केटाले पनि केटीजस्तै गर्भ बोक्छन् भन्ने भ्रममा थिएँ ।' ११ वर्षको उमेरदेखि नै भूमिकाले केटा साथीसँग रात बिताउने गरेको बताइन् । त्यसबेला उनले केटा साथीसँग रात बिताएँ भन्दा ममीले त्यसलाई सामान्य रूपमा लिनुहुन्थ्यो । पछि उहाँले वास्तविकता थाहा पाउनुभयो । एक दिन केटासँगको संसर्गका क्रममा मलद्वारबाट रगत आएपछि घरमा ममीले थाहा पाएको भूमिकाले बताइन् । ठमेल आए पनि शारीरिक सम्बन्धलाई कहिल्यै महत्त्व नदिएको उनी बताउँछिन् । 'पकेट मनी हुन्थ्यो तर ढेड वर्ष भयो ठमेल गए पनि त्यो पेसा छोडिदिएँ' उनी भन्छिन्- 'केही मान्छेको दुर्व्यवहारका कारण शारीरिक पीडा हुने गरेकाले त्यो जीवनशैली मैले रुचाइनँ ।' राम्रो साथी खोजेर दाम्पत्य जीवनमा प्रवेश गर्न खोजिरहेकी भूमिकाले केही समयअघि मात्र पोखराका एक गुरुङ युवकको साथ पाएकी छिन् । जसलाई उनले घरमा ज्वाइँ भनेर चिनाएकी छिन् । एउटी महिलाले स्थायी घरजम गरेर जीवन बिताउन हुन्छ भने हामीले किन नहुने ? भूमिकाले प्रश्न गरिन् ।

नेपालमा अहिलेसम्म प्रायः तेस्रो लिङ्गीयहरूको दाम्पत्य जीवन सफल हुन सकेको देखिँदैन । दाम्पत्य जीवन बिताउने चाहनाले दुई-तीन जनासँग नजिक भए पनि त्यसले सफलता नपाएको २८ वर्षीया साइबा (रिया थापा क्षेत्री) बताउँछिन् । उनी अहिले ठमेललाई पार्ट टाइम जबका रूपमा लिन्छिन्, परिवारलाई आफ्नो स्थिति अवगत गराएको बताउने साइबा भन्छिन्- 'गोप्य रूपमा करिब एक दशकअघि देखि नै शारीरिक सम्पर्क भए पनि सार्वजनिक रूपमा सडकमा आएको दुई वर्ष भयो ।'

अन्य मानिससँग बोल्दा अनुहार रातो हुने, हिंड्दा शरीरमा लचकता देखिने, केटीले गर्ने काम गर्न इच्छा लाग्ने, केटीहरूसँग बसेर कुरा गरे पनि शारीरिक आकर्षणको भावना नआउने अनुभव तेस्रो लिङ्गीयहरूको छ । सानैदेखि महिला व्यवहार गर्न रुचाउने तर पहिचान भने पुरुषको हुँदा प्रायः तेस्रो लिङ्गीयहरू आफूलाई भगवान्ले किन यस्तो बनाएका होलान् जस्तो लाग्ने गरेको बताउँछन् । ठमेलको जीवनशैलीमा अभ्यस्त भएकाहरूलाई भने आफ्नो शरीरप्रति कुनै लघुताभास छैन । केटीजस्तो भावना भएर पनि केटी हुन नसक्नुको पीडा हृदयको कुनै कुनामा भए पनि जीवनलाई सही रूपमा चलाउन सफल भएको उनीहरू बताउँछन् । आयस्रोतका दृष्टिकोणले पनि उनीहरूको जीवनशैली कुनै सम्पन्न व्यक्तिको भन्दा कम छैन । अत्यन्तै सफा कोठा, आकर्षक अक्वारियम, ठूलो टेलिभिजन, मुलायम गलैंचाजस्ता सजावटका सामग्रीलाई सही रूपमा व्यवस्थापन गरिएको कोठामा बसेर गफिइरहँदा कला भन्दै थिइन्- हाम्रो पेसामा राम्रो आम्दानी पनि छ । तपाईंहरूले दैनिक जीवन सहज रूपमा बिताउन रोजगारी अपनाएजस्तै हामी पनि यसलाई रोजगारीकै दृष्टिकोणले हेर्छौं । हामी रात्रिजीवनमा व्यस्त हुन्छौं । हाम्रो जीवन पनि यसैमा अडेको छ ।' भौतिक रूपमा स्वर्गीय आनन्द पाइने कोठामा जीवन बिताइरहेका उनीहरू आफ्नो आम्दानी भने बताउन चाहँदैनन् तर पनि मासिक आय २० हजारभन्दा माथि हुने उनीहरूको जिकिर छ । तनि वर्षअघिसम्म मासिक आय १ लाखको हाराहारीमा पुग्ने गरेको कलाले बताइन् तर अहिले संख्या बढेकाले त्यसको एक तिहाई मात्र हुन्छ । एक पटकमा २ देखि ३ हजारसम्म लिने गरेको भए पनि सडकमा अहिले ५ सयको हाराहारीमै पनि मोलमोलाइ चलिरहेको हुन्छ ।

तेस्रो लिङ्गीयहरूको यो पेसामा पनि सिजनले असर पार्ने गरेको छ । हिउँदका रातहरू हाम्रा लागि राम्रो आयस्रोत हुन्, साइबाले भनिन्- वर्षा याममा सिजन अफ हुन्छ । पछिल्लो समयमा अस्थिर राजनीति तथा बेला न कुबेला हुने बन्दले पनि यो पेसालाई असर पार्ने गरेको छ । उनीहरूले प्रहरी दुर्व्यव्यवहारको सिकार पनि त्यत्तिकै हुनुपर्ने बाध्यता छ ।

तेस्रो लिङ्गीयहरू भेट हुने अर्को जक्सन हो- डान्स रेस्टुराँ तथा डिस्को थेकहरू । सामान्यतया महिलाजस्तै गरी नाच्न सक्ने भएकाले उनीहरूले डान्स रेस्टुराँमा नाच्ने काम पाउँछन् । कला आफू नै यसको उदाहरण भएको बताउँछिन् । सुरुका दिनमा रेस्टुराँमा नाचेकी कला भन्छिन्- 'मैले पहिलो ग्राहक पनि त्यहीं भेटेकी हुँ । डान्स गर्दा महिला जस्तो लागेर कतिले दुर्व्यव्यवहार पनि गरेका थिए ।'

एक छेउमा तेस्रो लिङ्गीयहरूको समूह छ अर्कातर्फ महिला यौनकर्मीहरू, रात्रिजीवनमा उनीहरूको साथ खोज्नेहरू आउँदा ती दुई समूहबीच झगडा पनि हुने गरेको छ । 'हाम्रा ग्राहकहरू उनीहरूले खोस्छन्', रात्रिजीवनमा आफूलाई कुनै बान्की परेकी केटीभन्दा कम देखाउन नचाहने चन्दा शाहले भनिन्- 'त्यस्तो समयमा उनीहरूको कपाल लुछ्न मन लाग्छ । कहिलेकाहीं लुछालुछ पनि हुन्छ । रातमा आउने ग्राहकहरू पनि तेस्रो लिङ्गीय वा महिला यौनकर्मी जसलाई भेटे पनि प्रयोग गर्ने भएकाले उनीहरूको विवाद बढ्ने गरेको हो । यो हामीलाई विस्थापन गर्ने उनीहरूको चाल हो, चन्दा भन्छिन्- रत्नपार्क, जमलमा उनीहरूले विस्थापन गरे पनि ठमेलमा त्यो सम्भव छैन ।

तेस्रो लिङ्गीयहरूका ग्राहक को हुन् नि ? प्रश्न सोध्नेबित्तिकै उनीहरू मुखामुख गर्न थाले । रातको समयमा भेटिएका थुप्रै नयाँ मानिसहरूबीच सम्बन्ध रहेका उनीहरूले फटाफट नचिताएका मानिसहरूको नाम उल्लेख गरे । देशका प्रतिष्ठित व्यापारी, कलाकार, लब्धप्रतिष्ठित भनिएका व्यक्तिको नाम उल्लेख गर्दाको त्यो क्षण आफैंमा विस्फोटक थियो । पत्याउनुभएन ? चन्दाले भनिन्- 'एक सातासम्म यसरी नै आउनुभयो भने आफैं स्पष्ट हुनुहुनेछ ।' कारबाट ओर्लिएका पात्रलाई इंगित गर्दै उनी हाँस्दै भन्छिन्- 'उनी जस्तै हुन्, ती पनि काठमाडौंका व्यापारीहरूमध्ये गणनायोग्य व्यक्ति हुन् । हाम्रो संगत कम आँक्नुहुन्छ तपाईं ?'

संवाददाताको जिज्ञासा शान्त पार्न लहरै बसेका उनीहरूलाई तपाईंहरूको शारीरिक बनावट कस्तो छ ? भन्ने प्रश्न गर्दा एकनिमेष वातावरण चकमन्न भयो, केटी नै होलाजस्ती लाग्ने मनीषातर्फ देखाउँदै चन्दाले भनिन्- 'उ त्यसलाई सोध्नुहोस् न ।' मनीषा केही समयअघि मात्रै भारत गएर स्तन विकाससम्बन्धी उपचार गराएर फर्किएकी हुन् । नभन्दै उपचारपछि उनको कडा शरीर अहिले नरम र स्तन पनि विकास भएको अवस्था छ । मनीषाले भनिन्- 'तर यो काम भनेजस्तो सजिलो रहेनछ, खर्चिलो यो उपचार गराउनेहरूले केही शारीरिक पीडा पनि सहनुपर्छ ।' कलाका अनुसार पछि साइड इफेक्ट हुने डर पनि त्यत्तिकै छ । स्तन विकासका निम्ति बजारमा विभिन्न फिमेल हार्मोन भएका मल्हम पाइने गरेको उनीहरूले बताए, तर अहिलेको शरीर भने तपाईंहरूको जस्तै नै हो, हाँस्दै भूमिकाले भनिन्- 'भावना मात्र फरक हो, तपाईं केटीप्रति आकर्षित हुनुहुन्छ तर हामी हुँदैनौं, हामी आफूलाई महिलाका रूपमा लिन्छौं ।'

## लोकतन्त्रमा ठाउँ चाहियो

**ठमेलको रात्रिजीवन क्रमशः चिसिंदै गएका बेला कफीको चुस्की लिंदै तमन्ना वान्तवाले भनिन्– 'अहिले संविधानसभा, संविधानसभा भनिरहेका छन् नि त्यसमा हाम्रो समस्या पनि समाधान हुनुपर्छ भनेर लेखिदिनुहोस् न ।' अहिलेको चर्चित शब्द समावेशी प्रजातन्त्रमा उनीहरूको मुद्दाले पनि ठाउँ पाउनुपर्ने उनको भनाइ थियो । मलाई राजनैतिक भाषा बोल्न त त्यति आउँदैन तर म हाम्रो समुदायको हकहितका लागि जे गर्न पनि तयार छु । समाजले नराम्रो दृष्टिकोण राखेर हेर्ने गरेको प्रति लक्षित गर्दै तमन्नाले भनिन्– 'छक्का, हिंजडाजस्ता शब्दद्वारा हामीलाई सम्बोधन गर्छन्, जुन हाम्रो परिचय होइन । हाम्रो परिचय तेस्रो लिङ्गीय हो, यसलाई समाजले स्वीकार गर्नुपर्छ ।' 'लोकतान्त्रिक भनिएको सरकारले हाम्रो मागलाई पनि सुन्नुपर्छ,' उनले थपिन्– 'हामी तेस्रो लिङ्गीयमा देखिन खोज्ने प्रतिनिधि पात्र हौं, यो समस्या हजारौंको संख्यामा छ भन्ने बुझ्नुपर्छ ।'**

## नागरिकता समस्या



**केटी मान्छेकै सजावटमा नागरिकता बनाउन पुगेकी भूमिका श्रेष्ठलाई देखेर जिल्ला प्रशासन कार्यालय काठमाडौंका कर्मचारीले किन आएको भनेर प्रश्न गरे । नागरिकता बनाउन, उनले बताइन् । जब उनको जन्म दर्ताको नाम कैलाश श्रेष्ठ हो भन्ने कुरा कर्मचारीहरूले थाहा पाए, त्यसपछि समस्या उत्पन्न भयो । त्यो बेलाको व्यवहार बिर्सन लायक छ, भूमिकाले भनिन्– 'त्यो गेटअपमा नागरिकता बनाउन नमिल्ने भएपछि जबर्जस्ती ढाकाटोपी लगाएर केटाकै नाममा नागरिकता तयार भयो ।' समस्या यहाँसम्म मात्र थिएन, उनी परिवारसहित जग्गा पास गर्न मालपोत कार्यालयमा पुग्दा फेरि समस्या आयो । हेर्दा केटीजस्तो, नागरिकता केटाको भएकाले काम नहुने कर्मचारीहरूको जिकिर थियो । केटाकै रूपमा उनले त्यो काम पनि गरिन् । 'म महिला हुँ, भनेर चिनाएपछि सरकारी कामकारबाही पनि सोही अनुरूप हुनुपर्छ', भूमिकाले भनिन्– 'खल्तीमा बोकेको परिचयपत्र केटाको, बाहिरी रूप र परिचय केटी जस्तो भएकाले मैले थुप्रै पटक सास्ती भोगिसकेकी छु ।'**

SLC - 2063
अन्तिम भर्ना
4801876, 2120697, 9841268409, 9841196095

Basic. Diploma. Advance
Beautician Teacher Training
Special Short
ITC

AIR HOSTESS & STEWARD TRAINING
Class Starts from 14 Sept. 2006
३० वर्ष उडान अनुभवी, दक्ष तथा वरिष्ठ प्रशिक्षकहरुद्वारा तालिम दिइने ।
Stationary & Swimming Free
9841208749 Tel: 5536057/5523082
Kupondole Bus Stop

Building Tomorrow's World Today.
- Over 80% Job placement for our BIM Graduates.
- Most Competitive Academic Results.
- Superior Faculties with Excellent Facilities.

Admission Open

BIM | BACHELOR OF INFORMATION MANAGEMENT
Professional 4-year IT degree with Management
(Outstanding results including semester toppers)

BBA | BACHELOR OF BUSINESS ADMINISTRATION
4-year career-oriented Management degree.

BBS | BACHELOR OF BUSINESS STUDIES
3-year career-oriented Management degree.

COMMITTED TO EXCELLENCE IN EDUCATION

FREE
- Cisco CCNA program 280 credit hours of online academic course
- Entrance Preparation Class From 11th August, 2006 onwards

FACILITIES
- Credit Transfer Facility
- Internships in superior organizations
- Superior Faculties
- Overall personality development programs
- Strong IT infrastructure and support & many more.

+2 MANAGEMENT / SCIENCE
Limited Seats available

Nepal's First IT-enabled College
PRIME COLLEGE
Affiliated to T.U. & H.S.E.B
Naya Bazar, Khusibu
Ph: 4360180, 4360182
Email:info@prime.edu.np

# धेरै विद्यार्थी धेरै कलेज

**साप्ताहिक समाचार**

काठमाडौं– 'शिक्षामा चरम व्यापारीकरण छ । महँगो खर्चकै कारण अध्ययन गर्न मन लागेको विषयमा जान सकिँदैन भने कम खर्चिला भनिएका विषयको बजारमा महत्त्व छैन ।' बीबीएस अध्ययन गर्ने तयारीमा रहेका विराटनगरका आशिष भट्टराईले भने–'व्यवस्थापन संकायमा व्यावहारिक तथा प्रयोगात्मक शैलीको अध्यापन प्रारम्भ भए पनि मध्यम तथा निम्न मध्यम वर्गका परिवारले यसमा पहुँच राख्न सकिरहेका छैनन् ।' आशिषले व्यवस्थापनका बीबीए, बीसीआईएस, बीसीए, बीआईएम, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्मजस्ता विषयप्रति लक्षित गर्दै भने– 'यी विषय सामान्यभन्दा केही महँगा छन् ।'

अहिले स्नातक तहमा भर्ना हुनका लागि विद्यार्थीहरू विभिन्न क्याम्पस एवं विषयका सम्बन्धमा जानकारी लिइरहेका छन् । स्नातक तहमा कुल विद्यार्थीको ५५ प्रतिशत व्यवस्थापन संकायमा अध्ययन गर्छन् । यसकारण व्यवस्थापन अध्यापन हुने कलेजको संख्या पनि अन्यको तुलनामा धेरै नै छन् । 'व्यवस्थापन संकाय बजारमुखी विषय भएकाले विद्यार्थीको चाहना यो संकायमा बढी छ,' ग्लोबल कलेज अफ म्यानेजमेन्टका शैक्षिक निर्देशक सुरेन्द्र पनेरु भन्छन्- 'रोजगारीका दृष्टिकोणले पनि यो संकाय सफल मानिन्छ ।' व्यवस्थापन संकायअन्तर्गत त्रिभुवन विश्वविद्यालयले पुरानो बीकम पाठ्यक्रमलाई बीबीएसमा रूपान्तर गरेर अध्यापन गराउँदै आएको छ, तर पछिल्लो एक दशकमा विश्वविद्यालय थपिने क्रमसँगै व्यवस्थापन संकायभित्र पनि थुप्रै विषयका विशिष्टीकरण पाठ्यक्रम आएका छन् । त्रिभुवन, काठमाडौं, पोखरा, पूर्वाञ्चल विश्वविद्यालयले ल्याएका यस प्रकारका 'स्पेसलाइजेसन कोर्स' को अध्ययनपछि रोजगारको ग्यारेन्टी हुने भएकाले पनि विद्यार्थी यस्ता विषयमा आकर्षित हुने गरेका छन् । व्यवस्थापन संकायअन्तर्गत स्नातक तहमा सबैभन्दा बढी आकर्षणको विषय बिजनेश एडमिनेस्ट्रेसन (बीबीए) हो । मुलुकभित्रका चारवटै विश्वविद्यालयले बीबीए पाठ्यक्रममा अध्यापनका लागि सम्बन्धन दिनुले पनि बीबीएप्रतिको आकर्षण प्रस्ट पार्छ ।

साधारणतया प्लस टु वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भएपछि अभिभावकहरूले पनि छोराछोरीलाई आफैं निर्णय गरेर उच्च शिक्षाको बाटो तय गरून् भन्ने चाहना राख्छन्, पिनाकल कलेज लगनखेलमा बीबीएस भर्नाका लागि आएका सागर सिलवालले आफ्नै निर्णयबमोजिम बीबीएस पढ्ने योजना बनाएको कुरा बताउँदै भने– 'चार्टड एकाउन्टेन्ट गर्ने लक्ष्य भएकाले बीबीएस रोजेको हो । राम्रो कलेज र शैक्षिक वातावरण पाए स्नातक तह अध्ययनका लागि विदेश जानु पर्दैन । स्नातक पूरा गरेर मात्र विदेश जाने निर्णय गरेको छु ।' 'गुणस्तरीय शिक्षामा जोड दिँदै आएका छौं,' पिनाकल कलेजका प्रिन्सिपल ऋषि तिवारी भन्छन्- 'भर्ना हुने तयारीमा रहेका विद्यार्थीले राम्रो कलेज छनौट गर्न सक्नुपर्छ ।'

पछिल्ला वर्षमा मुलुकभित्रै व्यवस्थापन संकायअन्तर्गत नयाँ विषयहरूले प्रवेश पाएका । त्यति मात्र होइन, अध्यापन गराउने स्तरीय शैक्षिक संस्था पनि मुलुकभित्रै छन् तर पनि विदेश जाने विद्यार्थीको संख्या बढिरहेको छ । नबुझेर अध्ययनका लागि विदेश जाने एउटा समूह छ भने अर्को सानैदेखिको आकर्षणलाई पूरा गर्न जाने समूह छ । विदेश गएर अध्ययन गर्दा लाग्ने खर्चको दस प्रतिशतमै यहीं सो कोर्स गर्न सकिने

पृष्ठ ७ मा जारी



**विभिन्न संकायअन्तर्गत स्नातक तहमा अध्यापन हुने विषयहरू**

**विज्ञान तथा प्रविधि संकायअन्तर्गत जनरल साइन्स बीएस्सी (फिजिक्स, बायोलोजी), माइक्रोबायोलोजी, बायोकेमेस्ट्री, बायोटेक्नोलोजी, इन्भाइरोमेन्ट साइन्स, एग्रीकल्चर, फुड साइन्स, इनभाइरोमेन्ट म्यानेजमेन्ट, बायो इन्जिनियरिङ, कम्प्युटर साइन्स, ह्युमन बायोलोजी, ज्यामितीय तथा भू-स्रोत व्यवस्थापन, डेरी टेक्नोलोजी, मिट टेक्नोलोजीजस्ता विषयमा अध्ययन गर्न पाइन्छ । मेडिकलमा एमबीबीएस, अप्थाल्मोलोजी, पब्लिक हेल्थ, फार्मेसी, नर्सिङ, फिजियोथेरापी, ल्याब, बायो मेडिकल, भेटेरिनरी साइन्स एन्ड एनिमल हजबेन्ड्रीजस्ता विषय छन् भने इन्जिनियरिङमा सिभिल, मेकानिकल, आर्किटेक्चर, कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, इन्फरमेसन टेक्नोलोजी छन् । यसैगरी व्यवस्थापन संकायमा बीबीएस, बीबीए, बीसीआईएस, चार्टड एकाउन्टेन्ट, हेल्थ केयर म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइन, हस्पिटालिटी एन्ड क्याटरिङ तथा इन्टेरियर डिजाइन, कम्प्युटर एप्लिकेसन, कम्प्युटर इन्फरमेसन सिस्टम, बैंकिङ तथा इन्स्योरेन्सजस्ता विषयमा स्नातक तहको अध्यापन हुन्छ । यसैगरी मानविकी संकायअन्तर्गत समाजशास्त्र, मानवशास्त्र, ग्रामीण विकास, विकास योजना, अर्थशास्त्र, भाषा, विकास शास्त्र, राजनीति शास्त्र, जनसंख्या, आमसञ्चार तथा पत्रकारिता, मिडिया टेक्नोलोजी, लिवरल आर्टस एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्क, पिस एन्ड कन्फिलक्ट, संगीत, ह्युमन एन्ड नेचरल स्टडिज, जनसंख्या तथा लैंगिक विकासजस्ता विषयमा स्नातक गर्न सकिन्छ ।**

## अवसर

-काठमाडौंस्थित एक मिडियाका लागि स्नातक तह उत्तीर्ण एक जना अफिस इन्चार्ज, दुई जना संवाददाता, दुई जना कम्प्युटर अपरेटर, दुई जना मार्केटिङ एक्जुकेटिभ, प्रमाणपत्र तह उत्तीर्ण एक जना रिसेप्सनिस्ट तथा एसएलसी उत्तीर्ण एक जना अफिस असिस्टेन्सको आवश्यकता छ । इच्छुक व्यक्तिले मिडियाको फोन नम्बर ४७८३३१४ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक एफएम मिडियाका लागि केही दक्ष उद्घोषकको आवश्यकता छ । इच्छुक व्यक्तिले फोन नम्बर २००३०९८ मा सम्पर्क राख्नुहोला ।

- काठमाडौंस्थित एक संस्थाका लागि २ जना अफिस इञ्चार्ज, २ जना सहायक लेखापाल, ३ जना सुपरभाइजर, २ जना कम्प्युटर अपरेटर, ३ जना सिएमए/सिएचडब्लु/एएनएम, ३ जना अफिस हेल्पर, ३ जना रिसेप्सनिष्ट, ६ जना कुक तथा १० जना वेटर/कुक/हेल्परको आवश्यकता छ । इच्छुक व्यक्तिले संस्थाको फोन नम्बर ४४९६३८१ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक कम्पनीका लागि साइकल चलाउन जान्ने २ जना साधारण लेखपढ गरेका कर्मचारीको आवश्यकता छ । इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर ४२१२१३६ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक विद्यालयको माध्यमिक तहका लागि एचपिई टिचरको आवश्यकता छ । योग्य व्यक्तिले विद्यालयको फोन ४२३२३४३ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक मिडिया प्रालिलाई एक जना महिला ग्राफिक डिजाइनर तथा एक जना रिसेप्सनिष्ट महिलाको आवश्यकता छ । योग्य व्यक्तिले प्रा.लि.को फोन नम्बर ४७८२४०४ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक गैरसरकारी संस्थाका लागि रिसर्च कोअर्डिनेटरको आवश्यकता छ । समुदायमा रहेर स्वास्थ्य क्षेत्रमा काम गर्न सक्ने समाजशास्त्रमा स्नातकोत्तर तथा अनुभवी व्यक्तिले १२ सेप्टेम्बरभित्र आइपुग्ने गरी पोष्ट बक्स ८९७४ काठमाडौंमा व्यक्तिगत विवरणसहित आवेदन दिनुहोला ।

-तानसेनस्थित एक नर्सिङ स्कुलका लागि एक जना भाइस प्रिन्सिपल तथा दुई जना असिस्टेन्ट लेक्चररको आवश्यकता छ । सम्बन्धित क्षेत्रमा योग्य व्यक्तिले नर्सिङ स्कुलको फोन नम्बर ०७१-५२०१६६ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक फर्मास्युटिकल्स डिस्ट्रिब्युटर प्रालिका लागि ४ जना बिजनेस डेभलपमेन्ट अफिसरको आवश्यकता छ । बायो साइन्समा स्नातक तह उत्तीर्ण व्यक्तिले पोस्ट बक्स नम्बर १५७८ काठमाडौंमा व्यक्तिगत विवरणसहित आवेदन दिनुहोला ।

-काठमाडौंस्थित जापानिज सफ्टवेयर कम्पनीका लागि २ जना अनुभवी प्रोग्रामर्स र २ जना बिना अनुभवका प्रोगामर्सको आवश्यकता छ, सम्बन्धित क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिले कम्पनीको पोष्ट बक्स नम्बर १४१०४ मा आवेदन दिनुहोला ।

-काठमाडौंस्थित एक व्यापारिक घरानाका लागि ७ जना सेल्स गर्ल्स, २ जना रिसेप्सनिष्टको आवश्यकता छ । कमर्स पृष्ठभूमि भएका महिलाहरूले पोष्ट बक्स नम्बर ३२३२ मा आवेदन दिनुहोला ।

-धुलिखेलस्थित काठमाडौं युनिभर्सिटी हाइस्कुलका लागि एक दक्ष एवं अनुभवी प्रिन्सिपलको आवश्यकता छ । १० वर्ष शिक्षण पेशा र ५ वर्ष प्रिन्सिपलको अनुभव भएर विज्ञान, अंग्रेजी र शिक्षा कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण व्यक्तिले जिपिओ बक्स नम्बर ५२९ बनेपामा आवेदन दिनुहोला ।


Admission Open

Our achievements
Year 2005 (BBA): 100% Result
Year 2006: TU Board Topper (BBA, 1st. Sem.)
Year 2006: 100% Result (BBA 3rd Sem.)

Eligibility: +2, PCL or equivalent
Internal CMAT Exam: 25 & 30 Bhadra, 2063
Commencement of Classes: 1st. Aswin, 2063

BBS
100% FREE
Admission Fee for 1st. 50 students
Distinction Holder (75% or above in +2 or PCL level)
more details........
Modern Nepal College
(Affiliated to TU)
Bagbazar(near Putalisadak Chowk), Kathmandu
Tel: 2020052, 4240028, 4252289



ADMISSION OPEN
For BBS
Fee Structure
Admission Fee - Rs. 3,000/-
Monthly Fee - Rs. 950/-
or
Rs. 14,000/- Per year on Installment basis
Forms are being distributed
For details :
SHUBHASHREE COLLEGE
Gangaun, [illegible], Kathmandu,
[illegible]
e-mail: shubhashree_col@yahoo.com
We are committed for the excellent results





Shepherd College of Media Technology
(Affiliated to Purbanchal university)
Admission OPEN
B.M.T
Bachelors in Media Technology
Eligibility: PCL or +2 (Any Stream)
100% credit transfer
100% job opportunity
Career in media was never so bright as it is today
Join shepherd for: wide scope and opportunity
SHEPHERD COLLEGE Of Media Technology
More information:
Lampokhari, Chabahil, Kathmandu
Tel: 4484555/4479152
E-mail: info@shepherd.edu.np,
website: www.shepherd.edu.np



प्राईभेट टेष्ट SLC - २०६३
१००% ग्यारेन्टीका साथ अन्तिम भर्ना
SLC, Test वा कक्षा ९ फेल भै निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
सुवर्ण अवसर
माध्यम : नेपाली, अंग्रेजी दुवै
समय : विहान, दिउसो र बेलुका
साथै होस्टेलको पनि राम्रो व्यवस्था छ ।
❖ कक्षा ९ र १० को दुई वर्षको Course एकै वर्षमा Complete गराईने ।
❖ अत्यन्त योग्य र अनुभवि शिक्षक, शिक्षिकाद्वारा अध्यापन गराईने ।
❖ विगतका वर्षहरुमा उत्कृष्ट Result ल्याउन सफल ।
❖ विद्यार्थीको बुझ्ने क्षमताको आधारमा पढाईने ।
SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्रपुलिस क्लव ठिक पछाडी
फोन: ४२४६३९७

# धेरै विद्यार्थी धेरै कलेज

पृष्ठ ६ बाट जारी

अवस्थामा पनि विद्यार्थीहरू विदेश नै जाने चाहना राख्छन्, जसका कारण अर्बौं रुपैयाँ बिदेसिरहेको छ तर स्तरीय कलेज एवं पाठ्यक्रमका बारेमा राम्रोसँग बुझाएमा विदेश जाने मोह तोड्न सकिने एपेक्स कलेजका प्रिन्सिपल भानु शर्मा बताउँछन् ।

व्यवस्थापन पढ्ने विद्यार्थीको संख्या मात्र धेरै होइन, कलेजको संख्या पनि त्यत्तिकै छ । स्नातक तहमा बीबीएस अध्यापन गराउँदै आएको शुभश्री कलेजका प्रिन्सिपल दीपक भण्डारीका अनुसार स्नातक अध्ययनका लागि विदेश जाने क्रम बढेको छ, तर आफ्नै देशमा कम शुल्कमै राम्रो शिक्षा पाइन्छ भने विदेश जान आवश्यक छैन । भण्डारी भन्छन्- 'शुभश्री कलेजले मध्यमवर्गीय परिवारलाई लक्षित गरी शुल्क निर्धारण गरेको छ ।' 'विदेशी विश्वविद्यालयको तुलनामा यहाँको शैक्षिक स्तर कम छैन,' एपेक्सका प्रिन्सिपल शर्मा भन्छन्- 'कुन कलेजले कसरी अध्यापन गराउँछ भन्ने विद्यार्थीले बुझ्नुपर्छ । आज एपेक्सको उत्पादन बजारमा सजिलै खपत हुनुमा व्यावहारिक पद्धतिको अध्यापन कारक भएको उनले जिकिर गरे । राम्रो शिक्षा पाएका विद्यार्थीले उच्च शिक्षाका लागि सजिलै वैदेशिक अध्ययनमा जान सक्ने उनको कथन थियो । नयाँ विषय एवं व्यावहारिक अध्ययनमा जोड दिने एपेक्समा बीबीए, बीबीए इन बैंकिङ तथा इन्स्युरेन्स, ब्याचलर अफ कम्प्युटर इन्फरमेसन सिस्टम (बीसीआईएस), ब्याचलर अफ कम्प्युटर इन्जिनियरिङ, ब्याचलर अफ इलेक्ट्रोनिक्स कम्युनिकेसन इन्जिनियरिङमा अध्यापन गराइन्छ । यसैगरी त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीआईएम, बीबीए तथा बीबीएसका कक्षा सञ्चालन गरिरहेको प्राइम कलेजका प्रिन्सिपल नरेश श्रेष्ठका अनुसार विद्यार्थीले केही वर्ष स्वदेशमै शिक्षा हासिल गरेर क्रेडिट ट्रान्सफरमा विदेश जाने मौका पाउने हुँदा हतारिएर प्लस टु सक्नेबित्तिकै विदेश जाने योजना बनाउनु आवश्यक छैन । उनले भने– 'विद्यार्थीले क्रेडिट ट्रान्सफरको सुविधा भएका कलेज बुझ्नु राम्रो हुन्छ ।'



*नेसनल ओपन कलेज सानेपाबाट यसै वर्ष आमसञ्चार तथा पत्रकारितामा प्लस टु सकेका विद्यार्थीहरू सुजित अधिकारी, सञ्जिता थापा, उमा थापा तथा संगीता कटुवाल स्नातक तहका लागि कुन कलेज छनौट गर्ने भन्ने असमञ्जसमा छन् । उनीहरूले एकै स्वरमा भने- 'त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजको पाठ्यक्रम परम्परागत शैलीमै छ भने अन्य विश्वविद्यालयमा पाठ्यक्रम के कस्तो छ भन्ने नै थाहा छैन । अन्य विश्वविद्यालयको शुल्क पनि अवश्य महँगै होला । पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत सेफर्ड कलेजले 'मिडिया टेक्नोलोजी' अध्यापन गराउँछ रे, त्यो कस्तो छ ? उनीहरूले प्रतिप्रश्न गरे । यो प्रश्नलाई समाधान गर्न साप्ताहिकले सेफर्ड कलेजका प्रिन्सिपल नरेन्द्र पालसँग सम्पर्क राख्दा उनले भने- 'मिडियाको क्षेत्रमा भैरहेको विकासलाई हेरेर आधुनिक एवं व्यावहारिक शैलीको पाठ्यक्रम निर्माण गरेका छौं जसअन्तर्गत टेलिभिजन, रेडियो तथा छापा माध्यममा विकसित प्रविधिसँग सुहाउँदो शिक्षा प्रदान गर्ने हाम्रो उद्देश्य हो । मिडिया हाउस, मिडिया अर्गनाईजेसन तथा रिपोर्टिङका सम्बन्धमा सैद्धान्तिक अध्ययन गराउनुका अतिरिक्त कम्प्युटर प्रविधिहरू मल्टिमिडिया, एनिमेसन, ग्राफिक्ससम्बन्धी पनि ज्ञान दिने गरेको पालले बताए । कलेजले विश्वका ५० औं राम्रा विश्वविद्यालयले अध्यापन गराउँदै आएको पाठ्यक्रमको सूक्ष्म अध्ययन गरेर नयाँ शैलीमा व्यावहारिक पाठ्यक्रम तयार गरेको पनि प्रिन्सिपल पालले बताए ।*

एउटै संकायमा मात्र अध्यापन गराउने कलेजहरूले सम्बन्धित संकायमा विद्यार्थीलाई राम्रो शिक्षा प्रदान गर्न सक्ने कलेज अफ बिजनेस म्यानेजमेन्ट (सीबीएम) का प्रिन्सिपल रामहरि सिलवाल बताउँछन् । त्यसैले यो कलेजले पनि व्यवस्थापन संकाय मात्र सञ्चालन गरेको छ । बीबीएस अध्यापन गराउने उक्त कलेजले सीमित विद्यार्थी लिएर स्तरीय शिक्षा प्रदान गरेको सिलवालले बताए । आवश्यकभन्दा धेरै सम्बन्धन दिएकै कारण बीबीएसको स्तर खस्किएको भन्ने हो, बीबीएस शिक्षा पनि आधुनिक भएकाले अध्यापन शैली राम्रो भएमा यो विषय अध्ययन गर्ने विद्यार्थीले राम्रो क्यारियर निर्माण गर्न सक्छन् । सिलवाल भन्छन्– बीबीएमा पनि यसैगरी सम्बन्धन दिएमा यसको पनि आकर्षण घट्नेछ । मोर्डन नेपाल कलेजका प्रिन्सिपल प्रो. सत्यनारायण श्रेष्ठका अनुसार बीबीएसले मध्यम जनशक्ति विशेषज्ञ जन्माउने र बीबीएले व्यवस्थापक जन्माउने भएकाले यी दुई कोर्स आफैंमा फरक छन् । बीबीएस र बीबीए दुवै पाठ्यक्रममा अध्यापन गराउँदै आएको यो कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धन लिएको छ । इन्टेनसिभ कलेजले पनि स्नातक तहमा बीए तथा बीबीएसमा अध्यापन गराउँदै आएको छ । स्तरीय अध्यापन एवं उच्च शैक्षिक वातावरणलाई महत्त्व दिने कलेजको मुख्य विशेशता भनेकै शिक्षकहरू नै व्यवस्थापक हुनु हो, प्रिन्सिपल विराट् आचार्यका अनुसार आफैं व्यवस्थापक भएपछि विद्यार्थीका समस्याप्रति कलेज संवेदनशील हुन्छ ।

एसभी एकेडेमीका प्रिन्सिपल नरेन्द्र राजभण्डारीका अनुसार बीबीएसको पाठ्यक्रममा समयानुकूल सुधारको आवश्यकता भैसकेको छ, तर यसतर्फ ध्यान दिइएको छैन । यो कलेजले बीबीएस तथा बीएमा विद्यार्थी भर्ना लिन्छ । 'रोजगारका दृष्टिकोणले व्यवस्थापन संकाय लोकप्रिय छ,' राजभण्डारी भन्छन्- 'वर्तमान बजारमुखी संरचनामा व्यवस्थापन अध्ययन गर्नेले जता पनि मौका पाउँछ । त्यसैले जनरल म्यानेजमेन्टको अध्ययनमा बीबीएस राम्रो छ ।'

'परम्परागत विषयभन्दा विश्वबजारमा खपत हुन सक्ने विषयमा विद्यार्थीको आकर्षण छ ।' कान्तिपुर होटल म्यानेजमेन्ट र इन्टेरियर डिजाइन कलेजका प्रिन्सिपल प्रताप भन्छन्- 'अहिले होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, इन्टेरियर डिजाइनजस्ता विषयमा आकर्षण बढेको थाहा पाएर कलेजले यी विषयलाई प्राथमिकता दिएको हो । पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन लिएको यो कलेजले नेपालमै एउटै मात्र इन्टेरियर डिजाइनको स्नातक कक्षा चलाइरहेको बताएको छ । यसैगरी इन्टरनेसनल स्कुल अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेजले पनि ब्याचलर अफ होटल म्यानेजमेन्ट एन्ड स्कुल अफ टुरिज्म विषय अध्यापन गराउँदै आएको छ । साल्जबर्ग युनिभर्सिटी अफ एप्लाईड साइन्स अस्ट्रियाको सम्बन्धनमा यो कलेजले विदेशी विश्वविद्यालयको पाठ्यक्रम नेपालमै कम शुल्कमा अध्ययन सुविधा उपलब्ध गराएको दाबी पनि गरेको छ ।

नयाँ विषयको आकर्षण धेरै हुन्छ भन्ने आधार 'हेल्थ केयर म्यानेजमेन्ट' लाई लिन सकिन्छ । पोखरा विश्वविद्यालयको सम्बन्धनमा नेसनल ओपन कलेज सानेपामा मात्र अध्यापन हुने यो विषय यो वर्षदेखि नोबल कलेजले पनि अध्यापन गराउने भएको छ । अव्यवस्थित रूपमा सञ्चालित अस्पताललाई दक्ष व्यवस्थापक प्रदान गर्ने हेल्थ केयर म्यानेजमेन्टको अध्ययन नेपालमा अत्यन्त आवश्यक भएको नेसनल ओपन कलेजका प्रिन्सिपल इ. शीतलकुमार कार्की बताउँछन् । प्लस टुमा म्यानेजमेन्ट तथा साइन्स अध्ययन गरेका विद्यार्थीले यो विषय अध्ययन गर्न सक्छन् ।

नयाँ विषयको पाठ्यक्रममा सम्बन्धन लिने कलेजहरूको अग्रपंक्तिमा नेसनल कलेज बालुवाटार पनि पर्छ । काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा उक्त कलेजले 'ब्याचलर इन डेभलपमेन्ट स्टडिज' मा अध्यापन गराउँदै आएको छ । कलेजका प्रिन्सिपल माधवप्रसाद न्यौपानेका अनुसार विकास योजनाका क्षेत्रमा यो विषयका दक्षहरूले राम्रो भूमिका खेल्न सक्छन् । बैंकिङ तथा बिमा क्षेत्रलाई लक्षित गरी कलेजले यसै वर्षदेखि ब्याचलर इन डेभलपमेन्ट फाइनान्स कार्यक्रम पनि सञ्चालन गर्ने भएको छ ।










# एमबीबीएसको अध्ययन

**संगीता कटुवाल**

काठमाडौं– एसएलसीमा प्रथम श्रेणीदेखि बोर्डको स्थानसम्म आउन सफल विद्यार्थी तथा आमाबाबु सबैको पहिलो इच्छा हुन्छ– डाक्टर पढ्ने-पढाउने। यद्यपि यसलाई यथार्थमा परिणत गर्ने, गराउने काम आफ्नै ठाउँमा छ। यस्तै इच्छा पूरा गर्न उच्च शिक्षाका निम्ति धेरैको छनौटको विषय बन्छ– विज्ञान। त्यसमा पनि प्रवीणता प्रमाणपत्र तह वा प्लस टुमा जीवविज्ञान अध्ययन गर्नेहरूलाई एमबीबीएसको प्रवेश परीक्षामा आफ्नो नाम निकाल्नु सबैभन्दा ठूलो सपना हुन्छ। प्राविधिक शिक्षाको सूचीमा पहिलो नम्बरमा आउने भएकाले विद्यार्थीहरू एमबीबीएसतर्फ आकर्षित हुँदै गएको इन्स्टिच्युट अफ मेडिकल एजुकेसनका प्रमुख डा. रोशनकुमार झा बताउँछन्।

डा. झाका अनुसार दक्षिण अफ्रिकी तथा दक्षिण एसियाली मुलुकमा नेपालमा उत्पादन भएका चिकित्सकहरूको माग बढ्दै गएकाले पनि एमबीबीएसको अध्ययन लोकप्रिय हुँदै गएको हो। महाराजगन्ज क्याम्पसबाट हालसम्म उत्पादन भएका ७ सय ५० डाक्टरमध्ये १ सय ५० पनि नेपालमा नहुनु यसको उदाहरण हो। पढाइ सकेर अनुभव बटुल्ने क्रमसँगै चिकित्सकहरू वैदेशिक यात्राका बारेमा सोच्न थाल्छन्। एमएलई तथा प्लेबजस्ता वैदेशिक रोजगारका निम्ति लिइने परीक्षा दिएर हरेक वर्ष नेपालमा उत्पादित ३ सय देखि ४ सय चिकित्सकमध्ये २ सय त वैदेशिक रोजगारीमा जाने गरेको डा. झा बताउँछन्।

उत्पादन जति भए पनि नेपालमै पनि सक्षम चिकित्सकलाई काम गर्न कुनै गाह्रो हुँदैन। '५ वर्षसम्मका लागि उत्पादन भएका डाक्टर त सरकारी स्तरमै खपत हुन्छन्। नेपालमा जनसंख्या वृद्धिदर ठूलो मात्रामा देखिएकाले विगत ४ वर्षदेखि उत्पादित चिकित्सकहरूले पनि माग अनुरूपको कार्य गर्न सकिरहेका छैनन्।

संसारभर बिक्ने पेसा त्यसमा पनि जिम्मेवारीसँगै समाजसेवा एवं मानवताको भावना उजागर गर्न सकिने भएकाले चिकित्साशास्त्रको अध्ययन उत्कृष्ट भएको नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार श्रीकृष्ण गिरी बताउँछन्। नेपालमा त्रिभुवन विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालय अन्तर्गत सञ्चालित मेडिकल कलेजहरूको स्तर निर्धारण गर्ने, चिकित्सकहरूलाई अनुमतिपत्र प्रदान गर्ने एवं अनैतिक क्रियाकलाप गरेबापत दण्डित गर्ने अभिभारा नेपाल मेडिकल काउन्सिलले बोकेको छ। काउन्सिलमा सन् १९६५ मा दर्ता भएअनुसार नेपालका पहिलो चिकित्सक विष्णुप्रसाद रिजाल हुन्। जसले सन् १९६१ मा भारतको लखनउको केजी मेडिकल कलेजबाट एमबीबीएस उत्तीर्ण गरेका थिए। यसैगरी काउन्सिलको दर्ताअनुसार नेपालमा पहिलो मेडिकल अध्ययन गराउने संस्था महाराजगन्ज क्याम्पस हो जुन १९७२ मा स्थापना भएको हो। नेपालमा हालसम्म सात हजारभन्दा बढी चिकित्सक उत्पादन भए पनि त्यसको ३० प्रतिशतजति वैदेशिक रोजगारीमा छन्। नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरूको संख्या मात्र छ हजार



पुग्न लागिसकेको छ। बेलायत, अमेरिका तथा अन्य युरोपियन मुलुकमा रोजगारीका साथै उच्च शिक्षा अध्ययन गर्ने सुविधा पनि उपलब्ध हुने भएकाले चिकित्सकहरू विदेशिएको रजिष्ट्रार गिरी बताउँछन्।

एमबीबीएसको कोर्स साढे पाँच वर्षको हुन्छ। जसमा साढे चार वर्षको अध्ययन र एक वर्ष प्रशिक्षार्थी भएर कार्य गर्नुपर्छ। नेपालमा अहिले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा पाँचवटा तथा काठमाडौं विश्वविद्यालयको सम्बन्धनमा छवटा कलेजले एमबीबीएसको पाठयक्रम अध्यापन गराउँछन्। यसैगरी बी.पी.के.आई.एस.एच. धरानले पनि अध्यापन गराउँछ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतको महाराजगन्ज क्याम्पसमा अध्ययनका लागि आइएस्सी वा प्लस टुमा जीव विज्ञानलाई मुख्य विषय बनाई ५० प्रतिशत अंक ल्याउनुपर्छ। यसैगरी धरानको बी.पी.के.आई.एस.एच. मा अध्ययनका लागि जीवविज्ञान, रसायनशास्त्र, भौतिक शास्त्र तथा अंग्रेजीमा ५० प्रतिशत अंक प्राप्त गरकै हुनुपर्छ। शिक्षा मन्त्रालय अन्तर्गत अध्ययनका लागि कम्तीमा पनि आइएस्सी वा प्लस टुमा ६० प्रतिशत अंक प्राप्त गर्नुपर्छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कलेजको प्रवेश परीक्षा भदौको अन्तिमतिर इन्स्टिच्युट अफ मेडिसिनले लिन्छ भने काठमाडौं विश्वविद्यालय अन्तर्गतको प्रवेश परीक्षा साउनको बीचतिर लिइन्छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजहरूमा भर्नाका लागि प्रवेश परीक्षा सम्पूर्णरूपमा राम्रो हुनु आवश्यक छ। त्रिभुवन विश्वविद्यालयको प्रवेश परीक्षामा ३ घन्टाको समयमा १ सय ५० वटा प्रश्न हल गर्नुपर्छ। जसमा स्वास्थ्य, विज्ञान तथा अंग्रेजीमा ५० प्रतिशत कट्नै पर्छ। काठमाडौं विश्वविद्यालयको प्रवेश परीक्षा तीन घन्टाको हुन्छ जसमा दुई सय प्रश्न हल गर्नुपर्छ। भर्नाका लागि साइन्समा १ सय ५०, स्वास्थ्य तथा अंग्रेजीमा गरी ५० प्रतिशत अंक ल्याउनुपर्छ। बी.पी.के.आई.एस.एच. को ३ घन्टाको प्रवेश परीक्षामा १ सय ५० प्रश्न हल गर्नुपर्छ। काठमाडौं विश्वविद्यालयमा प्रवेश परीक्षाका आधारमा विद्यार्थीलाई क, ख र ग ग्राह्यतामा राखिन्छ। जसमा 'क' ग्राह्यतालाई पहिलो प्राथमिकता दिइन्छ।

त्रिभुवन विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालयको आ-आफ्नै किसिमको पाठक्रम एवं परीक्षा प्रणाली छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कलेजहरूको मेजर माइनर पोष्टिङ एकै पटक हुन्छ र परीक्षाको भार पनि एकै पटक हुन्छ तर काठमाडौं विश्वविद्यालयले पहिले माइनर अनि क्रमशः मेजर पोष्टिङ गर्छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कलेजहरूमा एक महिनामा घरदैलो कार्यक्रम र तीन महिनाको जिल्ला स्वास्थ्य व्यवस्थापन प्रणाली अन्तर्गतको कार्यक्षेत्र हुन्छ, जुन काठमाडौं विश्वविद्यालयमा हुँदैन। महाराजगन्ज क्याम्पसबाट हरेक वर्ष ४२ जना छनौट गरिन्छ जसमा १ सिट स्टाफ कोटा छुट्याइएको छ। यसैगरी जानकी मेडिकल कलेज तथा नेसनल मेडिकल कलेजमा ६० सिटको व्यवस्था छ, जसमा ६ सिट शिक्षा मन्त्रालयलाई छुट्याइएको छ। युनिभर्सल मेडिकल कलेजले २० सिट शिक्षा मन्त्रालयलाई छुट्याउँदै १ सय सिटको व्यवस्था गरेको छ भने पिपल्स डेन्टल कलेजले ४ सिट शिक्षा मन्त्रालयलाई छुट्याएर ४० सिटको व्यवस्था गरेको छ।

यसैगरी काठमाडौं विश्वविद्यालय अन्तर्गतका काठमाडौं युनिर्भसिटी मेडिकल कलेज बाहेक अन्य ५ वटा कलेजमा १ सय सिटमा भर्ना लिइन्छ। जसमा मणिपाल मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेसमा २० सिट तथा अन्य तीन कलेजले १० सिट शिक्षा मन्त्रालयलाई उपलब्ध गराउँछन्। काठमाडौं युर्निभसिटी मेडिकल कलेजमा ६० सिटको व्यवस्था छ जसमा ६ सिट शिक्षा मन्त्रालयलाई उपलब्ध गराउनुपर्छ।

यसैगरी धरानको बी.पी.के.आई.एस.एच. मेडिकल क्याम्पसमा १ सय सिट उपलब्ध छ, जसमा १६ सिट (पूर्णअनुदान) मा १ महिला २ दलित, ४ दुर्गम, २५ आंशिक अनुदान, २५ स्टाफकोटा, ६ भारतीय कोटा जसमा ३ पूर्ण अनुदान तथा ३ आंशिक अनुदानको व्यवस्था छ।

एक जना विद्यार्थीले महाराजगन्ज क्याम्पस, बी.पी.के.आई.एस.एच. र शिक्षा मन्त्रालयको दुईवटा गरी वर्षमा ४ वटा प्रवेश परीक्षा दिन सक्छन्। प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन गर्ने राम्रो इन्स्टिच्युटमार्फत मोडल प्रश्नपत्रका आधारमा निर्देशन अनुसार केन्द्रित रही अध्ययन गरे भर्ना पाउन गाह्रो छैन। त्यसमा पनि आधारभूत ज्ञान हासिल गरेका व्यक्तिलाई खासै गाह्रो नहुने जनकारहरू बताउँछन्।

एम.बि.बी.एस. अध्ययनका क्रममा पहिलो र दोस्रो वर्षमा आधारभूत मेडिकल साइन्स जसअन्तर्गत साइकोलोजी, माइक्रोबायोलोजी, बायोकेमेस्ट्रीजस्ता विषय अध्यापन हुन्छ भन्ने तेस्रोदेखि अन्तिम वर्षसम्म उपचारात्मक विषय जस्तै- रेडियोलोजी, डरम्यालोटोलोजी, ईएनटी (नाक, कान, घाँटी) जस्ता विषयको अध्यापन गराइए पनि सामुदायिक मेडिसिन प्रथमदेखि अन्तिम वर्षसम्म अध्यापन गराइन्छ।

महाराजगन्ज क्याम्पसमा न्यूनतम २० हजार रुपैयाँमा एमबीबीएस पूरा गर्न सकिन्छ भने पूर्ण अनुदानमा अध्ययन गर्दा ४ देखि ५ लाख खर्च लाग्छ भने आंशिक अनुदानमा १५ देखि २२ लाख खर्च लाग्छ, तर त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अन्य कलेजमा १२ देखि १८ लाखसम्म लाग्छ। शिक्षा मन्त्रालयअन्तर्गत अध्ययन गर्ने विद्यार्थीलाई विश्वविद्यालयमा दर्ता परीक्षा शुल्क बाहेक अन्य शुल्क लाग्दैन। काठमाडौं विशवविद्यालय अन्तर्गतका कलेजहरूमा अध्ययन गर्न १५ देखि २० लाखसम्म लाग्छ। यसैगरी पौडी पोखरीबिना पौडीको अभ्यास सम्भव नभए जस्तै एमबीबीएसको अध्ययनका लागि राम्रो अस्पताल मात्रै नभई त्यहाँको पूर्वाधार तथा बिरामीको चाप पनि धेरै हुनुपर्ने डा. झा बताउँछन्। डा. झाका अनुसार राम्रो डाक्टर बन्नका लागि किताबी ज्ञानभन्दा पनि बिरामीसँग भिजेको हुनुपर्छ। 'चाइना र केही अन्य मुलुकका भन्दा यहाँका मेडिकल कलेजहरू राम्रा छन्।' डा. झा भन्छन्– 'त्यसमा पनि आफ्नै देशमा सुलभ शुल्कमा पढेपछि यहाँको स्वास्थ्य समस्यादेखि यहाँमात्र देखिने विभिन्न रोग लगायत विभिन्न पक्षसँग अवगत हुन पाइने तथा प्राक्टिकल कोर्स (इन्ट्रन्सिप) मा बिरामीसँग कुनै भाषागत समस्या पनि नहुने भएकाले नेपालको शिक्षा बढी लाभदायक हुन्छ।' यद्यपि अहिले एमबीबीएस गर्न वर्षेनी ३ सयदेखि ५ सय विद्यार्थी ७ देखि १५ लाखसम्मको खर्चमा चीन गैरहेका छन्।

एमबीबीएस गरेर एक वर्ष कार्य गरेको अनुभवका आधारमा एम.डी. तथा एम.एस. जस्ता पूर्वस्नातकोत्तर (पी.जी.) कोर्स गर्न सकिन्छ। जसमध्ये एम.डी. ३ वर्षे कोर्स हो भने एम.एस. चार वर्षे हो। नेपालमा काठमाडौं विश्वविद्यालय अन्तर्गत एम.डी. तथा एम.एस. को अध्ययन नभए पनि बी.पी.के.आइ.एस.एच. मा यसपालि १ सय सिटमा अध्यापन गराउने योजना छ। यसमा पनि पूर्ण अनुदान १६, आंशिक अनुदानमा १६, महिला १, दुर्गम ३, स्टाफ कोटा १ र बाँकी अन्य सार्क कोटाका रूपमा छुट्याइएको छ।

नेपालमा एक दर्जनभन्दा बढी इन्स्टिच्युटले एमबीबीएस अध्ययनका निम्ति परामर्श दिन्छन्। जुन इन्स्टिच्युटले एमबीबीएस नसकुन्जेलसम्म विद्यार्थीको जिम्मा लिन्छन्। यसले गर्दा विद्यार्थीहरू ठगिने सम्भावना पनि कम हुन्छ। यस्ता इन्स्टिच्युटहरूमा नेम, के.एस.एम.टी., अल्फा बिटा इन्स्टिच्युट, आइ.एम.इ., एम्स नेपाल, सचदेवा आदि प्रमुख छन्। यस्ता काउन्सिलहरूले प्रतिविद्यार्थी ७० देखि ८० हजार रुपैयाँ लिने गरेका छन्। क्याम्पस रजिस्ट्रेसन, परामर्शलगायत भिसा लाग्नुअघिसम्मका सबै काम त्यही रकमबाटै गरिने परामर्शदाताहरू बताउँछन्। नेपालमा गुणस्तरीय मेडिकल कलेज धेरै भए पनि अध्यापन गराउन एम.डी. नै पूरा गर्नुपर्ने भएकाले यहाँ अझै पनि दक्ष जनशक्तिको अभाव छ।

### त्रिभुवन विश्वविद्यालयअन्तर्गत एमबीबीएस अध्यापन गराउने संस्थाहरू

| | |
|---|---|
| महाराजगन्ज क्याम्पस | महाराजगन्ज |
| जानकी मेडिकल कलेज | जनकपुरधाम |
| युनिभर्सल मेडिकल कलेज | भैरहवा |
| नेसनल मेडिकल कलेज | नेपालगन्ज |
| पिपुल्स डेन्टल कलेज | काठमाडौं |

### काठमाडौं विश्वविद्यालयअन्तर्गत एमबीबीएस अध्यापन गराउने संस्थाहरू

| | |
|---|---|
| मणिपाल मेडिकल कलेज | पोखरा |
| लर्ड बुद्ध मेडिकल कलेज | नेपालगन्ज |
| काठमाडौं मेडिकल कलेज | सिनामंगल |
| नेपाल मेडिकल कलेज | जोरपाटी |
| कलेज अफ मेडिकल साइन्स | भरतपुर |
| काठमाडौं युनिभर्सिटी मेडिकल कलेज | धुलिखेल |


एभरेष्ट इन्जिनियरिङ्ग कलेज

नयाँ भर्ना सम्बन्धी सूचना

BE Computer, BE Electronics & Communication

कुल भर्ना संख्या

BE Computer : 49
BE Electronics & Communication : 48
जम्मा : 96
: 20

Upto 100% Scholarships

On the Spot Entrance & Admission

एभरेष्ट इन्जिनियरीङ्ग कलेज

साप्ताहिक
शुक्रबार, भदौ २३, २०६३

# खल्लो मिस टिन



**साप्ताहिक समाचार**

काठमाडौं– प्रमुख निर्णायक दिवाकर राजकर्णिकारले निर्णायक प्रश्न सोधे– 'मानिसको जीवनमा शिक्षा, स्वास्थ्य र धनमध्ये सबैभन्दा महत्त्वपूर्ण कुरा कुन हो ?' उत्कृष्ट सात प्रतिस्पर्धीमध्ये पाँचले शिक्षालाई महत्त्व दिए भने दुई जनाले स्वास्थ्यलाई । तीमध्ये १६ वर्षीया प्रतिस्पर्धी खुस्बु ओलीले जवाफ दिइन्– 'शिक्षाले सन्तुष्टि दिन्छ, जो जीवनमा स्वास्थ्य र धनका लागि साँचो हो ।' कार्यक्रममा पहिलेदेखि नै आफूलाई अलग रूपमा प्रस्तुत गर्दै आएकी ओलीको यही जवाफ सर्वोत्कृष्ट सावित भयो । त्यही जवाफले नै उनलाई २४ जना प्रतिस्पर्धीमध्येबाट सर्वोत्तम बनायो र उनले 'मिस टिन नेपाल-२००६' को ताज जितिन् । गत साता राजधानीको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा काठमाडौं जेसिसद्वारा आयोजित यो वर्षको मिस टिन नेपाल आयोजकहरूले निकै दबाब सहनुपर्‍यो । अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले प्रारम्भमा यस्ता सौन्दर्य प्रतियोगिता नै हुन नदिने बताए पनि मिस टिन नेपाललाई भने अन्तिम क्षणमा क्षमता र संस्कृतिको प्रदर्शन मात्र गर्ने शर्तमा स्वीकृति दिइएको थियो । सर्तअनुरूप यस पटक अन्तिम समयमा आएर केही विधागत उपाधि प्रतियोगिताबाट हटाइए, जसमा मिस फोटोजेनिक, बेस्ट कस्ट्युम, बेस्ट स्माइल, मिस फ्रेन्डसिप आदि थिए ।

कार्यक्रमको प्रारम्भमा गाउन लगाएर सबै प्रतिस्पर्धी मञ्चमा देखिए । उनीहरूले कार्यक्रममा सामूहिक नृत्य प्रस्तुत गरे । त्यसपछि उनीहरूले आ-आफ्ना डिजाइनका पहिरन प्रदर्शनी गरे । उक्त प्रदर्शनीमा उत्कृष्ट हुनेले 'बेस्ट कस्ट्युम' को विधागत उपाधि पाउँथ्यो । मुख्य उपाधि विजेता खुस्बु ओलीले राष्ट्रिय झन्डाको पछ्यौरी बनाएर लालीगुराँस कुँदिएको पहिरन लगाएकी थिइन् । सम्भवतः दबाबमा गर्नुपरेकाले पनि होला, यसपटक कार्यक्रमको व्यवस्थापन पक्ष कमजोर रहेको अनुभव सबैले गरे । कार्यक्रमको बीचमा प्रस्तुत गरिने मनोरञ्जनात्मक गतिविधिमा पनि खासै रौनक देखिएनन् । प्रतियोगितामा स्वेच्छा अधिकारी फस्ट रनरअप तथा समृद्धि राई सेकेन्ड रनरअप भएका थिए ।



# शिक्षा, सहयोग र मनोरञ्जनको त्रिवेणी



फेसन डिजाइनिङसम्बन्धी तीन वर्षको अध्ययनबाट सिकेको सैद्धान्तिक एवं व्याहारिक ज्ञानका आधारमा तयार पारिएका आफ्ना सिर्जनाहरू दर्शकमाझ प्रस्तुत गर्न पाउँदा नमुना कलेज अफ फेसन टेक्नोलोजीका बी.एफ.डी. कोर्स दोस्रो ब्याचका १६ जना विद्यार्थी प्रसन्न देखिन्थे । कतिपय विद्यार्थीले आफ्नो सिर्जनालाई आफैले र्‍याम्पमा प्रस्तुत गरेका थिए भने केहीले मोडलमार्फत् त केहीले आफ्नै जुनियर विद्यार्थी मार्फत् । गत शनिबार राजधानीको याक एन्ड यती होटलमा फ्लेम अफ इनोभेसन शीर्षकमा विद्यार्थीहरूद्वारा प्रस्तुत फेसन सन्ध्यालाई सातवटा सिक्वेन्समा समेटिएको थियो । ६० को दशकमा प्रचलित कट्स तथा प्लिट्स, पोल्का डट, स्ट्राइप जस्ता प्रिन्टहरूसँगै पेस्टल कलरको प्रयोगमा तयार पारिएका पहिरनहरूको प्रस्तुतिसँगै आरम्भ भएको उक्त फेसन सन्ध्यामा स्प्रे प्रिन्ट, ब्लक प्रिन्ट, हाइ एन्ड डाइ जस्ता विभिन्न प्रिन्ट तथा पेन्ट प्रयोग भएका पहिरनदेखि लिएर राष्ट्रियता उजागर गर्ने सिर्जनाहरू पनि प्रस्तुत भए जहाँ स्कर्ट, कोट-पाइन्ट, पोन्चोको बेग्लै आकर्षण थियो भने परम्परा र परिमार्जन शीर्षकमा विभिन्न जनजाति झल्काउने परम्परागत पहिरन तथा तिनको परिमार्जित स्वरूपको कम्बिनेसनले कार्यक्रमलाई अझ रोचक बनाएको थियो । आकर्षक नृत्य एवं गायक अनुप पौडलका सुमधुर गीतहरूले संगीतमय बनेको कार्यक्रमलाई मिस नेपाल सुगरिका केसी, टेलिभिजनकर्मी रोजिन शाक्य तथा कलेजकै छात्रा प्रनिधि तुलाधरको संयुक्त उद्घोषणले गति प्रदान गरेका थिए । बाजुरा जिल्लाका बालबालिकाको शिक्षा, स्वास्थ्य र जीवनस्तर विकासमा सक्रिय 'गिफ्ट' नामक संस्थामार्फत् सहयोग जुटाउने उद्देश्यसमेत राखेको फ्लेम अफ इनोभेसनको अन्तिम प्रस्तुतिको शीर्षक 'सिर्जनशीलता' थियो । जसअन्तर्गत विद्यार्थीहरूले आफ्नो कल्पनाशक्तिलाई भरपूर प्रयोग गरेको देखिन्थ्यो । मकै तथा विभिन्न गेडा-गुडीको प्रयोगबाट प्याटर्न, प्लास्टिक र जुटको कम्बिनेसन, फूलहरूको प्रयोगबाट स्टाइपलेस गाउन, अल्मुनियम फाइलको प्रयोगबाट टेक्नोलोजी झल्काउने सिर्जना आदि उक्त सिक्वेन्समा प्रस्तुत भएका थिए । शिक्षा, सहयोग एवं मनोरञ्जनको संयोजनमा सम्पन्न फ्लेम अफ इनोभेसन पूर्व-मिस नेपाल श्वेता सिंहको कोरियोग्राफीले सिंगारिएको थियो ।





# कलिउड चर्चा

## निखिलको गायन

चलचित्र 'हामी तीन भाइ'का लागि नायक निखिल उप्रेतीले नायकद्वय राजेश हमाल तथा श्रीकृष्ण श्रेष्ठसँगै एउटा गीतमा स्वर दिएका थिए। स्टुडियोमा चलचित्रको डबिङका लागि गर्न मात्रै माइक्रोफोन समातेका नायक उप्रेतीले उक्त



गीतका लागि संगीतको तालमा स्वर दिनुपर्‍यो। सायद त्यसैले उनलाई गाउने नसा नै लाग्यो। आफ्नी श्रीमतीको स्वरमा निकट भविष्यमा बजारमा आउन लागेको एल्बममा निखिलले पनि एउटा स्वर दिएका छन्। सुरेश अधिकारीको संगीतमा उनले गाउने गीत आधुनिक एवं मिठासपूर्ण छ। अब हेर्नु छ, निखिलको स्वरमा पो कत्ति मिठास छ ?

## दिलीपको विग

आमाको देहान्तपछि कपाल खौरिएका नायक दिलीप रायमाझीलाई अनुबन्ध गरेका दुई निर्माता सुनील कुमार श्रेष्ठ तथा जयप्रकाश रिजाल आफ्ना चलचित्रहरू क्रमशः 'तकदीर' र 'भरोसा'मा दिलीपको चिण्डे टाउको देखाउनुपर्ने पो हो कि भन्ने चिन्तामा थिए, यद्यपि दिलीप आफ्ना निर्माताहरूलाई दुःख दिन चाहँदैनथे। आमाको काजक्रिया सकिनेबित्तिकै उनले आफ्नो हेयर स्टाइलबमोजिमको नक्कली कपाल (विग) बनाउन दिए। चलचित्र 'तकदीर'मा दिलीपको दुईवटा रूप देख्न पाइन्छ। एउटामा उनी निकै छोटो केशमा पागलको भूमिकामा देखिन्छन् भने अर्कोमा उनी विग लगाएका चकलेटी नायकका रूपमा प्रस्तुत हुन्छन्। बरु केश नआउन्जेल उनले आफ्नै लगानी रहेको चलचित्र 'हामी साथी भाइ'को छायाँङ्कन मिति भने सार्दै गए। अरूको चलचित्रमा चाहिँ विग ? कत्ति बाठा !

## रेजिना आउट अर्पणा इन



हलिउड तथा बलिउडका सञ्चार माध्यममा नयाँ-नयाँ चलचित्रबाट नायक-नायिकाहरू निकालिएका खबरहरू प्रकाशनमा आइरहन्छन्, अनि त्यस्ता खबरका शीर्षक हुन्छन्– .....इन...आउट। नेपाली चलचित्र क्षेत्रमा भने यस्ता खबरहरू विरलै प्रकाशित हुन्छन्, तर यसपटक एउटा यस्तै खबर आएको छ। प्रसंग चलचित्र 'चोर-सिपाही' को हो। करिब तीन साताअघि साप्ताहिकलाई अन्तर्वार्ता दिँदै नायिका रेजिना उप्रेतीले आफ्ना आगामी चलचित्रका बारेमा उल्लेख गरेकी थिइन्, जसमा उनको चलचित्र 'चोर-सिपाही' पनि उल्लेख थियो। यो चलचित्रका निर्माता-निर्देशक सोभित बस्नेत भएकाले रेजिना आफू उक्त चलचित्रमा नायिका हुने कुरामा ढुक्क थिइन्, तर भद्रकालीमा सम्पन्न चलचित्रको शुभमुहूर्त समारोहमा सोही चलचित्रकी मुख्य नायिका भनिएकी रेजिनालाई कतै देखिएन। मुहूर्त समारोहकै क्रममा चलचित्रका निर्देशक बस्नेतले चलचित्रमा अभिनय गर्ने मुख्य कलाकारको नाम उद्घोष गरे, तर त्यसमा पनि रेजिनाको नाम कतै सुनिएन। बाध्य भएर पत्रकारहरूले निर्देशक बस्नेतसँग जिज्ञासा राखे– यो चलचित्रमा रेजिना छैनन् ? उनले रेजिनाको स्थानमा नयाँ नायिका अर्पणालाई लिइएको जानकारी दिए। अर्थात् उनको भनाइको अर्थ थियो– 'यो चलचित्रबाट रेजिना आउट, अर्पणा इन।' तर सोभितले रेजिनालाई चलचित्रमा किन लिएनन् भन्ने विषयमा थप जानकारी भने दिएनन्। रेजिना हाल बेलायतमा भएकाले उनको प्रतिक्रिया लिन सकिएन।

## सिनर्स इन हेवन



साप्ताहिक समाचार

काठमाडौं– रातको दस बजिसकेको थियो। हालै पुनः सञ्चालनमा आएको होटल याक एन्ड यतीको हलमा युवायुवतीहरू नाच्न तम्तयार थिए। भारतको दिल्लीबाट आएका डिजे ज्याजी जो सबैलाई नचाउने मुडमा थिए, उनको डिजेइङको जादु चल्न थाल्यो। एकपछि अर्को गर्दै मानिसहरू डान्स फ्लोरमा पुग्न थाले। एकैछिनमा डान्सफ्लोर भरियो। शुक्रबारको रात "गुड फ्राइ डे" मनाउने र रातभरि नाच्ने विचार अधिकांशको थियो। भारतीय डिजे पनि रातभरि डिजेइङ गर्न चाहन्थे। त्यसैले उनी सकेसम्म नचाउने संगीत घन्काइरहेका थिए। युवायुवतीहरू पनि "अनलिमिटेड ड्रिंक्स"को मादमा मस्त भएर यसरी नाचिरहेका थिए मानौं उनीहरू कुनै नृत्य प्रतियोगितामा भाग लिइरहेका छन्। डान्स फ्लोरमा मानिसहरूलाई नचाएर वातावरण तताउने योजना आयोजक होटल याक एन्ड यती र प्रायोजक टुबोर्ग बियरको थियो र उनीहरूको योजना सफल पनि भयो। धेरैपछि मज्जाले नाच्न पाएकोमा उपस्थित सबै खुसी देखिन्थे।

## सिर्जनाको स्टन्ट

रेखा थापाले आफ्नै लगानीमा बनेको चलचित्र 'हिम्मत'मा खुट्टामा डोरी बाँधेर भोटेकोसीमा बन्जी जम्प गरिन्, यता नायिका सिर्जना बस्नेतले भने हाल निर्माण भैरहेको चलचित्र 'गाउँले गंगाराम'मा सीधै पचास फिट माथिबाट फाल हालिन्। नेपाली चलचित्रमा एक्सन र स्टन्ट बढ्न थालेको अवस्थामा नायकहरूले झैं नायिकाहरूमा पनि त्यस्ता दृश्य नदिए पछाडि परिन्छ कि भन्ने डर बढ्न थालेको छ। सायद त्यसैले 'देउता', 'गोठालो' जस्ता चलचित्रमा सामान्य नायिकाको भूमिकामा देखिएकी नायिका बस्नेतले पनि निर्देशक सुरेन्द्र शाहको उक्त चलचित्रमा नायकहरूले झैं एक्सन गरेकी छिन्। सृजनाले चोभारको हिमाल सिमेन्टको ढुंगा खानीमा ढुंगा निकालेर बनेको खाल्डोमा जमेको पानीमा पचास फिट माथिबाट बिना कुनै सहारा फाल हालेकी थिइन्। लहै, नायिकाहरूले नाच्न जानेर मात्र भएन, स्टन्टको प्रशिक्षण पनि लिनुपर्‍यो, नत्र काम नपाइएला।



## धर्मवीर कि कृष्ण अर्जुन ?

असीको दशकमा बलिउडमा सफलता पाएको चलचित्र 'धर्मवीर'मा नायकद्वय धर्मेन्द्र तथा जितेन्द्रले घोडा चढ्दै चलचित्रको शीर्षगीत गाएका छन्– 'तोडे से भाइ टुटेना ये धर्मवीरकी जोडी..'। कलिउडकर्मीको सोचाइ बलिउडकर्मीहरूको भन्दा दुई दशक पछाडि रहेछ। यो कुराको पुष्टि हालै उपत्यकाबाहिर सार्वजनिक भएको चलचित्र 'कृष्ण अर्जुन'बाट भयो। केही वर्षअघि उक्त चलचित्रका निर्माता चिरञ्जीवी बस्नेतले सफल हिन्दी चलचित्र 'अनाडी'को गीत र कथा जस्ताको तस्तै चोरेर नेपाली चलचित्र 'चोर' बनाएका थिए। 'कृष्ण अर्जुन' पनि बस्नेतले नै बनाएका हुन्। 'कृष्ण अर्जुन'मा उनले संगीतकार महेश खड्कालाई हिन्दी चलचित्र 'धर्मवीर'को त्यही गीतको हुबहु नक्कल गर्न लगाएका छन्। चलचित्रको पर्दामा घोडा त छँदैछ। नायकद्वय राजेश हमाल र निखिल उप्रेतीले जितेन्द्र र धर्मेन्द्रकै शैलीमा त्यो गीतमा अभिनय गरेका छन्। हरे नक्कल गर्नु नै पर्ने भए, संगीतकारको के काम ? हिन्दी गीतको ट्र्याकमा नेपाली स्वर भरे त भैहाल्थ्यो नि।



# केवल एक प्रश्न



**तपाईंले अहिलेसम्म सबैभन्दा उट्पट्याङ काम के गर्नुभएको छ ?**

'ओहो ! कुरै नगरौं। १३ वर्षजतिको थिएँ। होली आउन अझै तीन-चार दिन बाँकी थियो। हाम्रो टोलमा एउटी युवती पूरै सेतो कुर्था-सुरुवालमा सजिएर कतै जाँदै थिइन्। मेरो हातमा रङ्गीन पानी भरिएका लोलाहरू थिए। उनको सेतो पहिरन रंगीन बनाउन मन लाग्यो। नजिकै गएर लोला हिर्काएँ। लुगा बिग्रिएपछि उनी रिसाउँदै मलाई लखेट्न थालिन्। उनले धेरै बेर लखेटिन्। म पनि लुक्दै, भाग्दै थिएँ। त्यो दिन उनले मलाई भेटेको भए नमज्जाले पिटाइ खान्थें होला, धन्न भेटिनन्। त्यसपछि डरले तीन-चार दिनसम्म घरबाट बाहिरै निस्कन सकिनँ।'

**–प्रमोद निर्वाण (गायक)**

जहिले पनि उट्पटचाङ नै गरिरहन्छु। कुनचाहिँ भनूँ ? एकछिन है....। अँ.., कक्षा ११ मा पढ्दा जाँचको बेलामा दुई पटक स्कुल बंक गरेर घुम्न गएको थिएँ। रिजल्ट आउँदा म फेल हुन्छु भन्ने पक्का थियो। त्यसपछि बुबाले गाली गर्नुहुन्छ भन्ने पनि थाहा थियो। त्यसैले रिजल्ट आउने दिन मैले अघिल्लो राति नै घरबाट भाग्ने प्लान गरें र ब्यागमा आफ्नो सामान कोच्न थालें। साथीहरूले थाहा पाएर बुवालाई भनिदिएछन् र उहाँले रोक्नुभयो।

**–अरुणिमा लामा (मोडल)**

दस वर्ष जतिअघि बनारसको गुरुकुलमा अध्ययन गर्न बस्दा गुरुजीलाई नसोधी कतै जान मिल्दैनथ्यो। एकपटक म केही मित्रको साथमा उहाँलाई नसोधी गंगा स्नान गर्न गएको थिएँ, झन्डै डुबेको ! गंगा नदीको पानी टन्न खाइएछ, धन्य ! नावीकहरूले बचाए। फर्किएपछि गुरुजीले निकै बेर गाली गर्नुभयो।

**–पं. वासुदेवकृष्ण शास्त्री (ज्योतिष)**

खैरेनीस्थित घरमा निकै उट्पटचाङ काम गरें। १३ वर्षको थिएँ। गणेश चतुर्थीको रात चन्द्रमा हेरेपछि चोरी गर्नुपर्छ भनेर साथीहरूसँग अर्काको बारीका फलफूल र तरकारी चोर्न गयौं। चोरी कार्य सफलतापूर्वक सम्पन्न भयो, तर पछि भागबन्डा गर्दा सबैले एक-एकवटा काँक्रो पाए। अँध्यारोमा काँक्रो भनेर मेरो भागमा लौका पो परेछ।

**–नारायण पुरी (चलचित्र निर्देशक)**

सानो छँदा म निकै बदमास थिएँ। असाध्यै रिसाउने भएकाले काठमाडौंको मरुटोलस्थित मेरो घर र वरपर सबैले मलाई डल्ले खुर्सानी भन्थे। एक पटक खेल्दाखेल्दै रिसाएर एक जना आफूभन्दा ठूलो साथीको कपाल मज्जाले भुत्याएछु। त्यसपछि त मसँग सबै डराउन थाले। अहिले त सोझी भएकी छु। तैपनि त्यति बेलाका साथीहरू मसँग अहिले पनि तर्सिन्छन्।

**–नलिना चित्रकार (गायिका)**

# दुलाहा भेटिनन् दीपाले



दीपाश्री निरौलाले पाएको लोकप्रियता कुनै चर्चित नायिकाको भन्दा कम छैन। त्यसो त दीपाले नेपाली चलचित्रमा नायिकाकै भूमिका निर्वाह नगरेकी पनि होइनन्। 'गाउँले' लगायत केही चलचित्रमा उनी मुख्य नायिका नै थिइन् तर दर्शकले उनलाई नायिकाका रूपमा त्यति रुचाएनन्। चलचित्रमा अभिनय गर्नुअघि नै दीपकराज गिरीसँग रेडियो नाटक रामविलास-धनियाँमार्फत् श्रोतामाझ पुगिरहेकी दीपाश्रीले हास्यश्रृंखला 'तीतो सत्य' को लोकप्रियतापछि फुर्सदमा बस्नुपरेको छैन। साताको तीन दिन श्रृंखलाकै काममा व्यस्त दीपा 'यातना'

## गफै त हो

शीर्षकको अर्को एउटा श्रृंखलामा पनि काम गर्दै छिन्। हास्यव्यंग्य कार्यक्रमका क्रममा स्वदेशका विभिन्न सहरका साथै उनी विदेश पनि पुगेकै छिन्। यसबीच दीपाश्रीलाई विवाहको चिन्ताले सताउन थालेको छ। तीतो सत्य युनिटका प्रायः सबै सदस्यको विवाह भैसकेकाले पनि उनलाई विवाहको हतारो परेको हो। दीपाको एउटै चिन्ता छ- 'विवाह त गर्ने तर कोसँग ?' त्यसो त दीपाले राजेश हमालकै भाषामा विवाहका लागि लगन नजुरेको कुरा व्यक्त गर्न पनि छुटाइनन्। दीपा भन्दै थिइन्– 'मेरो विवाह कहिले हुने भन्ने कुरा देउतालाई मात्र थाहा छ।'

# लभगुरू रेखा

पाठकहरूको प्रेम जिज्ञासा समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।



**रेखाजी, म १९ वर्षीय युवक हुँ । मेरो १७ वर्षीया एक युवतीसँग प्रेम छ । उनी मेरै टोलमा बस्छिन् । लामो समयको देखादेखपछि छ महिनापहिले मैले उनीसमक्ष प्रेमप्रस्ताव राखेको हुँ । हामी दुई घुम्न पनि जान्छौं । मैले उनीसमक्ष दुई-तीन पटक शारीरिक सम्बन्धका लागि प्रस्ताव पनि राखिसकें तर उनी त्यस्तो कुरा मान्दिनन् । यद्यपि हामीबीच चुम्बन आदान-प्रदान भैरहन्छ । मेरो प्रस्ताव नमानेको देख्दा कतै उनी मलाई भित्री हृदयले चाहन्नन् कि जस्तो लाग्छ । प्रेम गरिसकेपछि एक-अर्काको इच्छाको ख्याल गर्नुपर्छ भनिन्छ । तर, उनी किन मेरो इच्छाको ख्याल राख्दिनन् ? के उनी मसँग पेम गर्दिनन् ?**

**-जे.**

सर्सर्ती पत्र पढ्दा तपाईंहरूबीच प्रेमभन्दा पनि शारीरिक आकर्षण मात्र भएजस्तो देखिन्छ, विशेषत: तपाईंका तर्फबाट । यो तपाईंहरूको उमेरमा स्वाभाविक कुरा भए पनि त्यसलाई प्रेमको नाम दिन मिल्दैन । पहिलो कुरा त तपाईंले आफ्नो सम्बन्ध परिपक्व नभै, छ महिना पनि नबित्दै शारीरिक सम्बन्धका लागि आग्रह गर्नु उपयुक्त हुँदैनथ्यो । दोस्रो कुरा तपाईंकी प्रेमिकाले तपाईंको प्रस्ताव अस्वीकार गरेर एकदम ठीक गर्नुभएको छ । किनकि युवतीहरूका लागि विवाहपूर्व राखिने यस्ता सम्बन्धका आफ्नै शारीरिक, मानसिक स्वास्थ्य एवं सामाजिक-पारिवारिक जोखिमहरू हुन्छन् । त्यसमाथि तपाईं र तपाईंकी प्रेमिकाका लागि यस्तो सम्बन्धमा हतार गरिहाल्नुपर्ने बेला भएको छैन । यसले तपाईंलाई पनि अप्ठेरोमा पार्न सक्छ । अहिले तपाईंले आफ्नो प्रेमलाई निरन्तरता दिँदै आफ्नो क्यारियरप्रति ध्यान दिनुपर्ने बेला छ । आफ्नो भविष्य निर्माणलाई मुख्य उद्देश्य बनाएर प्रेमलाई अझ परिपक्व हुन दिनुहोस् । तपाईंहरू दुवैले एक-अर्कालाई अझ राम्रोसँग चिन्नु र बुझ्नु आवश्यक छ । शारीरिक सम्बन्ध राख्न अस्वीकार गरेकै कारण तपाईंकी प्रेमिकाले तपाईंलाई प्रेम गर्दिनन् भन्ने होइन, बरु तपाईंको प्रस्तावका कारण तपाईंहरूको सम्बन्धमा बाधा उत्पन्न हुन सक्छ । उमेरका हकमा पनि तपाईंले आफ्नो प्रेमलाई अझ ३-४ वर्ष समय दिनुपर्छ । ताकि तपाईंकहरूले आफ्नो भविष्य सुनिश्चित तथा एक-अर्काको प्रेमलाई अझ परिपक्व बनाउनुहोस् ।

# फिल्मी खबर

-नायिका अरुणिमा लम्सालले आफ्नो जन्मदिन निर्माणाधीन चलचित्र 'हामी साथीभाइ'को छायाँङ्कन स्थलमा मनाइन् । पोखरामा छायाँङ्कन भैरहेको बेला उक्त चलचित्रका निर्माता तथा नायकद्वय दिलीप रायमाझी तथा सुनील दत्तका साथै निखिल उप्रेती, निरुता सिंह, निर्देशक रवि अर्याल आदिको उपस्थितिमा जन्मदिन मनाए पनि उनले यो आफ्नो कतिऔं जन्मदिन हो, कसैलाई बताइनन् ।

– ललितपुर कला संस्कृति प्रतिष्ठानले चरित्र अभिनेत्री तथा हास्यकलाकार वसुन्धरा भुसालको अभिनन्दन गरेको छ । नक्कली, गौंथली, ए रातै, च्यान्टी जस्ता उपनामद्वारा परिचित वसुन्धरा भुसाल सात वर्षको उमेरदेखि हालसम्म अभिनय कर्मलाई निरन्तरता दिइरहेकी छिन् । उनले करिब १ सयवटा चलचित्र, ६० भन्दा बढी टेलिचलचित्र, ४० भन्दा बढी नाटक तथा करिब २५ वटा गीति नाटकमा अभिनय गरिसकेकी छिन् । भुसाल चलचित्र क्षेत्रका दर्जनौं पुरस्कार तथा सम्मानबाट सम्मानित भैसकेकी छिन् ।

– अस्ट्रेलियाली दूतावास तथा अष्ट्रेलियन फिल्म कमिसनले गत भदौ १७ गतेदेखि अर्थात् गत शनिबारदेखि हिंजो बिहीबारसम्म काठमाडौंको कमलपोखरीस्थित रुचि सांस्कृतिक केन्द्रमा 'फिल्म रोड सो २००६ शीर्षकको चलचित्र महोत्सव आयोजित गर्‍यो । महोत्सवमा फ्लोटिङ लाइफ, रेडियन्स, ला स्पाननोला, लुकिङ फर अलिब्रान्डी तथा चिल्ड्रेन अफ द रिभोलुसन गरी ६ वटा चलचित्र प्रदर्शन गरियो । राजधानीमा अस्ट्रेलियाली चलचित्र महोत्सव आयोजना भएको यो पाँचौं अवसर हो । महोत्सवमा प्रदर्शन भएका चलचित्रले अष्ट्रेलियाको आधुनिक जीवनशैलीका विभिन्न पक्ष झल्काउनुका साथै अष्ट्रेलियालाई बहुसांस्कृतिक मुलुकका रूपमा चिनाउन सहयोग पुर्‍याएको बताइन्छ ।

-कलिउडमा लामो रेसको घोडा भनेर चिनिएका नायक सुशील क्षेत्री रौतहट जिल्लाको चन्द्रनिगाहपुरमा चलचित्र 'एकता'को छायाँङ्कन सकेर राजधानी फर्किएका छन् । डेढ महिनाको



उक्त छायाङ्कन कार्य सकेर राजधानी फर्किएबित्तिकै उनी दुबईमा सम्पन्न कार्यक्रममा भाग लिएर पनि स्वदेश फर्किसकेका छन् ।

-नायिका झरना थापाका निर्माता श्रीमान सुनिलकुमार थापालाई पितृशोक परेको छ । मंगलबार उनको पिता श्रीहरि थापाको ५८ बर्षको उमेरमा फोक्सोको खराबीका कारण निधन भएको छ । ससुराको निधन हुँदा नायिका थापा भने कार्यक्रमको सिलसिलामा बेलायतमा थिइन् । स्व.थापाको पत्नी र तीन छोरा छन् । 'धर्मसंकट', 'ए मेरो हजुर' आदि चलचित्रका निर्माता सुनिलकुमार थापा हाल चलचित्र 'तकदिर'को प्रदर्शन गराउने कार्यमा व्यस्त थिए । उक्त चलचित्रमा दिलिप रायमाझी, विराज भट्ट र झरना थापाले अभिनय गरेका छन् ।

-निर्देशक सोभित बस्नेत एकपछि अर्को चलचित्र निर्देशनमा व्यस्त छन् । राजधानीबाहिर पछिल्लो चलचित्र 'शक्ति' प्रदर्शन भएलगतै अर्को चलचित्र 'चोर सिपाही'को छायाङ्कनमा व्यस्त छन् । हालै काठमाडौंको भद्रकाली मन्दिरमा मुहूर्त गरी छायाङ्कन आरम्भ गरिएको उक्त चलचित्रपछि निर्देशक बस्नेत क्रमश: 'बारुद' र 'गंगा जमुना'को छायाङ्कनमा व्यस्त हुने भएका छन् । चलचित्र 'चोर-सिपाही' मा भुवन केसी, राजेश हमाल, निखिल उप्रेती, रमित ढुंगाना, सञ्चिता लुइँटेल, नन्दु श्रीवास्तव, उमेश खड्का, सेनानी भीमबहादुर थापा तथा नवनायिका अर्पणाले मुख्य भूमिका निर्वाह गरिरहेका छन् ।

-दुबईमा छायाङ्कन गरिएको चलचित्र 'मान्छेको माया'मा नायक दिलीप रायमाझीले समय नदिँदा निर्माणकार्य सम्पन्न गर्न नसकेका निर्देशक नारायण पुरीले त्यसपछि दुईवटा चलचित्र 'मृत्युञ्जय' र 'अल्पविराम'को निर्माणकार्य सकेका छन् । संगीतकार दीपक रमणद्वारा निर्मित चलचित्र 'मृत्युञ्जय'मा रमित ढुंगाना तथा संचिता लुइँटेलको जोडी छ भने माओवादी युद्धविराममा आधारित चलचित्र 'अल्पविराम'मा सुनील पोखरेल, विजय लामा तथा रमा थपलियाको मुख्य भूमिका छ । यो चलचित्र दसैंअघि नै प्रदर्शन हुने बताइएको छ ।





## रिंकुको आगमन

रिंकु श्रेष्ठको नाम स्थापित मोडलका रूपमा लिइन्छ । सन् १९९७ देखि नै उनले आफूलाई मोडलिङमा सक्रिय बनाएकी हुन् । एक दशक लामो मोडलिङ यात्राका क्रममा उनले दर्जनौं फेसन शोमा क्याटवाक मात्र गरिनन्, थुप्रै म्युजिक भिडियोहरूमा अभिनयसमेत गरिन् । आधा दर्जनभन्दा बढी पेपर तथा टेलिभिजन विज्ञापनमा उनले आफ्नो कला प्रस्तुत गरिसकेकी छिन् । पप गायक सचिन रौनियारका विभिन्न म्युजिक भिडियोले उनलाई चर्चामा ल्याएको थियो । यद्यपि पछिल्लो केही वर्षदेखि न त उनले कुनै र्‍याम्पमा क्याटवाक गरेकी छिन् न त विज्ञापनमै देखा परेकी छिन् । म्युजिक भिडियोबाट पनि उनी टाढा छिन् । यसबीच अचानक परिचय डटकममा प्रस्तुत भएपछि उनले आफ्नो पुरानो छविलाई निरन्तरता दिन्छिन् कि भन्ने सम्भावना बढेको छ । फोटोसेसन गर्ने क्रममा उनले आकर्षक पोज त दिएकै छिन्, साथै फेसन डिजाइनर रितु श्रेष्ठ (जोशी) ले पनि उनका लागि आकर्षक पहिरन डिजाइन गरिदिएकी छिन् । गाढा रंगको सारी, स्कर्ट, गाउन तथा टपलेसमा उनी सुन्दर देखिएकी छिन् । ५ फिट ४ इन्च अग्ली रिंकुको शारीरिक बनावट ३४×२६×३५ छ ।

## रेयुकाई तारा

**राजु घिसिङ**



युरेसिया रेयुकाई १९ औं शाखा बेलबारीद्वारा सञ्चालित सांगीतिक कार्यक्रम 'युरेसिया रेयुकाई तारा' को उपाधि धराने युवक गंगा सागर राईले जितेका छन् । शनिबार सम्पन्न फाइनल चरणमा अन्य १४ प्रतिस्पर्धीलाई उछिन्दै प्रथम भएका गंगा सागरले उपाधिसहित ५ हजार रुपैयाँ नगद पुरस्कार तथा थुप्रै उपहार हात पारे । बेलबारी गुम्बामा सम्पन्न फाइनल चरणमा गंगा सागरलाई इटहरीकी दिया विष्टले कडा टक्कर दिएकी थिइन्, तर दियाले उपविजेतामै चित्त बुझाउनुपरेको थियो। फाइनल चरणमा प्रतिस्पर्धीहरूले आफ्नो इच्छाअनुसार एक-एकवटा लोक तथा आधुनिक गीत गाएका थिए । आउँदो तिहारलगत्तै दोस्रो एल्बम सार्वजनिक गर्ने तयारीमा रहेका राई संगीतका विद्यार्थी हुन् । मैत्री संगीत विद्यालयमा ६ महिना प्रशिक्षण लिएपछि उनी २०५८ सालदेखि धरानकै सुर साज संगीत विद्यालयमा सिनियर डिप्लोमा तहमा संगीत सिकिरहेका छन् ।

## आनका नयाँ अध्यक्ष



आइतबार सम्पन्न नेपाल विज्ञापन संघ (आन)को ११औं वार्षिक साधारण सभाको निर्वाचनमा वेलकम एडभर्टाइजिङ एजेन्सीका सञ्चालक तथा आनका पूर्वउपाध्यक्ष निर्मलराज पौडेल अध्यक्षमा निर्वाचित भए । काठमाडौंका स्थायी बासिन्दा चालीस वर्षीय पौडेललाई नेपाली दर्शकले दस वर्षजति अघिसम्म हास्यकलाकार एवं प्यारोडी गायकका रूपमा चिनेका थिए । हुनत उनको कला अहिलेसम्म ज्यूका त्यू छ । यद्यपि उनको भनाइमा डेढ दशकअघि आरम्भ भएको उनको विज्ञापन व्यवसायका कारण उनले कलाक्षेत्रलाई समय दिन भ्याएका छैनन् । ०३८ सालपछिका 'राष्ट्रिय गाईजात्रा महोत्सव' हरूमा एक सफल हास्यकलाकारका रूपमा उदाएका कलाकार पौडेल '५० को दशकमा एक सफल विज्ञापन व्यवसायीका रूपमा चिनिए । पौडेल भन्छन्– '०५० मा सर्वोत्कृष्ट प्यारोडी गायकको पुरस्कार जितेपछि व्यवसायमा समय दिनुपर्ने भएकाले मैले यो क्षेत्रलाई चटक्कै छाडे ।' आनको अध्यक्ष भएपछि उनको पहिलो बृहत् योजना आउँदो सन् २०११ मा नेपालमा विश्वका विज्ञापनकर्मीहरूको बृहत् भेला एवं महोत्सव 'एड एसिया इन नेपाल' को आयोजना गराएर नेपालको विज्ञापन व्यवसायलाई अझ बढी स्वावलम्बी बनाउनु हो । उक्त भेला हरेक दुई-दुई वर्षमा विभिन्न मुलुकमा हुने गरेको छ । त्यसका साथै निर्मल विज्ञापन निर्देशिकाको प्रयोग गरेर नेपालमा प्रसारण तथा प्रकाशित हुने विज्ञापनहरूमा नेपाली श्रम-साधनको प्रयोग गराउनेतर्फ पहल गर्ने बताउँछन् । अग्रिम शुभकामना !




## चलचित्र

### नक्सा



बाबु धर्मेन्द्रकै 'हिम्यान' छविलाई पछ्याउँदै उनका सुपुत्र सन्नी देवलले विगतमा धेरै चलचित्रमार्फत आफूलाई चर्चा दिलाए, तर बितेका केही समययता सन्नीका चलचित्रहरू आउन छाडे। निकै समयपछि सन्नी देवल यो साता पुरानै 'हिम्यान' छवि लिएर चलचित्र 'नक्सा' मार्फत पुनः सार्वजनिक हुँदैछन्। भारतका साथै थाइल्यान्ड तथा न्युजिल्यान्डका जंगलहरूमा छायाँङ्कन गरिएको यो चलचित्रलाई एक्सन तथा एडभेन्चर चलचित्रको दर्जा दिइएको छ। सचिन बजाजले निर्देशन गरेको चलचित्र 'नक्शा'मा सन्नीका अतिरिक्त विवेक ओवराय, समिरा रेड्डी, मृदुला चन्द्रशेखर, सुदर्शन शारदा, सुभासिनी मुल्ले, लिलीपुटका साथै विशेष भूमिकामा जैकी श्राफ पनि छन्। एक जना प्रोफेसर कपिल आचार्यले अनुसन्धानका क्रममा एउटा नक्सा भेटेका हुन्छन्। त्यही नक्साका कारण उनको मृत्यु हुन्छ। धेरै वर्षपछि उनका छोरा विकी अर्थात् विवेक ओबरायले त्यही नक्साको नक्कल प्रति फेला पार्छन्। नक्सा भेटेपछि उनले आफ्ना बाबुको मृत्युको कारण पत्ता लगाउन खोज्छन् तर केही खलनायकले उनको अपहरण गर्छन्। विकीकी आमाले आफ्नो सौतेनी छोरा वीर अर्थात् सन्नी देवललाई भाइलाई मुक्त गराउन आग्रह गर्छिन्। वीरको प्रयासले विकी मुक्त त हुन्छन् तर उनलाई दाइले मुक्त गराएको कुरा भने मन पर्दैन। यद्यपि ती दुवै आफ्नो बाबुको मृत्युको कारण खोज्न नक्साले देखाएको बाटो पछ्याउँदै हिंड्छन्। बाटोमा उनीहरूले अपहरित रिया अर्थात् समिरा रेड्डीलाई बचाउँछन् र उनी पनि उनीहरूको पछि लाग्छिन्। अंग्रेजी एडभेन्चर चलचित्रको नक्कल गरिएको यो चलचित्रमा सन्नी देवल हावी भएका छन्।

### द प्रोटेक्टर



एउटा अन्तर्राष्ट्रिय माफिया समूहका मानिसहरूले अस्ट्रेलियामा बसोबास गरिरहेका खाम्सले पालेका दुईवटा हात्ती चोरेर लान्छन्। सिड्नीबाट हजारौं किलोमिटर टाढा अज्ञात् स्थलमा पुऱ्याइएका उनका हात्तीको स्थितिलाई लिएर खाम्स निकै चिन्तित हुन्छन्। ती हात्ती उनका बाबुलाई उनी सानै छँदा थाइल्यान्डका नरेशले उपहारस्वरूप दिएका हुन्छन्। जनावरलाई अति माया गर्ने खाम्सको परिवार हात्तीलाई बचाउने उपायको खोजी गर्न थाल्छ। मार्शल आर्ट्सका पारंगत खाम्स हात्ती बचाउने अभियानमा ज्यानको बाजी थापेर लाग्छन्। उनलाई अस्ट्रेलियाको प्रहरी तथा एउटी युवती प्लाले मद्दत गर्ने वाचा दिन्छन्। जनावरहरूसँग मानिसको सम्बन्धका विषयमा निर्माण गरिएको चलचित्र 'द प्रोटेक्टर' यसै साता सार्वजनिक हुँदैछ। एक्सन तथा एडभेन्चरको दर्जामा राखिएको यो चलचित्रमा हास्यदृश्यहरू पनि छन्। प्रछ्या पिनकाओद्वारा निर्देशित थाई परिवेशको यो चलचित्रमा टोनी जा, पेट्चथाई ओन्कामलाओ, बोन्गोट कोङ्मलाइ, जिङ्जिङ आदि थाई कलाकारले अभिनय गरेका छन्।

## क्यासेट

### समय



गायक त्रिलोक रानाले गाएका एकल गीतहरूको दोस्रो संग्रह 'समय' श्रोतामाझ आएको छ। धौलागिरि क्यासेट सेन्टरले बजारमा ल्याएको यो संग्रहमा आधुनिक शैलीका गीत सुन्न सकिन्छ। शिलाबहादुर मोक्तान, चन्द्र दोङ, सुरेश अधिकारी, भानुभक्त ढकाल, पारस मुकारुङ, सचिन सिंह, प्रवीण बराइली तथा राजु सिंहद्वारा संगीतबद्ध गीतहरू समावेश गरिएको यो संग्रहका गीतकार बुद्धवीर लामा, त्रिविक्रम पाण्डे, श्रवण मुकारुङ, नवराज लम्साल, भूपेन्द्र खड्का, आनन्द अधिकारी, रमेश क्षितिज तथा सुरेन्द्र राना हुन्।

### द न्युज



गायक तथा संगीतकार जीवन सागरले लोकसंगीतमा नौलो प्रयोग गरेका छन्। उनले रेडियो तथा टेलिभिजनबाट प्रसारण गरिने समाचारको शैलीमा गाएका गीतहरूको संग्रह 'द न्यूज' भर्खरै बजारमा आएको छ। सिन्धु मल्लको समेत स्वर समाविष्ट यो संग्रहका गीतहरूमा राजन राई, महेश खड्का, राम कार्की, सरोज अधिकारी तथा गायक सागरको संगीत सुन्न सकिन्छ।

### सहारा

गीतकार साबु रविले रचना गरेका आधुनिक शैलीका गीतको सिडीसंग्रह 'सहारा' श्रोतामाझ आएको छ। मनकामना म्युजिकले बजारमा ल्याएको यो संग्रहमा टीका भण्डारी, आलोकश्री, बालन्द राई तथा कृष्णभक्त राईद्वारा संगीतबद्ध आठवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतहरू कर्णदास, सपनाश्री, स्वरूपराज आचार्य, यम बराल, बलराम समाल, माण्डवी त्रिपाठी तथा कृष्णभक्त राईले गाएका छन्।

### जी मेजर

गायक नवीन के. भट्टराईले साढे तीन वर्षपछि तयार पारेको एकल गीतिसंग्रह 'जी मेजर' श्रोतामाझ आएको छ। रिबेल क्रिएसनले बजारमा ल्याएको यो संग्रहका नौवटा गीतमध्ये छवटा गीतमा गायक भट्टराईकै संगीत सुन्न सकिन्छ। बाँकी गीत राजनराज शिवाकोटी तथा लोचन रिजालले संगीतबद्ध गरेका छन्। संग्रहका गीतहरू राजनराज शिवाकोटी, विजय शिवाकोटी तथा विवेकले रचना गरेका छन्।

## रंगमञ्च

-तीस बर्षपछि संसार कस्तो होला ? यहाँको प्राकृतिक वातावरण कस्तो होला ? जस्ता भविष्यको कल्पनामा आज शुक्रबार शुभतारा स्कुलका विद्यार्थीहरूले एउटा नाटक मञ्चन गर्दैछन्। हिजो बिहीबारदेखि आज शुक्रबारसम्म जाउलाखेलस्थित सेन्टजेभियर्स स्कुलमा मञ्चन भैरहेको अंग्रेजी नाटक 'द लास्ट फ्लावर अन अर्थ'मा अबको तीस वर्षपछि पृथ्वीको प्राकृतिक सम्पदालाई मानवनिर्मित भौतिक वस्तुहरूले सखाप पार्न सक्ने अनुमान गरिएको छ। दिउँसो एक बजे मञ्चन हुने उक्त नाटकलाई 'म्युजिकल प्ले' भनिएको छ।


## ग्यालरी

-कलाकारद्वय देवेन्द्र थुम्केली तथा उमेश श्रेष्ठद्वारा सिर्जना गरिएका चित्रहरूको प्रदर्शनी पाटन औद्योगिक क्षेत्र परिसरमा स्थित सिंह आर्ट ग्यालरीमा सञ्चालन भैरहेको छ। सोमबार आरम्भ भएको उक्त प्रदर्शनी 'रियालिटिज-द अदर प्रोस्पेक्टिभ'मा कलाकारहरूका प्रदर्शित चित्रकला अवलोकन गरी दस जना कविले कविता कोर्ने भएका छन्। भोलि शनिबार आयोजना गरिने एक कार्यक्रममा चित्रकलाको भावलाई केही रंगमञ्चका कलाकारले संकेत नाटक 'अनुभूति-२००६' मार्फत प्रस्तुत गर्दैछन्।

## सानो पर्दा

– कान्तिपुर टेलिभिजनबाट आज शुक्रबार (भदौ २३ गते) देखि नयाँ टेलिश्रृंखला 'गोर्खे लौरी'को प्रसारण प्रारम्भ हुने भएको छ। शुक्रबार साँझ ७:३० तथा शनिबार बिहान ९:३० बजे प्रसारण हुने यो श्रृंखलाको लेखक तथा निर्देशक शिशिर सुवेदी हुन्। श्रृंखलामा उनले दोहोरो भूमिका निर्वाह गरेका छन्। श्रृंखलामा सुवेदीका अतिरिक्त प्रकाश सुब्बा, राजु याकचा, रामचन्द्र अधिकारी, लक्ष्मी गिरी, महादेव त्रिपाठी, सोनु केसी, कञ्चन रेग्मी, दीपा न्यौपाने आदि कलाकारको प्रमुख भूमिका छ। यसअघि यही समयमा 'शंख एन्ड चक्र' शीर्षकको टेलिश्रृंखला प्रसारण हुन्थ्यो।

– विभिन्न टेलिश्रृंखलामा अभिनय गरिरहेकी नायिका संगीता मोक्तान अब टेलिश्रृंखला निर्माणमा व्यस्त भएकी छिन्। आफ्नो लगानीमा निर्माण भैरहेको पहिलो श्रृंखलाको नाम उनले 'ठूल्दिदी' राखेकी छिन्। लय संग्रौलाको कथा, प्रदीप भारद्वाजको पटकथा तथा संवाद रहेको यो श्रृंखलाको निर्देशन ओमप्रकाश निरौलाले गरिरहेका छन्। निरौलाले यसअघि थुप्रै टेलिश्रृंखलामा मुख्य सहायक निर्देशकका रूपमा काम गरिसकेका छन्। चाँडै नै नेपाल टेलिभिजनबाट प्रसारण हुने यो श्रृंखलामा संगीता मोक्तानले नै शीर्षक अर्थात् ठूल्दिदीको भूमिका निर्वाह गरेकी छिन्। सामाजिक तथा पारिवारिक विषयवस्तु समेटेर दर्शकलाई मनोरञ्जन दिनु यो श्रृंखलाको प्रमुख लक्ष्य भएको निर्मातृ तथा नायिका मोक्तानले बताएकी छिन्। संगीताका अनुसार श्रृंखलामा रमेश बूढाथोकी, श्रीप्रसाद थापा, प्रचण्ड पौडेल, तारा केसी, नवीन श्रेष्ठ, काली सेढाईं, जयश्री तथा बालकलाकार उदसर्गको प्रमुख भूमिका छ।



-कान्तिपुर टेलिभिजनमा 'सत्य-स्वरूप शो'बाट कार्यक्रम प्रस्तोताका रूपमा पनि ख्याति कमाएका गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्यले निकट भविष्यमा इमेज च्यानलका लागि एउटा पृथक् कार्यक्रम सञ्चालन गर्ने भएका छन्। पूर्णतः सांगीतिक कार्यक्रमको स्वरूपमा हाल उक्त कार्यक्रमको निर्माण भैरहेको निर्माता आसिफ साहले बताए।

-नेपाल वान च्यानलबाट सोमबारदेखि शुक्रबार हरेक साँझ चारबजे प्रसारण हुँदै आएको कार्यक्रम 'फोर यु एट फोर'को सञ्चालन गायक मिग्मा शेर्पाको चर्चित गीत 'छमछम तिमीले पाउजु बजाउँदा..' की मोडल मनु अधिकारीले गर्न थालेकी छिन्। कार्यक्रम निर्माता सुलोचना थिंगाका अनुसार कार्यक्रमलाई स्टुडियोमा मात्र केन्द्रित नराखेर विभिन्न स्थान तथा कार्यक्रम स्थलहरूमा गएर छायांकन गर्न थालिएको छ।

-इमेज च्यानल छाडेपछि नेपाल वानमा देखिएका कार्यक्रम सञ्चालक सुशील नेपाल अब च्यानल नेपालमा देखिन थालेका छन्। च्यानल नेपालका मनोरञ्जक कार्यक्रमहरूको निर्माणको जिम्मा सिमोस सुनुवारको संयोजकत्वमा ग्यालेक्सीले लिएपछि सुशीलले केही सांगीतिक कार्यक्रम सञ्चालनको जिम्मेवारी लिएका छन्।

# आशा जगाए नव-प्रतिभाहरूले

**टोपराज शर्मा**


बुटवल– गएको शनिबार बुटवलको कान्ति सभागृहमा छुट्टै रौनक छायो। स-साना बालबालिका, टिनएजर युवायुवतीदेखि अधबैंसेहरू सबै गीत-संगीतमा मस्त देखिन्थे। कोही मञ्चमा माइक्रोफोन समाएर गीत गाइरहेका हुन्थे भने दर्शकहरू उनीहरूलाई मन पराएर साथ दिइरहेका हुन्थे। त्यसैगरी कलाकारले मञ्चमा छमछमी नृत्य प्रस्तुत गर्दा हलभरि खचाखच दर्शकहरू उनीहरूलाई नाचेर साथ दिइरहेका हुन्थे भने कतिले ताली बजाएर।

बागेश्वरी संगीतालयले आयोजना गरेको प्रतिभा भाग -२ कार्यक्रममा गायन, नृत्य क्षेत्रमा भर्खर पाइला टेकेका नवप्रतिभाहरूले आफ्नो प्रतिभा प्रस्तुत गर्दा सभागृहभरि खचाखच सयौं दर्शकले भरपूर मनोरञ्जन मात्र प्राप्त गरेनन्, ती नवप्रतिभाप्रति आशावादीसमेत भए। उपस्थित प्रबुद्ध दर्शकले ती प्रतिभाहरू भविष्यमा राम्रो गायक र डान्सर बन्न सक्छन् भन्ने विश्वास प्रकट गर्दै उनीहरूलाई संरक्षण र उचित अवसरको सिर्जना गर्नुपर्ने खाँचो औंल्याएका थिए।

कार्यक्रममा लुम्बिनी अञ्चलका छवटै जिल्ला तथा चितवन, स्याङ्जा, बारा, पर्सा, दाङ आदि जिल्लाका सहभागीमध्ये तीन चरणमा छनौट भएर आएका १९ जनाले गायन तथा ६ जनाले नृत्य प्रस्तुत गरेका थिए।



# पोखरामा जनसांस्कृतिक अभियान



**शिव शर्मा**

पोखरा– गोलावारुद पटकाभैं पड्कन थाले। गोली खाँदै कोही युद्धमैदानमा गर्लम्म ढले। जनसेनाहरू घना जंगलका बीचमा कम्ब्याट ड्रेसमा हातहतियारसहित आफ्ना घाइते साथीहरूको उद्धार गर्दै थिए।

युद्ध भने अविराम चलिरहेको थियो। जनसेनाकै कमान्डरलाई गोली लाग्यो र उनी ढले। उनको उपचार सम्भव भएन। उनी युद्धमैदानमै सहिद भए। युद्धमैदानमा रुवावासी चल्यो। सहिदकी पत्नी युद्धमैदानमा बच्चा बोकेर प्रलाप गर्न थालिन्। राष्ट्रका लागि बलिदान दिने आफ्नो श्रीमान्लाई मुटु बलियो पारेर अभिवादन गरिन्। राष्ट्रका लागि सगरमाथा भएर उठ्न सबैलाई आह्वान गरिन्।

माओवादी समर्थित अखिल नेपाल जनसांस्कृतिक संघ सामना परिवारको 'युद्धमैदानबाट फर्कंदा' नाटकको दृश्य थियो यो। शनिबार स्थानीय दीपेन्द्र सभागृहमा यो वास्तविक घटनामा आधारित नाटक हेरिरहँदा धेरैको मन कटक्क खायो। दसवर्षे माओवादी जनयुद्धको वास्तविकतालाई कलाकारहरूले नाटकमा उतारेका थिए। गोला-बारुद पड्किएको आवाज र युद्धमा वीर गति प्राप्त गरेका तथा घाइतेहरूको कारुणिकता झल्कने उक्त नाटकले सभाकक्ष भावविह्वल भएको थियो।

नेपाली मौलिक संस्कृति बिर्सर्नेहरूप्रति कडा आपत्ति जनाउँदै उद्घोषक पूर्ण घर्तीमगरको प्रस्तुतिसँगै प्रारम्भ भएको उक्त सांस्कृतिक कार्यक्रममा जनवादी गीत, नृत्य तथा प्रहसनमार्फत निरङ्कुशताको तीखो आलोचना गरिएको थियो। 'सेरेमोनियल सुई' शीर्षकको प्रहसनमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजालाई बोकेर हिंडेको दृश्यले सबैलाई हँसाएको थियो। आइतबार तथा सोमबार गरी दुई दिनसम्म चलेको कार्यक्रममा सभागृहको कुनै कुर्सी खाली थिएन। गण्डक क्षेत्रको बुटवल र पाल्पापछि उक्त सांस्कृतिक टोली पोखरा आएको हो। पोखरापछि यो अभियान राजधानी पुग्नेछ।

# दोहोरी ताराको पनि खोजी

**शिव शर्मा**



पोखरा– विवादसँगै उत्तिकै चर्चामा रहेको लोकगायिका कोमल ओलीको 'पोइल जान पाम' गीतले पोखरेली दर्शकलाई उधुमैसँग नचायो। उनलाई साथ दिए गायक प्रजापति पराजुली तथा गायिका पार्वती जिसीले। ओलीको गीतमा केटाकेटीदेखि बूढाबूढीसम्म कम्मर हल्लाउदै नाचे।

यो गीतको जति विरोध भए पनि गायिका नै प्रत्यक्ष सहभागी भएर गीत प्रस्तुत गर्दा दर्शक उत्तेजितहरू हुँदै उफ्रिए र गीतलाई मन पनि पराए। पसिनाले लपक्कै हुने गरी रौसिएकी ओली पनि उफ्री-उफ्री नाचिन्। थाइकट कपाल र कुर्ता-सलवारमा सजिएकी कोमल ओलीलाई जिस्क्याउने तन्नेरीहरू पनि कम थिएनन्। उनले 'बिहे भा छैन, कसले लाने हो थाहा छैन, अहिलेसम्म माग्न कोही आ छैन' भनेर गाउँदा दर्शकदीर्घाबाट म आउँछु भन्दै हुटिङ गर्नेहरूको कुनै कमी थिएन। महोत्सवको चौथो दिन उनकै कारण दर्शकको दोहोरीमा चाप अरू दिनको तुलनामा निकै बढेको पाइयो।

गएको शनिबारदेखि पोखरामा रोजिना निर्भाना कला केन्द्र काठमाडौं तथा सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी पृथ्वीचोकको स्थानीय संयोजनमा सम्पन्न दसैं दोहोरी महोत्सव तथा दोहोरी नवरत्नको खोजी कार्यक्रममा उनीजस्तै राष्ट्रिय चर्चित लोकगायक तथा गायिकाले पोखरा नै घन्काए। साथमा नवोदित कलाकारहरूले दोहोरी तारा बन्नका लागि प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन्।

दोहोरी तारा खोज्ने क्रममा आयोजकले दोहोरीमा अहिलेसम्मकै सर्वाधिक राशिको पुरस्कार विजेतालाई प्रदान गर्ने भएका छन्। दोहोरीको तारा बन्नेले नगद १० लाख रुपैयाँका साथमा क्यासेट एल्बम तथा सिंगापुर भ्रमण गर्ने सुर्वण अवसर पाउनेछन्।

पश्चिमाञ्चल छनौटअन्तर्गत भोलि शनिबारसम्म दोहोरी रत्न नवप्रतिभाको खोजी हुनेछ। पश्चिमाञ्चल क्षेत्रको पोखराबाट प्रतियोगिताका लागि आठ जना छानिनेछन्। दोहोरी ताराको अन्तिम प्रतिस्पर्धा काठमाडौंमा कात्तिक ११ गते हुनेछ।

# शिखर म्युजिक अपडेट

SHIKHAR MUSIC
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## सातको स्वर



### रामचन्द्र काफ्ले

**रिमिक्स गर्न 'हरियो डाडाँमाथि' गीत नै किन रोज्नुभयो ?**
धर्मराज थापाले गाउनुभएको यो लोकशैलीको गीत हो। म पनि प्रायः लोकशैलीकै गीत गाउँछु। त्यसैले त्यो गीतको मर्म म सजिलै प्रस्तुत गर्न सक्छु भन्ने लागेर नै उक्त गीत रोजेको हुँ।

**रिमिक्स गर्दा गीतको ताल, लय र मर्म बिग्रिएन र ?**
पुरानो सिर्जनालाई मर्न दिएका छैनौं । र्‍याप वा हिपहप राखिएको छैन । बरु लोकधुनमै जोड दिइएको छ ।

**गीतले तपाईंलाई कत्तिको चर्चा दियो ?**
सर्वाधिक चर्चा पाएको छु । बालकदेखि वृद्धसम्मले यही गीतका कारण मलाई चिनेका छन् ।

**म्युजिक भिडियोमा धर्मराज थापालाई पनि अभिनय गराउनुभएछ ?**
त्यो हामीले उहाँलाई दिएको सम्मान हो । रिमिक्स भए पनि गीत नबिग्रिएकाले उहाँ आफै इच्छुक हुनुहुन्थ्यो ।

**यसको छायाँङ्कन असार महिनामै गरिएको हो ?**
साँखु जाने बाटो नजिकैको खेतमा पहाडबाट छ हल गोरु मगाएर अघिल्लो वर्ष हामीले यसको छायाँकन गरेका थियौं ।

– गत शनिबार काठमाडौंको सभागृहमा नेपाली रिमिक्स गीतमा माइकल ज्याक्सन बनेर कलाकार बुद्ध महर्जन नाच्दा दर्शकहरू निकै रमाएका थिए । हास्यश्रृंखला 'तीतो सत्य'का बेइमान अर्थात् रवि डंगोल र छन्दे अर्थात् गोपाल ढकालको समसामयिक प्रहसन 'लोकतान्त्रिक मम' का साथै महादेव त्रिपाठी र रेशम फिरिरीको जोडीले प्रस्तुत गरेको प्रहसनबाट कार्यक्रम निकै मनोरञ्जनात्मक भएको थियो । नृत्य, अभिनय, संगीत आदि ललितकला विषयमा प्रशिक्षण दिँदै आएको जेजे फिल्म्सका लागि शर्मिला श्रेष्ठले आयोजना गरेको कार्यक्रम 'स्टार साँझ'बाट संकलित रकम अनाथ तथा असहाय बालबलिकाको सहयोगार्थ खर्च गरिनेछ ।

– गायक सुदेश खवासको चौथो गीतिसंग्रह 'द सेक्रेट्स अफ लभ' को विमोचन गायक दीपेशकिशोर भट्टराईले गत शनिबार गरे । म्युजिक डटकमद्वारा आयोजित एक समारोहमा उक्त गीतिसंग्रह विमोचन गर्दै गायक भट्टराईले गायक खवासको गायनपक्ष सबल रहेको धारणा व्यक्त गर्दै म्युजिक कम्पनीहरूले गीतिसंग्रहको बजार व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने बताए । कार्यक्रममा गीतकार योगेन्द्रमणि दाहाल, गायक खवास तथा म्युजिक डटकमका प्रबन्धक राजेश वंशलले पनि विमोचित संग्रहका बारेमा प्रकाश पारेका थिए । कार्यक्रममा उक्त संग्रहको एउटा गीतको म्युजिक भिडियोको प्रिमियरसमेत गरिएको थियो ।

– प्रदर्शनको तयारीमा रहेको चलचित्र 'दुनियाँ'का गीतहरूको संग्रह गत साता राजधानीमा आयोजित एक समारोहबीच विमोचित भयो । विनोद शेरचनको निर्माण तथा शिव रेग्मीद्वारा निर्देशित यो चलचित्रमा शम्भुजित बाँस्कोटाद्वारा संगीतबद्ध गीत समावेश छन् । विमोचन समारोहमा संगीतकार बाँस्कोटा भन्दै थिए– 'दुनियाँ' को संगीतमा नयाँ ढाँचा अपनाइएको छ ।'

## अफबिट



फुच्ची प्रशंसक : निमा रुम्बा एक बालिकाको हातमा हस्ताक्षर गर्दै ।
तस्बिर : फुर्सद डटकम

– मृगौलारोगी गायिका सानु पहाडीलाई राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले गत शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा १ लाख १ सय ११ रुपैयाँ प्रदान गर्‍यो । मञ्चद्वारा आयोजित सांस्कृतिक कार्यक्रम 'सन्दर्भ साँझ-२०६३' बाट संकलन भएको उक्त रकम गायिकाको उपचारका लागि हस्तान्तरण गरिएको हो । यसबीच गायिका पहाडीको मृगौला प्रत्यारोपणका लागि ७ लाख रुपैयाँ आवश्यक भएकोमा मधुरिमा कला केन्द्रले डेढ लाख, इलामबाट एक लाख रुपैयाँ गरी हालसम्म नगद साढे चार लाख रुपैयाँ संकलन भैसकेको बताइएको छ ।

– म्याग्दीका नेवार समुदायको मात्र भए पनि विगतदेखि नै विभिन्न जातजातिको सहभागिता रहँदै आएको वर्षे नाच यस वर्ष पनि सम्पन्न भएको छ । म्याग्दीको बेनीबजारमा एक महिना लगाएर सञ्चालित वर्षे नाच नेपाल भाषा मंकाः खलः म्याग्दी तथा सांस्कृतिक उप-समितिको सक्रियतामा सम्पन्न भएको थियो। उक्त अवसरमा गत साउन ७ गतेदेखि भदौ १० गतेसम्म लाखेनाच, घोडेनाच, नागागिनी नाच (सापारु), गोरुजोताइ, रोपाइँ नाच, श्रीकृष्ण रथयात्रा, जोगी नाच, भोटे नाच आदि प्रदर्शन गरिएको थियो ।

– गायक प्रकाश ओझाले आफ्नो नयाँ गीत 'कान्छो भाइ कोक्रोमा ठुल्दिदीले हल्लाउने....' को म्युजिक भिडियो सार्वजनिक गरेका छन् । गत आइतबारदेखि उक्त गीतको भिडियो विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण भैरहेको छ । यो गीत प्रकाशको यसै साता सार्वजनिक भएको गीतिसंग्रह '४७७' मा समावेश छ ।

– गायक दीपेशकिशोर भट्टराई सांगीतिक कार्यक्रमका क्रममा दुबई पुगेका छन् । गत बुधबार त्यसतर्फ प्रस्थान गरेका गायक भट्टराई दुबईमा आज शुक्रबार तथा भोलि शनिबार आयोजित हुने सांगीतिक कार्यक्रममा प्रस्तुत हुनेछन् । कार्यक्रममा त्यहाँ बसोबास गर्ने स्थानीय कलाकारहरूको समेत सहभागिता रहनेछ ।

– गायक अभिनाश घिसिङ र्‍याप गायनमा व्यस्त छन् । आफ्ना लागि नभै अन्य गायक-गायिकाका गीतमा र्‍याप भर्सन प्रदान गरेर पनि उनी लोकप्रिय भैरहेका छन् । उनले र्‍याप भर्सन प्रदान गरेका विभिन्न गीत लोकप्रिय भैरहे पनि आफ्नै लागि भने राम्रो र्‍याप गाउन नसकिरहेको उनको गुनासो छ ।

– नेपाली कलाकारहरूको एक समूहले बेलायतको लन्डनमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ । नेपाली कलाकार संघ युकेले आयोजना गर्न लागेको उक्त कार्यक्रममा गायकहरू राजेशपायल राई, क्रान्ति आले, अनिल सिंह आदि सहभागी छन् । गत साता तीनवटा शोमा विभाजन गरी सम्पन्न गरिएको उक्त कार्यक्रममा नायक श्रीकृष्ण श्रेष्ठ तथा नायिका झरना थापा पनि सहभागी थिए ।

– धादिङका स्थानीय लोकभाकालाई समेटेर तयार पारिएका गीतको संग्रह 'झिल्के दाजु' को विमोचन धादिङको महादेवबेसीमा सम्पन्न भएको छ । सिड्र्स धादिङद्वारा आयोजित उक्त समारोहमा लोकदोहोरीका कलाकार तथा स्थानीय बासिन्दाले उक्त गीतिसंग्रह सामूहिक रूपमा विमोचन गरेका थिए । वैरागी कुमारको शब्द संकलन तथा लय रहेको उक्त संग्रहमा अरुण लामा तथा सुब्बा लामाको स्वर सुन्न सकिन्छ ।

– रोजिना निर्भाना कलाकेन्द्र, काठमाडौंले पोखरामा लोकदोहोरीका नयाँ प्रतिभाको खोजी गर्ने प्रतियोगिता सञ्चालन गरेको छ । नवप्रतिभा खोज्ने क्रममा केन्द्रले पहिलो पटक सर्वाधिक दस लाख रुपैयाँ राशिको लोकदोहोरी प्रतियोगिता आयोजना गर्न लागेको हो । गत शनिबार प्रारम्भ भएको उक्त प्रतियोगिता 'दोहोरी रत्न नवप्रतिभाको खोजी' शीर्षकमा सञ्चालन भैरहेको छ । २४ दिन चल्ने यो प्रतियोगितामा दुई दर्जनभन्दा बढी कलाकारको सहभागिता छ । पोखराबाट अन्तिम चरणका लागि जम्मा आठ जना कलाकार छनौट हुनेछन् । आगामी कात्तिक ११ गते काठमाडौंमा आयोजना हुने निर्णायक प्रतियोगितापछि प्रतियोविगताका विजेताहरूको घोषणा गरिनेछ ।

## लाइभ शो

– पोखराको चिप्लेढुंगास्थित सिल्क रोड रेस्टुराँ लाइभ म्युजिक प्रस्तुतिका लागि चर्चित छ । पोखराका चार जना युवाले स्थापना गरेको सांगीतिक समूह 'तन्त्र' ले यो रेस्टुराँमा पप तथा आधुनिक गीत-संगीत प्रस्तुत गर्छ । यसबाहेक रेस्टुराँमा राजधानीबाट गएका स्थापित पप गायकहरूलाई समेत अतिथि कलाकारका रूपमा प्रस्तुत गरिन्छ । रेस्टुराँमा शुक्रबार तथा शनिबार राति विशेष सांगीतिक कार्यक्रम प्रस्तुत हुने गरेको छ ।


## नजिकबाट — कोमल वली



| | | |
|---|---|---|
| जन्म मिति | : | वैशाख १ गते |
| जन्म स्थान | : | दाङको टिकरी |
| घरमा बोलाउने नाम | : | कुसुम |
| रुचि | : | संगीत सुन्ने, पुस्तक पढ्ने |
| गायन क्षेत्रमा प्रवेश | : | दुई दशकअघि |
| पहिलो एल्बम | : | राप्तीको झरना |
| पहिलो गीत | : | शिरैमा शिर फूल... |
| पहिलो कन्सर्ट | : | २०४१ ताका काठमाडौंमा |
| पहिलो पटक बजाएको बाजा | : | मादल (राम्रोसँग बजाउन आउने बाजा पनि यही हो) |
| पहिलो म्युजिक भिडियो | : | मलमलकिरी |
| मनपर्ने परिकार | : | इटालियन |
| सबैभन्दा खुसीको क्षण | : | पहिलो पटक गीत रेकर्ड गर्दाको क्षण |
| मनपर्ने संगीतकर्मी | : | शम्भुजित बाँस्कोटा |
| मनपर्ने रंग | : | खरानी |
| मनपर्ने पहिरन | : | प्रायः सबै |
| मनपर्ने स्थान | : | टिकरी, दाङ |
| मनपर्ने सवारी साधन | : | घोडा |
| मनपर्ने सौन्दर्य प्रसाधन | : | लिपिस्टिक |
| मेकअप कत्तिको गर्नुहुन्छ | : | आवश्यकताअनुसार |
| पहिलो सफल एल्बम | : | मलमलकिरी |
| पहिलो फोटोसेसन | : | २०४२ सालमा |
| मनपर्ने खेल | : | गल्फ (म राम्रो पोर्टर हुँ) |
| गायिका नहुनुभएको भए | : | नायिका हुन्थें |
| फुर्सदमा | : | संगीत सुन्छु, पुस्तक पढ्छु |
| कतिवटा गीत गाउनुभयो | : | साढे चार सयजति |

## दुबईमा कलाकारहरूको जमघट

**लेक योन्जन**



फिस्टेल रेस्टुराँ दुबई तथा काठमाडौं रेस्टुराँ अबुधाबीद्वारा संयुक्त रूपमा आयोजित 'नेपाली नाइट' दुबईस्थित अल्नसर ल्याजर ल्यान्डको आईस रिङ हलमा सम्पन्न भएको छ । टिकटमा बेलुका ६ बजेको समय उल्लेख भए पनि कार्यक्रम सुरु हुँदा घडीले आठ बजाइसकेको थियो । नारद खतिवडाको उद्घोषणपछि कार्यक्रमको पहिलो कोसेली सिन्धु मल्लले प्रस्तुत गरिन् । त्यसपछि नायिका नन्दिता केसीले नृत्य गरिसकेपछि स्थानीय कलाकार मनकाजी पपगीत लिएर मञ्चमा आए । पुजाना प्रधान अर्थात् पूजा प्रधान फिल्मी नृत्यमा देखा परिन् । त्यसपछिको पालो रामचन्द्र काफ्लेको अनि दुबईवासी नेपाली कलाकारद्वय शान्ति शाह (मगर) र सागर रेग्मीको युगल फिल्मी नृत्यको रह्यो । जोहेब मानन्धरले आफ्नो नयाँ एल्बम प्रदर्शन गर्दै नयाँ गीत गाए । नायिका बिपना थापा तथा नायक सुशील क्षेत्रीको फिल्मी नृत्यबाट दर्शकहरूले भरपूर मनोरञ्जन लिए । युवा गायक क्रान्ति आलेलाई दर्शकहरूले जोडदार स्वागत गरे । आलेले सरकारी जागिर गाउँदा दर्शकहरू उठेर नाच्न थाले । पुजाना प्रधानको नृत्यले युवावर्ग भुतुक्कै भयो । त्यसपछि स्थानीय गायक दीपक चौलागाईंले हिपपप गीत गाए ।

कार्यक्रम सकिंदा रातको ११:३० बजिसकेको थियो । कार्यक्रमको मध्यान्तरतिर नायिका बिपना थापा दर्शकहरूसमक्ष जनअन्दोलनमा सहिद हुने परिवारहरूको लागि सहयोग गर्न अनुरोध गरे पनि कुनै दर्शकले त्यस्तो सहयोग गर्न सकेनन् । कार्यक्रममा नेपाली लोक कला-संस्कृति झल्कने टिपिकल नृत्य प्रस्तुत नभए पनि दर्शकले रमाइलो माने । हालसम्म दुबईमा भएको नेपाली सांस्कृतिक कार्यक्रमहरूमा सबैभन्दा धेरै दर्शक उपस्थित रहेको यो कार्यक्रम पूर्ण सफल रह्यो । जम्मा १५ वटा गीत तथा ८ वटा नृत्य प्रस्तुत कार्यक्रम आबुधाबी र दुबई गरी दुई ठाउँमा देखाइएको थियो ।



## जीतुचाको जोक्स

एक जना गफाडीले अर्को गफाडीसँग प्रश्न गरेछ : तँलाई थाहा छ, कुकुरहरूले सु गर्दा किन पछाडिको खुट्टा उचाल्छन् ? दोस्रो गफाडी (एक छिन सोचेर) : खोइ था' भएन त ?

पहिलो गफाडी : किनभने परापूर्वकालमा एकपटक एक जना कुकुरको जिजु हजुरबा सु गरिरहेको बेला नजिकको पर्खाल ढलेर मृत्यु भएको रहेछ । त्यस बेलादेखि कुकुरहरूले सु गर्दा खुट्टा उचालेर पर्खाल थाम्ने प्रयास गर्छन् ।

०००

एक जना सरदारजी निकै महँगो मोटरसाइकल चढेर आएको देखेर अर्को सरदारजीले सोधेछ : तैंले मोटरसाइकल त निकै राम्रो किनिछस्, कतिमा किनिस् ?

मोटरसाइकल चढ्ने सरदारजी सान दिँदै : सित्तैंमा पाएको नि ।

दोस्रो सरदार (अचम्म मान्दै) : सित्तैंमा रे, कसरी पाइस् सित्तैंमा ?

सरदारजी : बुझिस, हिजो अफिसबाट घर फर्कदै थिएँ, एउटी राम्री युवती यो मोटरसाइकल चढेर आइन् र मेरो अगाडि आएर रोकिइन् । त्यसपछि उनले मोटरसाइकलबाट ओर्लेर आफ्नो शरीरको पहिरन एक-एक गर्दै खोल्न थालिन् ।

दोस्रो सरदारजी (उत्सुक हुँदै) : अनि अनि ?

सरदारजी : अनि उनले सबै लुगा खोलेर भनिन्, तिमीलाई के चाहिन्छ ? ल लिऊ, अनि मैले उनको यो मोटरसाइकल उठाएर ल्याएँ ।

दोस्रो सरदार (गम्भीर हुँदै) : ठीकै गरिस्, यदि उनको लुगा ल्याएको भए पनि तैंले लाउन मिल्दैनथ्यो ।

०००

बिकुराम नेपालको एउटा झन्डा किन्ने विचार गरेर झन्डा पसलमा गएछ : साउजी, एउटा झन्डा दिनुहोस् न ।

साउजीले विभिन्न साइजको झन्डा देखाउँदै : कत्रो चाहियो तपाईंलाई ?

बिकुदाइ अलि सोचमा डुब्दै : रातो र नीलोबाहेक अरू कलरको झन्डा छैन ?

०००

नायिका रेखा थापासँग एक नयाँ मित्रले सोधेछन् : रेखाजी, तपाईंको जन्मदिन कहिले हो ? रेखा : वैशाख ७ गते । नयाँ मित्र : अनि साल नि ? रेखा : प्रत्येक साल ।

०००

अमेरिकाको भ्रमणपछि घर आएको बिकुरामले आफ्नी श्रीमतीसँग सोधेछ : ए बूढी, के म विदेशीजस्तो देखिन्छु त ?

श्रीमती : पटक्कै देखिंदैन, किन र ?

बिकुराम : ल, मलाई त एक जना अमेरिकन केटीले न्युयोर्कमा तपाईं विदेशी हो भनेर सोध्दै थिई ।

०००

बिकुराम मित्रहरूसँग गफ गर्दै थियो । एक मित्रले सोधेछ– बिकुरामजी, तपाईंलाई बुद्धजयन्तीका बारेमा थाहा छ ?

बिकुराम : बुद्धका बारेमा त धेरै कुरा सुनेको छु तर यो जयन्तीचाहिँ को हो, थाहा भएन ।

०००

तीजको किनमेल गर्न बिकुराम आफ्नी श्रीमतीसँग ट्याक्सीमा चढेर बजार जाँदै थियो ।

झिल्के ट्याक्सीचालक घरी-घरी ऐना मिलाउँदै पछाडि आफूसँगै बसेकी आफ्नी श्रीमतीलाई हेरेको देखेर रिसाउँदै : ओ भाइ, के हो त्यसरी अर्काकी श्रीमतीलाई ऐना मिलाउँदै छिनछिनमा त्यसै हेर्न पाइन्छ ? अब तिमी पछाडि सिटमा बस, ट्याक्सी म चलाउँछु ।

## कविता

### बाध्यता



माफ गरिदेऊ दुःखे तिम्रो चित्त,
फेरि फर्केर हेर्न सकिनँ,
मन मेरो टुटिसकेको थियो,
फेरि साथ दिन सकिनँ...।
बिर्सने प्रयास गरें धेरै तर
यो मन आफैं मान्दैन किन ?
विश्वास गरी साथ दिएँ
फेरि यो हात छाड्यौ किन ?
भन्छ्यौ तिमी फर्केर आऊ ।
छुटिसकेको त्यो हात
सक्दिन म फेरि थाम्न....।
रोज्यौ तिमीले महल,
नजाऊ पनि भन्न सकिनँ ।
केही दिनमै धोका पायौ,
फेरि यो मन थाम्न सकिनँ,
अँध्यारो लाग्छ संसार मलाई,
कसैलाई भन्नै पनि सकिनँ.....।
तिमीले बुझिनौ महलै ठूलो होइन
विशाल हुन्छ मन, ठूलो हुँदैन धन
फेरि पनि खुसी रहनु बनाइसकें
मैले बेग्लै संसार
बढिसकें धेरै अगाडि, मोडिएर
फेरि अब सक्दिनँ तिम्रो हात थाम्न.....।

–अञ्जली

### झरे पनि भयो अब

ओइलाएको पात हुँ म झरे पनि भयो अब
घातमा जिउनुभन्दा मरे पनि भयो अब
बलेसीको पानीसँग आँसु दाँज्न थालेपछि
सधैंका लागि आँखा बन्द गरे पनि भयो अब
सुख छँदा साथ दिई दुःखमा घात गरेपछि
तड्पिएरै यो जिन्दगी टरे पनि भयो अब
निष्ठुरीको धोका खाई तड्पिएर बस्नुभन्दा
आफ्नै छुट्टै दुनियाँमा सरे पनि भयो अब
ओइलाएको पात हुँ म झरे पनि भयो अब
घातैघातमा जिउनुभन्दा मरे पनि भयो अब ।

– राजकुमार आचार्य

### त्यस बेला

त्यस बेला फूलहरू फुलिरहेका हुनेछन्
त्यस बेला चराहरू गाइरहेका हुनेछन्
त्यो शीतल पवनको आगमनमा
त्यस बेला डाँफेहरू नाचिरहेका हुनेछन्
प्रलयको तरबारमा सेरिएको
अस्वाभाविक आकाश, एकाएक कञ्चन हुनेछ
त्यस बेला चर्किएका आमाका रुग्ण छातीभित्र
रक्तपातको किनारलाई छाडेर बहुलाउनेछैन
त्यो नवप्रहरको खुसियालीमा
मेरी आमा वसन्त भएर आउनेछिन्
त्यस बेला मजुरहरू नाचिरहेका हुनेछन्
त्यस बेला यो घाम यसरी चर्कनेछैन
एउटा अस्तित्वको जन्म हुनेछ
त्यस बेला भ्रातृत्व बाँचिरहेको हुनेछ
त्यस बेला हिमाल हाँसिरहेको हुनेछ ।

– राजकुमार श्रेष्ठ

### माफ गरिदेऊ

माफ गरिदेऊ म तिम्रो हुन सकिनँ
कसैको भैसकें घात गर्न सकिनँ
मेरो वरिपरि तिमी सधैं आएको
बिना अनुरोध तिमीले गीत गाएको
तिम्रो नयन मलाई पछ्याउने
बोली तिम्रो त्यसै अड्कने
माफ गरिदेऊ तिम्रो हुन सकिनँ
कसैको भैसकें घात गर्न सकिनँ
कहाँ बेर भएछ तिम्रो-मेरो चिनारीमा
ठीकै छ यो जुनी बाँचौं भएर दूरीमा
तिम्रो-मेरो गीत बनाउने
मुटुभरि माया सजाउने
माफ गरिदेऊ म तिम्रो हुन सकिनँ
कसैको भैसकें घात गर्न सकिनँ ।

– दर्शन दिनेश

## लघुकथा

### दोधार

यतिबेला ऊ आफ्नो प्रेमको खोजीमा सहरका गल्ली-गल्ली चहार्दैछ । लामो कद, जिङ्ग्रिङ्ग परेको केश, झुप्प पालेको दाह्री, पुरानो कमिज र पाइन्ट भिरेको थियो- उसले । यही नै उसको सामान्य परिचय पनि हो । करिब एक वर्ष भयो ऊ यसरी यो क्षेत्रमा देखा परेको । गाउँबाट ठूलो मान्छे बन्ने सपना पालेर सहर पसेको ऊ हिंड्दै जाँदा एक्कासि ठोक्किएर पछारिन पुग्यो । यसरी ठोक्किनुमा सघाउ पुऱ्याएकी थिई, उसकी विछोडिएकी प्रेमिकाले । क्याम्पस पढ्दाको प्रेम झाङ्गिनै नपाई बीचमै तुहियो । किनकि उनीहरूको मायामा पैसाको परिभाषा बेग्लाबेग्लै अर्थमा बुझियो । जसको चोटका कारण विक्षिप्त बनेको ऊ अझै पनि बाबु-आमाको सपनालाई सहरका सडकमा छर्दै थियो । प्रेमका विभिन्न परिभाषा फलाक्दै जाँदा ऊ मानसिक रूपले कमजोर देखिँदै गयो, जति ऊ शारीरिक रूपमा रोगी देखियो ।



ऊ एक दिन मन्दिर परिसरमा पुग्यो । युवा-युवतीहरू आफ्नो प्रेमलाई जीवन्त राख्न त्यस दिन उक्त मन्दिरमा पुग्नुपर्ने विश्वास राख्छन् । नजिकैको पार्कमा जोडीहरू छिल्लिँदै छन् । मन्दिर जाने-आउनेको ताँती नै छ । मानौं त्यहाँ एक प्रकारले प्रेमको मेला लागेको छ, तर प्रेममा विरक्तिएको ऊ मन्दिर किनारमा लहरै बसेका भीख माग्नेहरूको छेउमा उभियो । नजिकैको एउटा ढुंगामा लुलो शरीर अड्यायो । उसले देख्यो- परबाट एक जोडी भीख माग्नेहरूको लहरबाट आफूतिर आउँदैछन् । युवतीसँगै रहेको युवक पर पुगी मोटरसाइकल स्टार्ट गर्न थाल्यो । युवतीले काखमा च्यापेको शिशुले उसप्रति इङ्गित गर्दै हात तेर्स्यायो । युवती फरक्क ऊतिर फर्की । हातमा रहेको पोको काखमा फ्याँकिदिई । अनि मोडिई आफूसँगै आएको युवकतिर । त्यो जोडी एकैक्षणमा अलप भयो । ऊ त्यही युवती थिई, जसले उसलाई त्यहीं मन्दिरमा भ्यालेन्टाइन डेका दिन हातमा फूल दिंदै भनेकी थिई- 'आइ लभ यू ।' उसले उनलाई चिने पनि मुख फोर्न सकेन, फेरि उनले त्यो मौका पनि दिइनन् । उसले काखमा थमाइएको प्लास्टिकको पोको खोल्यो, केही सिक्काहरू तल पींधमा अडिएका थिए । उसले खुट्याउनै सकेन- 'यो प्रेमको उपहार हो वा अन्य केही ?'

–विजय नेपाल

# वैदेशिक रोजगार : खाँचो छ नयाँ नीतिको

सुङ्नाम गाविस वडा नं. ८ तेऱ्हथुमकी गंगा फुदुङ, २८ विदेश जान खोजेको करिब तीन वर्षपछि खाडीराष्ट्र कतार पुगिन् । गाउँकै दाइ पर्ने आफन्तको फेर समातेर उनी पहिले काठमाडौं आइन् । सात दिनको राजधानी बसाइपछि लुकीछिपी भारतको बाटो हुँदै उनी कतार पुगिन् । त्यसबखत गङ्गाको हातमा न कुनै सीप थियो न त योग्यताको सर्टिफिकेट नै, थियो त केवल पैसा कमाउने धुन ।

पैसा कमाउने मन नहोस् पनि किन ? १० वर्षमुनिका तीनवटा सन्तानलाई गङ्गाको जिम्मामा छोडेर उनका श्रीमान् बिते । त्यसपछि गङ्गाका लागि दुःखका दिन सुरु भए । बनिबुतो गरेर एकछाक खान र एकसरो लाउन पुगेकै थियो, तर श्रीमान्को असामयिक मृत्युले त्यो पनि हुन छोड्यो । त्यसपछि लालाबालालाई माइतीको जिम्मामा छोडेर उनी आफैं घरबाहिर निस्किन् ।

खेत बन्धक राखेर निकालेको ७० हजार रुपैयाँ खर्च गरेर बल्लबल्ल गन्तव्यमा पुगेकी गङ्गालाई ठेसमाथि ठेस लागिरह्यो । साक्षर गंगालाई कतारमा बोलिने अरबी भाषा आउने त कुरै थिएन अङ्ग्रेजीको 'अ' पनि आउँदैनथ्यो । पठाउनेले 'घरको काम' गर्नुपर्छ भनेपछि नेपालमा हुँदा १० वर्षको उमेरदेखि घरको काम गरेकी गङ्गाले त्यसलाई सहर्ष स्वीकार गरेकी थिइन् । बिचरी गङ्गालाई के थाहा सुङ्नामको घरको काम र कतारको घरको काममा आकाश-जमिनको फरक छ ।

सुरुमा गङ्गा जुन घरमा पुगिन् त्यहाँ ग्याँस बालेर खाना पकाउनुपर्ने थियो । आधुनिक उपभोग्य सामग्रीका नाममा प्रेसरकुकरबाहेक केही नदेखेकी गङ्गाले फ्रिज, राइसकुकर, ओभन, टोस्टर, ग्ल्यान्डर, टी पट, वासिङ मेसिनजस्ता भाँडाकुँडा त कहिल्यै देखेकै थिइनन्, अब परेन फसाद ! नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छा बाबुको अनुहार । तर गङ्गाको साहू राम्रै परेछ । पैसा नदिने सर्तमा सात दिनसम्म उनलाई तालिम दिइयो । त्यसपछि उनी केही जान्ने भइन् । कतिपटक त चक्कु चलाउन नजान्दा हात काट्यो, विद्युतीय सामानमा करेन्ट लाग्यो गङ्गा भन्छिन्, तर मेहनत गर्दै गएपछि बिस्तारै जान्ने भएँ ।

गङ्गाको सुझाव छ, के कामका लागि जान लागेको ? घरको काम भए पनि त्यहाँ के-के गर्नुपर्छ ? कस्ता सामग्री चलाउनुपर्छ ? कति समय काम गर्नुपर्छ ? जस्ता प्रश्नका जवाफ लिएर मात्रै अर्काको देशमा काम गर्न जानू । यो सुझाव महिलाका लागि त अपरिहार्य छ नै पुरुषले पनि यसमा सरोकार राख्नुपर्छ ।

गङ्गा एउटी प्रतिनिधि पात्र मात्र हुन् । नेपालजस्ता तेस्रो राष्ट्रबाट विदेश जाने महिलाको मात्रै होइन पुरुषको अवस्था पनि गङ्गाकै जस्तो हुन्छ । खेतबारीमा त काम गरेकै छ नि भनेर विदेश गएका कति दाजुभाइ त्यहाँको प्रविधिसँग परिचित हुन नसक्दा अपाङ्ग भएका छन् वा ज्यान नै गुमाएका छन् ।

अब स्वाभाविक रूपमा प्रश्न उठ्छ- त्यसो भए यो समस्याको समाधान के त ? वैदेशिक रोजगार संघका नवनिर्वाचित अध्यक्ष एलपी सावाँ भन्छन्- 'जानेले आफू जानुअघि के काम गर्न जाँदैछु भन्ने थाहा नपाई जान्छन् र पठाउनेले पनि के काममा पठाएको हो त्यसको विस्तृत जानकारी नदिनाले यस्ता घटना बारम्बार दोहोरिएका छन् ।' त्यसो त वैदेशिक रोजगारमा पठाउनेले उता गएर गर्ने कामको जानकारी मात्रै होइन सामान्य तालिमसमेत दिएर पठाउनुपर्ने नियम छ, तर त्यो रोजगारमा जाने र पठाउनेको कमजोरीका कारण कार्यान्वयन भएको छैन । यतिसम्म त ठीकै छ तर भएका नियम कार्यान्वयन नभएको विषयमा राज्यले सचेत हुनुपर्ने र खबरदारी गर्नुपर्ने हो त्यो पनि भएको छैन ।

रोजगार व्यवसायीहरूका अनुसार घरको काम गर्न लगेको मान्छेले केही नजानेपछि आवेशमा आएर कतिपय मालिकले गाली-गलौज गरेर फर्काइदिएका पनि छन् । केही यौनशोषणमा पनि परेका छन् । आफ्नो जायजेथा दाउमा राखेर कमाउन गएकाहरू आफूले चाहेको काम नपाए 'जे पनि' गर्न तयार हुनु केहीका लागि रहर होला तर अधिकांशको बाध्यता नै हो । यसतर्फ राज्य, वैदेशिक रोजगार व्यवसायी संघ तथा कामदारसमेत सचेत हुनुपर्ने देखिन्छ । तर, यसमा सबैभन्दा बढी दायित्व राज्यकै हुन्छ । देशको अर्थतन्त्रलाई निर्देशित गर्ने एउटा तत्व वैदेशिक रोजगारबाट आउने 'रेमिटेन्स' पनि एक हो भन्ने कुरालाई मनन गर्नु जरुरी छ ।

नेपालमा देखिएका प्रमुख समस्यामा एउटा राज्यको आन्तरिक नीतिनिर्माणको हो भने अर्को वैदेशिक रोजगार व्यवसायीहरूले आफ्नो दायित्व र लगानीअनुसारको साख बचाउन नसक्नु पनि हो । दक्षिण एसियाका राष्ट्रमा पनि श्रीलङ्का, बङ्गलादेश आदिका रोजगार व्यवसायी बढी परिपक्व, अनुशासित एवं व्यावसायिक देखिएका छन् । हैसियतका रूपमा नेपालको स्थिति उनीहरूको भन्दा कम नभए पनि व्यवसायी स्वयं एक-अर्काको खिचातानी वा आरोप-प्रत्यारोपमा बिताउने गरेकाले जनमानसमा अझै पनि उनीहरूको योगदानको कदर हुन सकेको छैन । जसका कारण महत्त्वपूर्ण योगदान भएर पनि वैदेशिक रोजगार व्यवसायीहरू सधैं आलोचित हुँदै आएका छन् ।

यस विषयमा वैदेशिक रोजगार संघका अध्यक्ष पनि अनभिज्ञ छैनन्, तर उनी व्यवासायीबीचको अस्वस्थ प्रतिस्पर्धाका कारण मात्र यो पेसालाई अमर्यादित रूपमा बुझ्नु गलत हो भन्छन् । रोजगारीमा जाने नै सचेत नभएकाले तिनका कमी-कमजोरीले गर्दा आइपर्ने समस्याको जिम्मेवारी पनि रोजगार व्यवसायीले लिनुपरेको उनको गुनासो छ । यसमा राज्यले जुन दायित्व निर्वाह गर्नुपर्ने हो, नभएकाले पनि समस्या बढेको उनको ठहर छ । राज्य कहिलेकाहीं रोजगारदातालाई जुटाउनेभन्दा फुटाउने काममा उद्यत् हुने गरेको पनि उनी बताउँछन् । नेपालीहरू अव्यवस्थित किसिमले विदेश जाँदा उनीहरू हरेक दृष्टिकोणले असुरक्षित हुन्छन् । जोखिमपूर्ण काम गरे पनि कतिपय नेपालीहरू पारिश्रमिकमा ठगिएका छन् । यसको निराकरणका लागि पनि राज्यले नै नीति बनाउनुपर्ने देखिन्छ ।

युनिफेमकी कार्यक्रम अधिकृत सरु जोशीका अनुसार फिलिपिन्स, इन्डोनेसिया, श्रीलङ्काजस्ता राष्ट्रले वैदेशिक रोजगार व्यवसायलाई साह्रै इज्जतिलो बनाएका छन् । राज्यले पनि उनीहरूको कुरा सुन्न बाध्य भएको छ । तर, नेपालमा भने रोजगारको पुरानो इतिहास भएर पनि यसलाई जनमानसमा उजिल्याउन सकिएको छैन । युनिफेमले यसपटक संयुक्त राष्ट्र संघमा आप्रवासी महिलाका बारेमा कुरा राख्न पाउनेछ । यसले पनि विशेषतः आप्रवासी महिलाको हक-हितमा आवाज अझ सहयोग गर्नेछ ।

खाडी मुलुक जान चाहने महिलाहरूले संस्थागत रूपमा मात्रै जान पाउने प्रावधान यहाँ विद्यमान छ । संस्थागत भन्नाले अस्पताल, डिपार्टमेन्टलस्टोर, पाँचतारेभन्दा माथिका होटललगायत पर्छन्, तर महिलाहरू धेरै व्यक्तिगत रूपमा गएका छन् । जसमा धेरैजसो घरेलु कामदारको रूपमा त्यहाँ पुऱ्याइएका छन् । एकातिर सरकारी बन्देज अर्कातिर त्यसैमा जाने मान्छेको चाप, संघका महासचिव हंसराज वाग्ले भन्छन्- 'त्यसो गर्दा महिलाहरू कहिलेकाहीं अप्ठ्यारोमा परेका छन् ।' उसो भए महिलालाई व्यक्तिगत रूपमा पनि जाने स्वीकृति दिए समस्या समाधान होला ? 'स्वीकृति मात्रै समाधानको सूचक होइन', वाग्ले थप्छन्- 'स्वीकृति दिएपछि अनुगमन गर्ने संयन्त्रको विकास हुनुपऱ्यो, सम्बन्धित राष्ट्रसँग कामदार पठाउने सम्झौता गर्नुपऱ्यो अनि मात्रै दिए हुन्छ स्वीकृति ।'

प्रक्रिया नपुऱ्याई दिइएको स्वीकृतिले रोजगार व्यवसायीलाई नै पिरोल्ने धारणा उनीहरूको छ । परिवर्तित राजनैतिक परिवेशमा यो क्षेत्रमा पनि 'अब केही होला' भन्ने आशा पलाएको अध्यक्ष सावाँको कथन छ ।

संघले पूरा गर्नै नसक्ने महत्त्वाकांक्षी योजना बनाएको छैन । संघले कुन देशमा कति नेपाली संस्थागत रूपमा रोजगारीमा गएका छन् तिनको संख्या सङ्कलन गर्ने, विदेशमा गएर पनि विविध कारणले काम गर्न नसकेर फर्किएकाहरूका निम्ति एक कल्याणकारी कोषको स्थापना गर्ने, फर्किएर आएकाहरूको एक्सपर्टिजलाई प्रयोग गर्दै बाहिर जान चाहने नयाँलाई तालिम दिलाउने, आचारसंहिताको पालनामा कडाइ गर्नेजस्ता योजना अघि सारेको छ ।

**सञ्चारिका लेखमाला**

# तपाईंलाई सधैं दुःख दिइरहने एउटा कुरा के हो ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. प्रेम गर्दा सबैभन्दा ठूलो डर कुन कुराको हुन्छ ? किन ?
२. नेपालको राजनैतिक समस्या के गरे समाधान होला ?
३. विवाहपूर्वको यौनसम्बन्ध कत्तिको उचित हो ? किन ?
४. के गरे पैसा कमाइन्छ ?
५. सफल मान्छे हुन के गर्नुपर्छ ?
६. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
७. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
८. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
९. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
१०. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?

मलाई सधैं दुःख दिरहने कुरा मेरो अतित हो । जब म पुराना दिनहरू सम्झन्छु मलाई पीडा हुन्छ र आफैंलाई सम्हाल्न सक्दिनँ ।

**प्रमिला गुरुङ**

माया, किनभने कहिलेकाहीं यही माया बढी भएर धोका खाई दुःख पाइन्छ ।

**प्रतिमा अधिकारी** (१७), **धरान**

मलाई अतीतका ती यादहरूले धेरै तडपाउँछन् । अतीतलाई सम्झिएँ भने न दिनमा भोक नै लाग्छ न रातमा निद्रा पर्छ ।

**अञ्जु गुरुङ** (१८), **काभ्रे**

के हुनु नि..., उही मोरीको विगतको मीठो स्मृति क्या । मोरी सँगसँगै हिंडेको, डुलेको यादले अहिले पनि निकै पीडा दिन्छ । जब उनको याद आउँछ, एकान्तमा गएर आँसु पिउँदै बस्न विवश हुन्छु ।

**यल्जी तमू** (२१), **ताप्लेजुङ**

हामी नेपालीको गौरवको प्रतीक सगरमाथाको उचाइ कहिले घट्यो भन्छन्, कहिले बढ्यो भन्छन्, स्ट्यान्डर्ड नहुँदा टेन्सन भैसक्यो भन्या ।

**युगलकिशोर लामिछाने, बारा**

दुःख त साह्रै पऱ्या'थ्यो नि के गर्नु, भन्न नमिल्ने, भन्यो कि छाप्दिहाल्नुहोला फेरि । सुटुक्क भनौंला हुँदैन ?

**उमेश खनाल** (२२), **विराटनगर**

उनको सिउँदो पुर्न नपाएको अनि उनलाई सुमर्न यो जुनीमा नलेखेको कुराले ।

**जय श्रेष्ठ** (१९) **भक्तपुर**

बिनाकारण साथीभाइले कुरा काटेर मसँग नबोलेका ।

**बुद्धिबहादुर भुजेल, भक्तपुर**

उनले पहिले चाहिँ स्वीकारेर हाल इन्कार गर्नु ।

**प्रकाश श्रेष्ठ**

विवाहमा गतिलो गहनापात ल्याएन भनेर ससुराली पक्षले गाली गर्नु ।

**शिवराज, भक्तपुर**

मर्दा, पर्दा आफन्तले नसम्झनु ।

**मैया भुजेल, काभ्रे**

विवाह गरेर झमेलामा फस्नु ।

**किरण पौडेल, भक्तपुर**

दुर्गम ठाउँको खटन, सोल्टिनीको नमीठो वचन ।

**राज भुर्तेल**

मेरा परम मित्रलाई उनीहरूले किन गाली गरे होलान् भन्ने कुराले ।

**हिमकुमार थापा**

पेट, साह्रै दुःख दिने कुरा हो ।

**अमर उदासी, ओखलढुंगा**

उनले बोलेका छुद्र वचन ।

**शुभचिन्तक थापा**

उनीसँग घरजम बसाउन नपाउनु ।

**सुवेश भडेल** (२३), **चाँगुनारायण**

लगनगाँठो कस्न नपाउनु ।

**विकास श्रेष्ठ** (२४)

उनलाई आफ्नो बनाउन नपाउनु ।

**भक्तबहादुर श्रेष्ठ**

घरमा भएको ऐना, सधैं मेरै अनुहार मात्र देखाउँछ ।

**पागल साथी, मलेखुबजार**

कसरी भन्नु खै ? मन परेको मान्छेलाई अर्कैले सिन्दूर हाल्यो ।

**सुरेन्द्र खड्का, सुन्दरीजल**

गरेको काममा साथीभाइ तथा आफन्तले जस नदिनु ।

**प्रदिम्न पौडेल, भक्तपुर**

उनको मुहार, कारण के हो भने उनलाई पाउन खुबै पिछा गरियो तर पाउन सकिएन ।

**हेमकुमार थापा**

छुच्ची सासूको वचन ।

**कल्पना**

भुपू मायालुको हेराइ तथा बाढी आउँदाको तराई ।

**सुमन वाग्ले** (२५), **चाँगु**

कसैले मेरो श्रीमान्को आलोचना गरेको कुरा ।

**शारदा**

समकालीन साथीले उच्च ओहोदामा पुगेर आफूलाई हप्काएको क्षण ।

**राज्यलक्ष्मी दुवाल**

मैले केही नभन्दा पनि उनले किन हो ? बोल्न मन लागे बोल्नु नत्र नबोल्नु भनिन्, त्यही कुराले सताइरहन्छ ।

**सन्तोष कार्की**

दुःख वा समस्या पर्दा म भगवान्लाई सम्झन्छु, किनभने भगवान् अदृश्य छन् ।

**अजय चौधरी** (१५), **सप्तरी**

साथीभाइको लहलहैमा लागेर हस्तमैथुन गर्ने बानी ।

**आकाश असिम, भक्तपुर**

मेरो मुहार, कालो मुहार भएकै कारण कोही पट्टिएनन् ।

**नीलबहादुर श्रेष्ठ**

मायालुले धोखा दिएर अर्कैसँग जानु ।

**रेलकुमार तामाङ**

समयलाई चिन्न नसक्नाले, उन्नति गर्न सकिएन ।

**उषा थापा** (२०), **धापाखेल**

त्यसबेला उनले मलाई अवैधानिक रूपमा बोलाउने तर हाल वास्ता नगर्नु ।

**पुष्कर पौडेल, भक्तपुर**

मेरो जीवनमा हालसम्म त्यस्तो घटना घटेको छैन ।

**अज्ञानी** (२०)

असोज २५ गतेको रात, त्यो रात जब उनले मलाई बोलाइन् म खुसी थिएँ । त्यसपछिका दिन र रात म दुःखी छु ।

**सन्देश राई**

उहाँ हालसम्म स्वस्थ नहुनुभएको कुरा ।

**पवित्रा थापामगर**

छ्या त्यति त हो नि, चाहिएको बेला नेटवर्क बिजी, सम्पर्क हुन सकेन, अनि आफू बिजी भएका बेलाचाहिँ बजेको बज्यै, रेशम फिरिरि...।

**रोशनकुमार श्रेष्ठ** (२४), **काभ्रे**

मलाई जागिर खान पठाएर उनी अर्कैसँग भाग्नु ।

**कपिल पौडेल**

उहाँको बानी नसुध्रिएको देख्दा मलाई सधैं दुःख लागिरहन्छ ।

**ललिता**

उसको वचन, उनी आफैले पूरा नगरेको तर दोषचाहिँ मलाई दिएको ।

**मीरा श्रेष्ठ, भक्तपुर**

उनको र मेरो प्रणयपथमा अरूले भाँजो हालेको घटना ।

**शिवराम तिमिल्सिना**

पैसा हो पैसा, मान्छेले यसका लागि नाम, इनाम र के-के बेच्छन् । मैले जति प्रयास गरे पनि बैंक ब्यालेन्स सधैं जिरो...।

**sadroshn@hotmail.com**

जति उद्यम गरे पनि धन कमाउन नसक्नु ।

**राजेन्द्र थापा**

धेरै पढेर ठूलो मान्छे हुन नपाउनु ।

**सुन्तली खड्का** (२४), **सुन्दरीजल**

मलाई सधैं दुःख दिइरहने एउटा कुरा भनेकै मत्यु हो, किनकि मृत्युलाई सम्झिँदा केही कामै गर्न मन लाग्दैन, जन्मिएपछि मर्नैपर्ने कस्तो अचम्म ?

**पुष्प श्रेष्ठ**




**प्रश्न : म ३५ वर्षीय विवाहित महिला हुँ । मेरा दुई छोराछोरी छन् । म विगत १२ वर्षदेखि सरकारी कार्यालयमा कार्यरत छु । १० वर्षअघि मैले आफूभन्दा सानो पदको अरू कुनै कार्यालयको कर्मचारीसँग यौनसम्बन्ध राखेका कारण गर्भधारण भएपछि निजसँगै अन्तरजातीय विवाह गरेकी हुँ । यता आएर विगत एक वर्षदेखि मेरो अफिसको ५५ वर्षीय हाकिमले मसँग यौनसम्पर्क गर्ने गरेको छ । आर्थिक प्रलोभन तथा प्रतिष्ठाका लागि मैले सबै कुरा स्वीकार गरेकी हुँ, जसको फलस्वरूप मेरो आर्थिक हैसियत र कार्यालयमा प्रतिष्ठा बढेको छ । कार्यालयमा मैले जे भन्यो त्यही हुन्छ । कार्यालयको कार्यक्रमको रकम पेस्की निकाली ५ प्रतिशतभन्दा कम खर्च गरी ९५ प्रतिशत बाँड्ने गरेका छौं । जबर्जस्ती फाँटबाट निकालिएका पहिलेका कर्मचारीले सबै रकम काममै खर्च गरी हाकिमलाई नदिने भएकाले मैले नै बुद्धि लगाएर हाकिमलाई वशमा पारेकी हुँ । यसबाट म मालामाल पनि भएकी छु । हाकिमको त दुवै हातमा लड्डु परेको छ, तर अब सबैले शंकाको दृष्टिले हेरिरहेका छन् । श्रीमान् अफिस तथा केटाकेटी स्कूल गएको मौका पारी आफ्नै वा हाकिमको कोठामा नियमितजस्तै यौनसम्पर्क भैरहन्छ । यो कुरामा श्रीमान्लाई पनि शंका हुन थालेजस्तो छ, तर सोझो खालको भएकाले श्रीमान्ले मसँग सीधै कुरा गर्ने हिम्मत गरेका छैनन् । हाकिमसँग लागेर आफ्नै साथीहरूलाई अनावश्यक दुःख दिएकोमा मलाई पछुतो लागेको छ । मलाई अब त्यसरी अनुचित यौनसम्बन्ध राख्न मन छैन, तर यौनसम्बन्ध नराख्दा हाकिम रिसाई सबै कुरा गुम्ने हुँदा प्रतिष्ठा र धन गुमाउन मन पनि छैन । अब म के गरौं ?**

**–पी.**

**उत्तर :** तपाईंले आफ्ना श्रीमान्सँगको वैवाहिक वा यौनसम्बन्धका बारेमा भने खासै केही लेख्नुभएको छैन । तपाईंले चर्चा गर्न नचाहनुभए पनि एक किसिमको असन्तुष्टि तपाईंमा रहेको आभास भने पाइन्छ । युवावस्थाको सुरुका बेलामा भएको यौनसम्बन्धले तपाईंको जीवनलाई अर्कै मोड दिएको देखिन्छ । तपाईंले आफ्ना श्रीमान्लाई दिनुपर्ने माया र आदर पनि नदिनुभएको झझल्को पत्रमा पाइन्छ । त्यसको सट्टा तपाईंले वैकल्पिक यौनसुखका लागि मात्र होइन, मान-प्रतिष्ठा अनि धनका लागि फरक बाटो रोज्नुभएको देखिन्छ । यी कुरा पनि विस्तृत रूपमा लेख्नुभएको भए समस्या समाधानका विषयमा विश्लेषण गर्न सजिलो हुन्थ्यो ।

**अफिस र यौनसम्बन्ध**

मानिस निरन्तर रूपमा यौनसुख प्राप्तिका लागि लागिपरेको हुन्छ र यसका लागि यौनसम्पर्कको अवसर खोज्नु र त्यसको उपयोग गर्नु कुनै आश्चर्यको कुरा होइन । विशेष गरेर वैवाहिक सम्बन्धभित्र यौनसुखको अवसर चाहेअनुरूप नपाए पक्कै नै यस्ता अवसरको खोजी र उपयोग दुवैमा तीव्रता आउँछ । सामान्यता कार्यालयको कुरा गर्दा त्यहाँ लैङ्गिक विभेद हुने र विशेष गरेर महिलामाथि यौनदुर्व्यवहार वा शोषणसम्म हुने देखिन्छ । त्यसैले मानवअधिकारवादीहरूले विश्वभरि नै यस्ता कुराका विरुद्ध अभियान चलाएका छन् महिलाहरूलाई यस्ता परिस्थितिबाट बच्न सचेत बनाउन, तर तपाईंको कुरा सुन्दा तपाईंका हाकिमले तपाईंलाई कुनै किसिमको दबाब दिएर यौनसम्पर्क राखेको भन्न सकिने स्थिति देखिँदैन । तपाईंकै मायाजाल वा प्रलोभनमा परेर पनि यस्तो भएको हुनसक्छ ।

**लाभका लागि यौनको प्रयोग**

यकिन भन्न नसकिए पनि तपाईंको मान-प्रतिष्ठा तथा धनको चाहनाले नै यतातिर डोऱ्याएको हुनसक्छ । संसारभरि नै यौनसुखका लागि मात्र यौन वा यौनसम्पर्कको प्रयोग सीमित भएको देखिँदैन । यौनसुखको बल्छी राखेर आर्थिक, राजनैतिक वा अन्य लाभका लागि व्यक्तिहरू प्रयोग हुने स्थिति व्यापक छ । कतिपय स्थितिमा व्यक्ति अर्काको दबाबमा यी सबै कार्य गर्न बाध्य हुन्छ भने कतिपय स्थितिमा आफ्नो स्वविवेकमा । तपाईंको स्थिति आफ्नै इच्छामा भएजस्तो देखिन्छ, तर कतै दबाब थियो-थिएन, विचार भने गर्नुहोला ।

**मान-प्रतिष्ठाका कुरा**

शीघ्र आर्थिक लाभका लागि गरिएका यस्ता कियाकलापले तपाईंको मान-प्रतिष्ठा बढेको, तथा आर्थिक रूपमा सबल भएको कुरा तपाईंको पत्रमा उल्लेख छ । यस्ता कुराको निश्चित मापदण्ड खोज्न कहिलेकाहीं गाह्रो हुने भए पनि तपाईंलाई पछुतो लागेको कुरा गर्नुले वा श्रीमान् तथा अरूले शंका गर्न थालेको कुराको भय होस्, तपाईं आफैं पनि साँच्चिकै मान-प्रतिष्ठा बढेको कुरामा विश्वस्त हुनुहुन्न भन्ने कुरा स्पष्ट छ । आर्थिक हैसियत बढे पनि त्यसको क्षणिकताको पनि तपाईंलाई राम्रो ज्ञान भएको देखिन्छ । छोटकरीमा के भन्न सकिन्छ भने तपाईंको यो मान-प्रतिष्ठा तथा आर्थिक हैसियत अति नै कमजोर धरातलमा मात्र होइन, नाजायज धरातलमा उभिएको छ, जसलाई तासको महलजस्तै सानै हावाले पनि छताछुल्ल पारिदिन सक्छ ।

**कसरी उम्कने ?**

गम्भीर प्रश्न यही हो । अफिसमा हैसियत भएको र तपाईंको कुरा मानिएको जस्तो देखिए पनि तपाईंको हैसियत राम्रो धरातलमा नभएकाले अहिले तपाईंले भनेको मान्ने व्यक्ति तपाईंका कुरा नमान्ने मात्रै होइन, तपाईंको विरोधमा पनि हुन सक्छन् । यौनसम्बन्धी कुरा बाहिर आएपछि तपाईंलाई कार्यालयमा मात्र होइन, परिवार र समाजमा त्यसको सामना गर्न निकै गाह्रो हुनेछ । तपाईलाई साथ दिने साथी भेटिन गाह्रो हुनसक्छ ।

सर्वप्रथम त तपाईं के गर्न चाहनुहुन्छ, स्पष्ट हुनुहोस् । आफ्ना श्रीमान् अनि छोराछोरीप्रति आफ्नो दायित्वका सम्बन्धमा पनि स्पष्ट हुनुहोस् । यदि तपाईं समय, परिस्थिति र यौवनले साथ दिएसम्म यस्तै जीवन जिउने निर्णय गर्नुहुन्छ भने पनि त्यो तपाईंको रोजाइ हो । तपाईंले त्यसको नतिजा भोग्न पनि तयार रहनुपर्छ, तर यदि तपाईं यस भुमरीबाट उम्कनु चाहनुहुन्छ भने फरक किसिमले सोच्नु आवश्यक छ । यसै सन्दर्भमा तपाईंको इच्छाशक्ति एवं अठोट नै प्रमुख उपाय हो– यस दलदलबाट बाहिर निस्कने । अहिलेको प्रतिष्ठा तथा धनको लोभ गुमाउने मन नभए पनि यसको लोभले तपाईंलाई यो दलदलमा अझ फसाउनेछ । जहाँ कठिन परिस्थिति, जटिल आक्षेप अनि आर्थिक-मानसिक द्वन्द्व तथा दबाबबाट गुज्रनुपर्ने हुनसक्छ । आफू असल व्यक्ति बन्ने बाटो तपाईं आफैंले मात्र रोज्न सक्नुहुन्छ, प्रयास गर्नुभयो भने तपाईंले पक्कै नै सहयोगी हात पनि पाउनुहुनेछ ।

Hawaii Pacific University
USA
Free Seminar
Find out . . .
EDU-CONSULT
Ph: 4440097, 4428662

होटल तालिम मोडर्नमा
Switzerland & UK
English Language FREE
MODERN HOTEL
Ph: 4363215

सुखी विवाहित जीवनको लागि
सेवाको १३ वर्ष

उत्तीर्ण हुनेको उद्देश्य लिई अध्यापन गराईदैछ ।
भर्ना खुल्यो ०६३
Private
D.E.O.
T.U.
Regular

प्राइभेट Test र SLC मा
अन्तिम भर्ना
Rainbow Int'l Academy

English
TOEFL/IELTS/SAT Prep.
Chinese German Japanese Spanish French



# अल्पसंख्यकहरूको यौन व्यवहार

‘लोकतन्त्र बहाली भएपछि त हाम्रा कुरा पनि त सुन्नुपर्‍यो नि’, केही समयअघि समावेशीकरणका विभिन्न मुद्दालाई समेटेर आगामी संविधानसभाको निर्वाचनमा यी विषयहरूलाई कसरी समेट्ने भनेर आयोजित एक कार्यक्रममा अल्पसंख्यकहरूको समूहको प्रतिनिधिका रूपमा रोशन शर्मा नामका एक समलिङ्गी युवा भन्दै थिए- ‘हामीलाई हेर्ने दृष्टिकोण नै फरक छ, राज्यले हाम्रा कुरा कहिल्यै सुनेन, समाज भनाउँदो तत्त्वले त कुरै नबुझी हामीलाई अनेकौं सज्ञा दिने गरेको छ।’

अल्पसंख्यक यौनव्यवहार (सेक्स्युअल माइनोरोटिज) भित्र पर्ने र समलिङ्गी व्यवहार रुचाउने यो समूहका कुरा बेला-मौका मिडियामा आए पनि तिनलाई रमाइलोका निम्ति मात्र प्रस्तुत गरिने हुँदा आफ्नो नैसर्गिक अधिकार खोसिएको सहभागीहरूको भनाइ थियो। ‘प्राकृतिक शारीरिक संरचना विपरीतको हाउभाउ र चाहना भएकाले हामी यो जीवन बाँच्न बाध्य छौं,’ कार्यक्रममा सहभागी धरानकी कला (सूर्य) राईले भनिन्– ‘हामी पनि चाहनाअनुरूपको नैसर्गिक हक-अधिकार प्राप्तिको लडाइँमा छौं।

अल्पसंख्यक यौन व्यवहारको समूहभित्र राखिने यो समूहबीच पनि थुप्रै वर्गीकरण छ। झट्ट हेर्दा समलिङ्गीहरूको समूह भनेर परिभाषित गरिन्छ, तर अल्पसंख्यक यौनव्यवहार रुचाउने समूहको एउटा समूह समलिङ्गी हो, ब्लु डाइमण्ड सोसाइटीका अध्यक्ष सुनिलबाबु पन्त भन्छन- ‘द्विलिङ्गी, तेस्रो लिङ्गीय, मेटा, टा सबै अल्पसंख्यकभित्र पर्छन। पन्तका अनुसार समान लिङ्गीहरूप्रतिको आकर्षण मात्र समलिङ्गी हो। (हेर्नुस् वर्गीकरण बक्स)

नेपालमा अल्पसंख्यक यौन व्यवहारभित्र पर्नेहरूको संख्या कति छ ? स्पष्ट तथ्याङ्क नभए पनि यस क्षेत्रमै कार्यरत ब्लु डाइमण्ड सोसाइटीले मुलुकभर १ लाखभन्दा बढी भएको जिकिर गरेको छ। सन् २००२ अप्रिलदेखि सन् २००६ जूनसम्मको अध्ययनमा काठमाडौं र ललितपुरमा मात्रै २० हजार ८ सय ३६ अल्पसंख्यक सम्पर्कमा आएका थिए, सोसाइटीका अध्यक्ष पन्त भन्छन्- ‘धेरै मानिस सम्पर्कबाहिर छन्, काठमाडौंबाहिर जनकपुर, धरान, पोखरा, नारायणगढ, वीरगन्जमा पनि उनीहरूको बलियो उपस्थिति देखिसकेको छ।’

नेपालमा अल्पसंख्यक यौनव्यवहार कहिलेदेखि सार्वजनिक भयो भन्ने कुरा यकिन छैन, अल्पसंख्यक यौनव्यवहार रुचाउनेहरूको ऐतिहासिक पक्ष पनि त्यत्तिकै रमाइलो छ। राणाशासनकालमा दरबारभित्र यस प्रकारका गतिविधिलाई सामान्य मानिन्थ्यो। त्यस बेलाको प्रसङ्ग सुनाउँदै ६० वर्षीया सन्ध्या महर्जन भन्छिन्- ‘सामाजिक रूपमा स्पष्ट पहिचान नदेखाए पनि भित्री रूपमा यस्ता कार्य भैरहन्थे। त्यसबेला सामाजिक प्रतिष्ठाका लागि बाहिर एउटा परिचय भए पनि भित्री स्थिति अर्कै हुन्थ्यो। उनले आफैंले राज्यका माथिल्ला ओहदाका मानिससँग यस प्रकारको सम्बन्ध रहेको पनि खुलासा गरिन्। दरबारभित्र हुने सांस्कृतिक समारोहका कलाकारहरूमध्ये धेरैजसो कलाकार तेस्रो लिङ्गीय थिए। महर्जनले भनिन्- ‘अहिले विचार गरेर ल्याउँदा त्यस बेला महिलाको भूमिकामा नृत्य गर्ने, नाटक खेल्न रूचाउनेहरूमध्ये धेरैजसो तेस्रो लिङ्गीय हुन्थे। अहिले पनि तराईका कतिपय क्षेत्रमा नटुवालाई यस्तै वर्गमा राखिने गरेको उनले बताइन।

नेपालमा अल्पसंख्यक यौनव्यवहार रुचाउनेहरूको संजाल यति बाक्लो भैसकेको छ कि अब उनीहरू सामाजिक रूपमा आफ्ना क्रियाकलाप आयोजना गर्न थालिसकेका छन्। केही समयअघि मात्र लेस्वियनहरूको समूहले आपसी सद्भाव बलियो बनाउन क्याटोगरीभित्र ‘भलिबल’ खेलाएको थियो। यसबाहेक गाईजात्रामा र्‍याली निकाल्ने, सभा-समारोहमा सहभागिता जनाउने, आफ्नो पहिचानअनुरूपको वेशभूषामा हिंड्ने, सुन्दरी प्रतियोगिता आयोजना गर्नेजस्ता कुरा अहिले आएर सामान्य हुँदै गएका छन्। केटा तथा केटीहरूले समलिङ्गी विवाह पनि गर्दै आएका छन् तर अहिले पनि धेरै अल्पसंख्यक समाजको नकारात्मक प्रवृत्ति, कानुनी अड्चन एवं रोजगारीका कारण सार्वजनिक हुन नसकेको पन्त बताउँछन्। अल्पसंख्यक यौनव्यवहारको नेतृत्व गरिरहेको सोसाइटीको अहिलेका क्रियाकलाप बताउँदै ब्लु डाइमण्ड सोसाइटीका अध्यक्ष पन्त भन्छन्- ‘पहिलो, अल्पसंख्यक यौनव्यवहारभित्र पर्नेहरूको तथ्याङ्क अध्ययन भैरहेको छ। दोस्रो, उपत्यकाबाहिर पनि शाखा कार्यालय खोलिँदैछ। तेस्रो, अल्पसंख्यक यौनव्यवहारमा पनि शारीरिक सम्पर्कका कारण विभिन्न रोग लाग्ने डर हुन्छ, यससम्बन्धी जनचेतना फैलाउने काम भैरहेको छ। चौथो र महत्त्वपूर्ण कुरा, अल्पसंख्यकमाथि हुने दुर्व्यव्यवहारका घटनामा सोसाइटीले उनीहरूलाई सहयोग पनि पुर्‍याउँदै आएको छ।

नेपालमा अल्पसंख्यक यौनव्यवहार रुचाउनेहरूले सांगठनिक रूपमा काम गरेको आधा दशक नाघिसकेको छ। नेपालमा ब्लु डाइमण्ड सोसाइटी (नील हीरा समाज) को स्थापना सन् २००१ मा भएको थियो। पन्तका अनुसार बेलारूसमा अध्ययनका क्रममा रहँदा त्यहाँ अल्पसंख्यकहरूले संगठित भएर काम गरेको देखेर उनी प्रभावित भएका थिए। नेपाल फर्किएपछि रत्नपार्क तथा जमल क्षेत्रमा केही अध्ययन-अनुसन्धान गरेर सोसाइटी स्थापना गरिएको पन्त बताउँछन्। ‘अल्पसंख्यकहरूको अधिकार तथा उनीहरूको यौन स्वास्थ्यको क्षेत्रमा काम गर्ने उद्देश्यले सोसाइटीको आवश्यकता भएको महसुस गरें’, पन्त भन्छन्- ‘पहिलो पटक फेमिली हेल्थ इन्टरनेसनलसँग मिलेर एचआईभी एड्स रोकथामको कार्यक्रम सुरु गरेको थिएँ। त्यसयता सोसाइटीले विभिन्न दातृसंस्थाको सहयोगमा अल्पसंख्यक यौनव्यवहार समूहको क्षेत्रमा काम गर्दै आएको छ। अहिले काठमाडौंलगायत छवटा सहरमा सोसाइटीको संगठन विस्तार भैसकेको छ।



## शब्द र अर्थ

**समलिङ्गी (होमोसेक्स्युअल)** : यौन र भावनात्मक सन्तुष्टिका लागि समान लिङ्गीप्रति आकर्षित हुने पुरुष वा स्त्रीलाई समलिङ्गी भनिन्छ।
**गे** : पुरुष समलिङ्गी।
**लेस्वियन** : स्त्री समलिङ्गी।
**बाईसेक्स्युयल (द्विलिङ्गी)** : दुवै लिङ्गीप्रति आकर्षित हुने।
**हेटेरोसेक्स्युयल (विपरीत लिङ्गी)** : शारीरिक एवं भावनात्मक सन्तुष्टिका लागि असमान लिङ्गीप्रति आकर्षित हुने पुरुष वा महिला
**ट्रान्ससेक्स्युयल (तेस्रो लिङ्गीय)** : शारीरिक रूपले स्त्री वा पुरुष भए पनि मानसिक रूपले विपरीत लिङ्गीको अनुभव गर्ने।
**ट्रान्सभेस्टाइट** : विपरीत लिङ्गीको पोसाक लगाउन मन पराउने।
**टा** : गुदा मैथुनको बेला गुद्द्वारमा लिङ्ग राख्ने पुरुष।
**मेटा** : स्त्रीको जस्तो व्यवहार गरेर आफ्नो गुद्द्वार प्रयोग गर्न दिने।
**पन्थी** : टाजस्तै।
**कोथो** : मेटाजस्तै।
**दोहोरी** : दुवै भूमिका निभाउने।

## अल्पसंख्यक यौनव्यवहारको वैज्ञानिक कारण



समलिङ्गी जीवनशैली कसैले चाहेर हुने होइन। यो प्राकृतिक रूपमा जन्मँदै आउने एक गुण भएको विज्ञहरू बताउँछन्। वैदिक कालमा पनि यौनका सबै तरिका र माध्यमहरू अपनाइन्थ्यो र सबै प्रकारको सम्बन्धलाई वैधानिकता दिइन्थ्यो। मनोविज्ञानविद् सिगमण्ड फ्रायड भ्रूण विकासकै समयदेखि युवावस्थासम्म यस्तो जीवनशैली निर्धारण हुने बताउँछन् तर विशेष गरेर चार-पाँच वर्षको उमेरमा कुन व्यवहारको हो, थाहा पाउन सकिन्छ। चिकित्सा विज्ञानमा उल्लेख भएअनुसार गर्भावस्थामा पुरुष भ्रूणले चार-छ हप्ताबीच ‘एन्ड्रोजेनिक हार्मोन’ (पुरुष हार्मोन) प्राप्त गर्छ। उक्त समयमा भ्रूणले एन्ड्रोजेनिक हार्मोन प्राप्त गर्न नसक्दा पछि मस्तिष्क र व्यवहार महिलाको जस्तो हुन्छ। मष्तिष्कको ‘विहेभियर सेन्टर’ ले पनि बोली र व्यवहारमा महत्त्वपूर्ण भूमिका खेल्छ। कसैले यसलाई मानसिक रोग भन्छन् भने त्यो पूर्ण रूपमा गलत हुन्छ। मानवीय जीवनका विविधतामध्ये समलिङ्गी यौनव्यवहार पनि एक हो। विज्ञानले कसरी अल्पसंख्यक यौनव्यवहार रुचाउने मान्छेको संख्या बढिरहेको छ भनेर धेरै अध्ययन गरे पनि तथ्य रूपमा कारण प्रस्ट भैसकेको छैन। वंशाणुगत रूपमा पनि यो जीवनशैली सन्तानमा देखा पर्दै जान सक्ने उनीहरूको कथन छ।


**(सन्दर्भ सामग्री : यौवन स्वास्थ्य पत्रिका)**

## लिङ्ग परिवर्तनको इच्छा



**तेस्रो लिङ्गीयहरूले आफ्नो शारीरिक चाहनाअनुरूप लिङ्ग परिवर्तन गर्दै आएका छन्। नेपालमा पनि लिङ्ग परिवर्तन गराउनेहरू छन्, पन्त भन्छन्- ‘तर यो उनीहरूको व्यक्तिगत मामिला भएकाले हामीले चासो लिएका छैनौं।’ समाचार संकलनकै क्रममा एक ५० वर्षीय तेस्रो लिङ्गीय भर्खरै मात्र लिङ्ग परिवर्तन गरेर आएको कुरा थाहा भयो। मिडियामा आउन नचाहने उनले साप्ताहिकसँगको कुराकानीमा पनि पन्तकै भनाइ दोहोर्‍याउँदै भनिन्- ‘मलाई महिलाको पहिचान कायम गर्नु थियो, त्यसैले लिङ्ग परिवर्तन गरेकी हुँ, यसमा कसैलाई जानकारी गराउनुपर्छ भन्ने छ र ?’ उनले भारतको नयाँदिल्लीमा ३ लाख रुपैयाँ खर्च गरेर पुरुष लिङ्ग हटाइ योनि राखेको बताइन। उनी भन्छिन्- ‘मैले स्तन विकासको उपचार भने गराइन।’ उनीबाहेक अन्य तेस्रो लिङ्गीयहरूले पनि यो उपचार गराउने योजनामा रहेको बताए। भारतका अतिरिक्त थाइल्यान्डको बैंकक तथा चीनका विभिन्न सहरमा ५ हजार अमेरिकन डलर खर्चमा लिङ्ग परिवर्तनको उपचार हुने गरेको छ।**

## ऐतिहासिक पक्ष



**अल्पसंख्यक यौनव्यवहार गर्नेहरूको इतिहास पल्टाउँदा पुराना कुरा पनि त्यत्तिकै चाखलाग्दा छन्। भगवान् शिवबाट जसको शिरमाथि हात राख्यो त्यो भष्म हुने वर पाएको भष्मासुरले विध्वंस मच्चाउन थालेपछि विष्णुले मोहिनी रूप धारण गरी भष्मासुरको अन्त्य गर्छन्, तर विष्णुको मोहिनी रूप देखेका शिवले आफूलाई सम्हाल्न नसकी विष्णुसँग शारीरिक सम्बन्ध राख्छन्, जसका कारण हरिहरपुत्र जन्मिएका थिए। हरिहरपुत्रलाई समलिङ्गी सम्पर्कबाट जन्मिएको मानिन्छ तर अहिले यस्तो सम्भव नभए पनि अल्पसंख्यकहरूले धर्मपुत्र/पुत्री पाल्ने गरेका छन्। यसैगरी रामायणका चर्चित पात्र बाली र सुग्रीवको जन्म पनि सूर्य र इन्द्रले सूर्यको सारथीसँग गरेको यौनसम्पर्कबाट भएको रामायणमा उल्लेख छ। महाभारतकालका सिखण्डीको परिचय अहिलेका तेस्रो लिङ्गीयसँग मिल्दो छ। ब्लु डाइमण्ड सोसाइटीका अध्यक्ष पन्तका अनुसार उमा महेश्वर, अर्धनारीश्वर पनि तेस्रो लिङ्गीयका परिचायक हुन।**

**तेस्रो लिङ्गीयलाई किन्नरी पनि भनिन्छ। स्वर्गका राजा इन्द्रको दरबारमा नाच्ने यस्ता मानिसलाई किन्नरी नाम दिइएको ऐतिहासिक किंवदन्ती पनि भेट्टिन्छ। तेस्रो लिङ्गीयहरूको पहिचान हिजडासँग मिल्दो भए पनि केही फरक छ। अरबियन सम्राट्हरूले उनीहरूका छोरी राजकुमारीहरूलाई नृत्य सिकाउन ल्याउने पुरुष कलाकारबाट दुर्व्यव्यवहार हुने आशंकाले उनीहरूको लिंगछेदन गर्थे, जसलाई पछि हिजडाको नाम दिइयो। छिमेकी मुलुक भारतमा अहिले पनि कतिपय पुरुषको लिंगछेदन गरी हिजडा संगठनमा आबद्ध गराइन्छ।**

**त्यसबाहेक तेस्रोलिङ्गीयहरूलाई क्यारेबियन राष्ट्रहरूमा शक्तिका रूपमा पुजिन्छ। अमेरिका, क्यानाडा तथा क्यारेबियन क्षेत्रमा बस्दै आएका रेड इन्डियनहरूले तेस्रो लिङ्गीयलाई महिला र पुरुषको संयुक्त रूप भएका कारण यो शक्तिको रूप हो भनेर पुज्ने गरेका छन्।**

## सानाकी गृहिणी



**लक्ष्मी केसी एक कुशल नृत्यांगना, कलाकार, उद्घोषिका, नृत्य प्रशिक्षकका साथै एक गृहिणी पनि हुन् । नयाँबजार, कीर्तिपुरमा जन्मिएकी लक्ष्मीले स्नातकसम्मको शिक्षा हासिल गरेकी छिन् । तीन–चार वर्षअघि नृत्य निर्देशक राजेश केसीसँग वैवाहिक सम्बन्धमा बाँधिएकी लक्ष्मी अहिले आफ्नो एक वर्षको छोरा कृतग्य तथा श्रीमान्सँग जीवन बिताइरहेकी छिन् । दर्जनौं नृत्य प्रतियोगितामा कुशलता प्रदर्शन गरिसकेकी लक्ष्मीले आफ्नो कला क्षमता कतार, कुबेत, चीन, पाकिस्तान, भारत जस्ता मुलुकहरूमा आफ्नो क्षमता प्रदर्शन गरिसकेकी छिन् ।**

**हाल के गर्दै हुनुहुन्छ ?**
नृत्य प्रशिक्षकका रूपमा विभिन्न स्थानमा कार्यरत छु । साथै समय-समयमा विभिन्न टेलिचलचित्रमा अभिनय पनि गरिरहेकी छु ।

**अभिनय यात्रा कसरी सुरु गर्नुभयो ?**
सबैभन्दा पहिले श्रीमान्को सहयोगबाट 'थोरै भए पुगिसरी' मा अभिनय गर्ने मौका पाएँ । त्यसले गर्दा तीतो सत्यको प्रथम भागदेखि नै अभिनय गर्ने आधार तयार बनाइदियो तर अभिनय भन्ने कुरालाई ठूलै फिल्ममा अभिनय गरेपछि मात्र नजिकबाट बुझ्न पाएँ ।

**उद्घोषण र अभिनयमा के मन पराउनुहुन्छ ?**
दुवै मन पराउँछु तर छान्नैपर्दा अभिनय भन्छु ।

**पर्दामा जस्तै क्रोधी हुनुहुन्छ कि ?**
त्यस्तो छैन, मलाई सबैसँग रमाइलो गर्न मन लाग्छ ।

**सबै क्षेत्रतिर किन हात हालेको ? पछिसम्म कुन विधालाई निरन्तरता दिने ?**
मेरो मुख्य विधा त नृत्य नै हो, यसबाहेक अभिनय, उद्घोषक तथा गीत गाउनु मेरा अतिरिक्त सौख हुन् तर कारणबस यिनै विधामा एकपछि अर्कोगरी अवसर आइरहेका छन् । व्यावसायिक रूपमा पछिसम्मचाहिँ नृत्य र अभिनयमा लाग्न चाहन्छु ।

**हास्य टेलिचलचित्रमा मात्र देखिनुको कारण ?**
मैले अभिनय यात्राको सुरुवात सामान्य कार्यक्रमबाटै गरें, तर धेरै अफर हास्यचलचित्रबाटै आए । चित्तबुझ्दो लागेमा अन्य टेलिचलचित्रहरूमा पनि काम गर्छु ।

**टेलिचलचित्रहरूमा सधैं हास्य पात्रका रूपमा देखापर्नुहुन्छ, वास्तविक जिन्दगीमा कत्तिको हँसाउनुहुन्छ ?**
म मनमा कुरा राख्न सक्दिनँ, फटाफट भनिदिन्छु । अरूलाई हँसाउनु र रमाइलो गर्नु मेरो जीवनको एउटा पाटो नै हो ।

**विवाह कत्तिको आवश्यक छ ?**
एक हातले ताली बज्दैन, ताली बज्न त दुई हात नै चाहिन्छ । जिन्दगी मानिसले भनेअनुसार पनि हुँदैन, कसै न कसैको साथ त अवश्य चाहिन्छ ।

**पहिलो पटक उहाँलाई कहाँ भेट्नुभएको थियो ?**
साथीसँग नेपाल आर्ट सेन्टरमा आउँदा भेटेकी थिएँ । त्यसपछि उहाँ नृत्य प्रतियोगिता कार्यक्रम 'आँगन' को संयोजक र म त्यसको सहभागी भएका कारण भेटघाट भयो । त्यसपछि हाम्रो भेटघाटले निरन्तरता पाउँदै गयो ।

**परिवारका सदस्यहरूलाई कसरी मनाउनुभयो ?**
पहिले त गाह्रो भयो तर पछि हामी दुवैको एउटै विधा भएकाले पनि परिवारले स्वीकृति दियो ।

**आफूले रोजेकै जीवनसाथी पाउँदाको अनुभव कस्तो हुँदो रहेछ ?**
हतार-हतारमा विवाह गरियो । त्यसबेलाको खुसी सम्झँदा अहिले पनि रमाइलो लाग्छ ।

**सानै उमेरमा विवाह गर्नुभएछ, अहिले त परिपक्व उमेरमा विवाह गर्ने चलन छ नि ?**
सबैको इच्छा र परिस्थिति एउटै हुँदैन तर आफ्नो भविष्य बनाएर आत्मनिर्भर बनेपछि विवाह गर्ने चलनप्रति म सकारात्मक छु ।

**विवाहअघि र अहिलेको जीवन कुन रमाइलो ?**
विवाहअघिको स्वतन्त्र जीवनको आफ्नैपन थियो । विवाहपछि जिम्मेबारी, कर्तव्य वहन गर्नुमा अर्कै रमाइलो छ ।

**आमा बन्दाको अनुभव कस्तो रह्यो ?**
आकाश र पाताल एकै ठाउँमा जोडिए झैं लाग्यो । साथै आमा हुनुको मज्जा पनि महसुस गरें । त्यतिखेर मैले मेरी आमालाई सम्झिएँ ।

**काम र घरलाई समय दिन भ्याउनुभएको छ ?**
घर-परिवारले कला क्षेत्रलाई राम्रोसँग बुझेकाले पर्याप्त सहयोग पाएकीले सहज भएको छ ।

**रमाइला क्षणहरू बिताउन के गर्नुहुन्छ ?**
श्रीमान् तथा घर-परिवारसँग बस्छु, विशेषगरी मन्दिर जान रुचाउँछु ।

**टिभीमा बढीमात्रामा के हेर्नुहुन्छ ?**
आफैंले अभिनय गरेको टेलिचलचित्र कस्तो भएछ भनेर त हेरिहालिन्छ । त्यसमा पनि 'तीतो सत्य' एक आमदर्शकको दर्जामा बसेर नियमित रूपमा हेर्छु । साथै म टिभीका नृत्यसँग सम्बन्धित प्रायः सबै कार्यक्रम हेर्छु ।

**नृत्य प्रशिक्षण कत्तिको गाह्रो कार्य हो ?**
सिकाउने कार्य प्रायः गाह्रै हुन्छ तर नृत्य सिकाउँदा मलाई सधैं रमाइलो अनुभव हुन्छ ।

**तपाईंले सम्झिरहने क्षण ?**
मलाई सानैदेखि नृत्यमा धेरै रुचि थियो तर घरमा मम्मीले मनपराए तापनि बाबाले मनपराउनु हुन्नथ्यो र मम्मी पनि बाबाकै पक्षमा लाग्नुहुन्थ्यो । कीर्तिपुर क्षेत्रमा हुने हरेक नृत्य प्रतियोगितामा मैले सधैं भागेरै सहभागिता जनाउनुपर्थ्यो । मेरी मम्मीले यो संसारबाट बिदा लिएको क्षण पनि म कहिल्यै बिर्सन सक्दिन ।

**–संगीता कटुवाल**

## पारिवारिक स्वास्थ्य



कल्पना अठार वर्षकी भइन् । विगत दुई वर्षदेखि उनलाई रजस्वला (महिनावारी) भएको बेला तल्लो पेट सहनै नसक्ने गरी दुख्छ । रजस्वला भएको पहिलो दिनदेखि नै उनको तल्लो पेट दुख्छ । कुनै-कुनै बेला त रजस्वला हुनुभन्दा १२ दिनअघिदेखि नै दुख्न थाल्छ । यो पीडासँगै कहिलेकाहीं वाकवाक लाग्ने, वान्ता हुने तथा ज्वरो नै आउने हुन्छ । दुखाइकै कारण कल्पना नियमित रूपमा क्याम्पस जान पाउँदिनन् ।

त्यस्तै रञ्जना पैंतीस वर्षीया कामकाजी महिला हुन् । उनका दुई सन्तान छन् । उनको महिनाबारी नियमित छ तर विगत केही महिनादेखि उनलाई रजस्वला हुने तीन-चार दिन अघिदेखि तल्लो पेट दुख्छ । तल्लो पेट दुख्नुका साथै कब्जियत हुने तथा जीउ भारी भएर आउने हुन्छ तर रजस्वला भैसकेपछि पीडा कम भएर जान्छ ।

रजस्वला भएका बेला तल्लो पेट दुख्ने लगभग सबैलाई हुन्छ तर दैनिक गतिविधि सम्पन्न गर्न पनि गाह्रो हुनेगरी वा भनौं अत्यधिक दुख्ने समस्यालाई डिसमेनोरिया भनिन्छ । डिसमेनोरिया पाँचदेखि दस प्रतिशत किशोरीमा हुन्छ । त्यसबाहेक पैंतीस वर्ष नाघेका महिला तथा डिसमेनोरिया भएका महिलाका छोरीहरूमा पनि यो समस्या हुन सक्छ ।

रजस्वलालाई राम्रोसँग नबुझेका तथा यो विषयमा गलत धारण भएका किशोरीहरूमा मानसिक तनाव बढी हुन्छ । तनावग्रसित यस्ता किशोरीले बढी पीडा महसुस गरेको पाइन्छ । त्यस्तै अविवाहित कुमारी, छोराछोरी नपाएका युवतीहरूको पाठेघरको मुख सानो हुन सक्छ । पाठेघरको मुख साह्रै सानो भएका महिलाहरूको रजस्वला केही ढिलो हुने तथा अत्यधिक पीडा हुने हुन्छ । रजस्वला भएका बेला पाठेघर खुम्चने तथा पाठेघरको भित्री तह टुक्रिने हुन्छ । किशोरीहरूको पाठेघर बच्चा पाइसकेका महिलाहरूको पाठेघरको तुलनामा बाक्लो हुन्छ साथै पाठेघरको खुम्च्याइ पनि धेरै हुन्छ । त्यसैले रजस्वलाका बेला बच्चा पाएका महिलाहरूभन्दा किशोरीहरूलाई बढी पेट दुख्छ ।

किशोरीहरूको तल्लो पेट दुख्नुको कारण प्रोजेस्टिन र भासोप्रिसोन हार्मोनको उच्च उत्पादन पनि हो । महिनावारी सुरु भएको दुई वर्षसम्म शरीरमा उत्पादन हुने हर्मोनहरूको सन्तुलन कायम नहुन सक्छ । त्यसैले उक्त अवधिमा अत्यधिक पेट दुख्ने, वाकवाक लाग्ने तथा डन्डिफोर आउने हुन सक्छ । सम्पन्न तथा सचेत परिवारका किशोरीहरूले रजस्वलाको पीडा बढी महसुस गरेको पाइन्छ । त्यसैले यो पीडाका पछाडि केही मानसिक कारण पनि हुन सक्ने अनुमान विज्ञहरूको छ ।

**उपचार कसरी गर्ने ?**

डिसमेनोरिमा अर्थात् रजस्वला भएका बेला हुने तल्लो पेटको पीडाका लागि कुनै औषधी-उपचार गर्नुभन्दा अघि रजस्वलाका बारेमा जानकारी राख्नु आवश्यक छ । केही जानकारी आफ्नै घरका सदस्यहरू आमा, दिदी, भाउजु आदिबाट लिन सकिन्छ । रजस्वला एउटा प्राकृतिक प्रक्रिया हो, यो हरेक महिलामा साधारणतया तेह्र, चौध वर्षदेखि पचास वर्षसम्म हुन्छ । रजस्वला भएका बेला समान्य पीडा सबैलाई हुन्छ भन्ने तथ्य सबैले बुझ्नुपर्छ ।

रजस्वला भएको बेला खानपिन तथा सरसफाइमा विशेष ध्यान पुर्‍याउनुपर्छ । पोसिलो खानेकुराका साथै बोक्रा भएका तथा झोल खानेकुरालाई प्राथमिकता दिनुपर्छ । यस्तो अवस्थामा धेरै सुत्नु वा ओछ्यानमा पल्टिनु अझ बढी हानिकार हुन सक्छ । त्यसैले साधारण तथा सजिला कामहरू तथा हिंडडुल गर्नुपर्छ । धेरै अप्ठ्यारो वा गाह्रो काम गर्नुहुँदैन । पीडा कम गर्न रबर-ब्यागको मद्दतले तल्लो पेट एवं कम्मर सेक्नु राम्रो हुन्छ । त्यसबाहेक पीडा कम गर्ने साधारण पेनकिलरहरू सेवन गर्न सकिन्छ ।

केही किशोरीलाई हार्मोन पनि दिनुपर्ने हुनसक्छ । तीनदेखि ६ महिनासम्म हार्मोनल चक्कीहरू सेवन गर्नाले अण्डा उत्पादनमा पनि सन्तुलन हुने हुँदा यस्ता चक्की ( गर्भनिरोधक चक्की) निकै प्रभावकारी हुन्छन् । यसले पाठेघरको खुम्च्याइलाई पनि सन्तुलित गर्छ र पीडा पनि कम हुन्छ ।

पाठेघरको मुख सानो भएको तथा रगत राम्रोसँग बग्न नपाएको अवस्थामा सामान्य शल्यक्रिया गरेर पाठेघर खोल्न सकिन्छ । पीडाको कारण विभिन्न प्रजनन अङ्गको कमजोरी तथा रोग हुन सक्छ । त्यस्तो अवस्थामा ती कारण पत्ता लगाई उपचार गर्नुपर्छ ।

किशोर अवस्थामा हुने पीडाका लागि कमै किशोरीहरू अस्पताल पुग्छन् । त्यसमध्ये पनि निकै कमलाई मात्र औषधी-उपचार गर्नुपर्छ तर त्यसो भन्दैमा डिसमेनोरियालाई लुकाएर राख्नु हुँदैन, यसमा चिकित्सकसँग परामर्श लिनुपर्छ । डिसमेनोरिया वा भनौं रजस्वलाको दुखाइ ठूलो रोगको संकेत पनि हुन सक्छ ।

**–बालकृष्ण शाह**



## पार्टी मेकअप

कुनै पार्टीमा जानुपर्ने छ अथवा कुनै समारोहमा सहभागी हुनुपर्नेछ भने ग्ल्यामरस तथा सुन्दर देखिनैपर्छ । तर यो त्यसबेला मात्र सम्भव हुन्छ



जब चलनचल्तीमा रहेको मेकअप गरिन्छ । अहिले चलनचल्तीमा कस्तो मेकअप छ त ? आउनुहोस्, जानौं ।

– हिजोआज फ्रेस तथा प्राकृतिक लुक फेसनमा छ । त्यसैले कुनै एक फिचरलाई मात्र हाइलाइट गर्ने, जस्तो कि आँखा ।

– केश तथा मेकअपमध्ये कुनै एकलाई मात्र महत्त्व दिने । अन्यथा आफ्नो लुक भद्दा देखिनेछ ।

– अहिले नशालु लुक प्रचलनमा छैन । त्यसैले आँखाको हल्का मेकअप नै उचित हुन्छ ।

–ओठमा गाढा रंगको लिपस्टिक तथा हल्का लिप सिमर लगाउँदा राम्रो देखिन्छ ।

– मेकअप गर्ने क्रममा टिपिकल मरुन सेडबाट बच्नुपर्छ । यस्तो बेला कुनै अफ कलर अथवा लाइट सेड छनौट गर्नुपर्छ ।

– सिल्भर, ग्रे तथा ओलिव लुकलाई प्राथमिकता दिंदा सुन्दर देखिन सकिन्छ ।

– यदि केशलाई रंगीन बनाउने तयारी गर्दै हुनुहुन्छ भने रेडिस-ब्राउन रंगले हाइलाइट गर्नुहोस् । किनभने हाम्रो जस्तो गहुँगोरो छालामा यही रंगको केश सुहाउँछ ।

–अचेल केशलाई कर्ली बनाउने फेसन छ । केशलाई पर्म गरेपछि त्यसलाई खुलै छाड्नुपर्छ ।

– कानमा पहिरनअनुसारको इयररिङ लगाउनुपर्छ । यदि इयररिङ झकिझकाउ छ भने घाँटीमा केही पनि नलगाए हुन्छ ।

## अनुहारको दाग कसरी हटाउने ?

अनुहारमा धेरै प्रकारका दाग आउँछन् । जस्तै आँखाको तल्लो भागमा आउने कालो दाग, गालामा सेतो तथा गोलो दाग, डण्डीफोर र मुसाको दाग एवं ब्ल्याक हेड्सले अनुहारलाई नै कुरूप बनाइरहेको हुन्छ । यी दागहरूलाई समयमै हटाउनु आवश्यक छ ।



– कालो दागलाई मैलो सम्झेर रगडेर हटाउन खोज्नु हुँदैन । यसो गर्दा छाला चाउरी पर्ने सम्भावना हुन्छ ।

–अनावश्यक मानसिक तनाव तथा अन्य मनोवैज्ञानिक विकारहरू जस्तो भ्रम, शंका, भय, ईर्ष्या तथा चिन्ताबाट स्वयंलाई बचाउनुपर्छ । यदि आवश्यक परे कुनै मनोवैज्ञानिकसँग परामर्श लिनुपर्छ ।

–सन्तुलित भोजन गर्नुपर्छ । भिटामिन 'सी' लाई पर्याप्त मात्रामा खानामा समावेश गर्नुपर्छ । यसो गर्दा छाला सफा, सुग्घर तथा कान्तिमय देखिन्छ । छाला सुन्दर बनाउन कागती, सुन्तला, हरियो सागपात तथा अमलाको सेवन लाभदायक हुन्छ ।

–सम्भव भएसम्म कम मेकअप गर्नु नै राम्रो हुन्छ । राति सुत्नुअघि अनुहारलाई राम्रोसँग सफा गर्नुपर्छ ।

–सुत्नुअघि आँखाको चारैतिर बदामको लेपले हल्का मालिस गर्नुपर्छ । मालिस गर्दा औंला नाकबाट प्रारम्भ गर्दै कानतर्फ लानुपर्छ ।

–बाबरीको पातलाई पिंधेर लेप बनाउने तथा दाग आएको स्थानमा लगाउने र २० मिनेटपछि धुने । यसले अनुहारको छालालाई सुन्दर बनाउँछ ।

–काँक्रो तथा आलुको रस बराबर मात्रामा मिसाएर त्यसमा केही थोपा कागतीको रस हाली अनुहारमा लगाउने । सुकेपछि पुनः एकपटक मिश्रण लगाउने । तीन-चार पत्र लेप लगाएर सुकेपछि सफा पानीले अनुहार पखाल्ने ।

–मुलतानी माटो तथा अण्डाको सेतो भाग मिसाएर तयार पारिएको फेस प्याक

## परिकार

### लौकाको अचार

**सामग्री** : दुई सय ५० ग्राम लौका, ५० ग्राम रायोको धूलो, आठवटा हरियो सुर्खानी, एक चम्चा धूलो खुर्सानी, बेसार आवश्यकता अनुसार, दुई-तीन चम्चा नुन, थोरै अदुवा, आधा चम्चा चुक अमिलो, तताएर चिसो बनाएको चार चम्चा सर्स्युंको तेल ।

**विधि** : ताजा एवं कलिलो लौकालाई सफासँग पखालेर बाहिरको बोक्रा ताछेर फ्याँकिदिने । त्यसपछि लौकालाई दुई इन्चको टुक्रा बनाएर काट्नुपर्छ । उम्लिएको पानीमा लौका हालेर त्यसलाई दुई मिनेटसम्म पकाउनुपर्छ । पानी फ्याँकेर त्यसमा उल्लेखित सम्पूर्ण मसला मिसाएर एउटा भाँडोमा हाली राम्रोसँग छोप्ने । यसरी तयार भएको अचार दुई-तीन दिन घाममा राखेपछि खानयोग्य हुन्छ

**–नारायण ज्ञवाली**

## उपयोगी जानकारी

-भात पकाउँदा त्यसमा थोरै नुन हाले भात सफा र फरफराउँदो हुन्छ ।

-ताबामा अमलेट, डोसा बनाउनु अघि थोरै नुन छर्कनाले ताबा ननस्टिक प्यान जस्तै हुन्छ।

-यदि दूध फाट्ने डर छ भने त्यसमा थोरै सोडा मिसाइदिनाले दूध फाट्दैन ।

-फुटेको नरिवल र उसिनेको आलु बिग्रनबाट बचाउन एउटा पानी भरिएको भाँडामा राख्ने तथा एक चिया चम्चा भिनेगर हालिदिने ।

-बढी भएको रोटीलाई सुकाएर चाट-पापडी वा आलु-चाटमा पापटी जस्तै प्रयोग गर्न सकिन्छ ।

-स्वाद कायम राख्न फलफूललाई फ्रिजमा राख्नुहुँदैन ।

# खेल र यौन पुनः एकपटक चर्चामा

विश्वको सबैभन्दा आकर्षक फुटबल खेलाडी तथा विश्वको सबैभन्दा कलात्मक हक्की टिम अहिले पुनः एक पटक चर्चामा छन् । यी दुवै खेलका खेलाडीहरू आफ्नो टिम संकटमा पर्दा पनि निस्फिक्री भएर अन्तरंग सम्बन्धमा लीन भएको आरोप बेलायतबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले लगाएका छन् ।



बेलायती पत्रपत्रिकाका अनुसार जर्मनीमा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा ब्राजिलियन खेलाडीहरूमाथि प्रेमिका भेट्न नदिने गरी लगाइएको अघोषित प्रतिबन्धको उल्लंघन रोनाल्डिन्होले नै गरेका थिए । विश्वकप फुटबल जित्ने आशाका साथ जर्मनी पुगेको ब्राजिलियन टिम फ्रान्ससँग क्वाटर फाइनलमा पराजित भएर घर फर्कियो । बेलायती पत्रकारहरूका अनुसार रोनाल्डिन्होको सम्बन्ध फ्रेन्च युवती एलेज्यान्ड्रा पारेस्यान्टसँग छ । क्लबस्तरमा सबैभन्दा स्तरीय खेलाडी रोनाल्डिन्होले विश्वकप फुटबलमा क्लबस्तरको जस्तो खेल देखाउन नसकेको आरोप फुटबल विश्लेषकहरूले त्यति बेलै लगाएका थिए ।

रोनाल्डिन्होले विश्वकपस्तरीय खेल प्रदर्शन गर्न नसक्नुको कारण खोतल्दै बेलायती पत्रपत्रिकाले उनकी प्रेमिकाको भनाइलाई उद्धत गर्दै मुख्य समाचार नै संप्रेषित गरे । उक्त समाचारमा उनकी प्रेमिका एलेज्यान्ड्राले भनेकी छिन्- ब्राजिलियन फुटबल टिमका प्रशिक्षकले श्रीमती तथा प्रेमिकाहरूलाई टिम बसेको होटलमा आउन निषेध गरेका थिए, तर हामी दुई एक क्षण पनि एक-अर्काबाट अलग हुन सक्ने अवस्थामा थिएनौं, फलस्वरूप रोनाल्डिन्हो सधैं म बसेको होटलमा आउँथे । हामी रातभर एक-अर्काको अँगालोमा बाँधिएर बस्थ्यौं । कहिलेकाहीं हाम्रो माया कोठाको बार्दलीमा समेत व्यक्त हुन्थ्यो । माया गर्दा यस्तो लाग्थ्यो कि हामी एक-अर्काका लगि जन्मिएका हौं ।'

रोनाल्डिन्होको प्रेमप्रसंग खेलकुदको वृत्तवाट हराउन नपाउँदै पाकिस्तानी हक्की टिम हल्यान्डसँग २ का विरुद्ध ९ गोलले पराजित भएपछि अर्को चर्चा आयो– पाकिस्तानी खेलाडीहरू बार्सिलोनामा भएको 'वाइल्ड पार्टी' मा सहभागी भएका थिए, जसका कारण पाकिस्तानले आफ्नो इतिहास नै बिर्सने गरी पराजयको सामना गर्नुपऱ्यो । पाकिस्तानी सञ्चार माध्यमहरूले भने पाकिस्तानी खेलाडीहरू वाइल्ड पार्टीमा मस्त भएको नभै ककटेल पार्टीमा मस्त भएर यस्तो दुर्भाग्य भोग्नुपरेको बताए ।

यी दुवै घटनाले गर्दा विश्व खेलकुदमा पुनः यौनले एउटा नयाँ बहसको थालनी गरेको छ– कुनै पनि प्रतियोगितापूर्व खेलाडीले यौनसम्पर्क राख्दा फाइदा हुन्छ कि बेफाइदा ?

रोमन इतिहासकार प्लिनी तथा एलडरले ७७ एडीमा खेलकुदको विषयमा लेखेको कथनअनुसार– 'यदि कुनै खेलाडीले आफूलाई आलस्य भएको महसुस गर्छ भने उसले यौनसम्पर्कपश्चात् फुर्ती पाएको अनुभव गर्छ ।'

खेलकुदमा यौनको सकारात्मक वा नकारात्मक असरका बारेमा कतिपय अवस्थामा खेलाडीहरू आफैंले पनि परीक्षण गर्दै आएका छन् । सन् १९६८ को मेक्सिको ओलम्पिकमा सहभागी बब बेमोन आफ्नो खेल समयमा लङ जम्पमा विश्वकै सर्वोकृष्ट खेलाडी मानिन्थे । एथलेटिक्सकै महान् खेलाडी बबले उक्त ओलम्पिकमा राखेको कीर्तिमान भंग हुन अर्को २० वर्ष कुर्नुपरेको थियो । उनी यौनका विषयमा केही फरासिला पनि थिए । बब भन्थे– 'म सधैं प्रतियोगिताभन्दा केही समयअघि यौनसम्पर्क राख्थें, जसले मलाई नयाँ स्फूर्ति प्रदान गर्थ्यो ।' बबकै पदचापमा हिँडेर तीन पटक लामो दूरीको दौडमा ओलम्पिक प्रतियोगितामा स्वर्ण पदक जितेका लियान जेनिङ भन्छन्– प्रतियोगिताअघिको यौनसम्पर्कपछि मभित्र विशेष खुसी सञ्चार गर्छ ।'

प्रतियोगितापूर्वको यौनकार्यपछि सफलता प्राप्त भएका प्रशस्त उदाहरण एकातर्फ छन् भने अर्कातर्फ प्रतियोगितापूर्वकै यौनकार्यका कारण असफलता पाएका उदाहरणहरू पनि नभएका होइनन् । रोनाल्डिन्हो र पाकिस्तानी हक्की टिम त पछिल्ला उदाहरण मात्र हुन् । एसेस श्रृंखलामा अस्ट्रेलियन टिम हार्नुको मुख्य कारण शेन वार्नको असफलता थियो भने वार्नको पछाडि यौन नै मुख्य समस्या थियो ।

सन् २००२ मा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा इटालीको टिम दक्षिण कोरियासँग पराजित हुनुको कारण टिमका प्रशिक्षक जियोभानी टाराटोनीले आफ्ना खेलाडीहरूलाई यौनबाट टाढा राखेका कारण खेलाडीहरूमा उत्पन्न निराशा भएको व्याख्या पनि गरिएको थियो, तर उक्त विश्वकप जित्ने टिमका खेलाडी रोनाल्डोले भनेका थिए– 'क्षणिक यौनसम्पर्कको आनन्दभन्दा ४ वर्षको अन्तरालमा विश्वकप जित्नुको आनन्द नै ठूलो कुरा हो ।'

ठूला प्रकृतिका खेलकुद प्रतियोगितामा यौनसम्पर्कको फाइदा-बेफाइदाका सम्बन्धमा अनुसन्धान गर्दै आएका स्पोर्ट्स फिजिसियन डा. इयान सेररको भनाइ प्रतियोगितापूर्व यौनसम्पर्क राख्नुपर्छ र राख्नु हुँदैन भन्ने दुवै पक्षलाई चित्तबुझ्दो छ । डा. सेरर भन्छन्– प्रतियोगितापूर्व यौनसम्पर्क राखेर सफलता पाइन्छ भन्ने कुनै वैज्ञानिक आधार अझै सम्म फेला पर्न सकेको छैन भने यसैका कारण प्रतियोगितामा पराजित भइन्छ भन्ने तथ्य पनि फेला परेको छैन, तर पनि पुरुष खेलाडीले प्रतियोगितामा सफलता पाउनु छ भने एक रातअघि ओछ्यानको लडाइँ भने त्याग्नुपर्छ । केही वर्षयता आयोजित हुँदै आएका खेलकुद प्रतियोगितामा प्रशिक्षकहरूले खेलाडीहरूलाई आफ्ना श्रीमती तथा प्रेमिकाबाट टाढा राख्ने नियम बनाउनुको पछाडि खेलाडीहरूको यौनप्रतिको अति लिप्सा मात्र देखिए पनि यसको मुख्य उद्देश्य खेलाडीहरूको ध्यान प्रेमिकाहरूबाट पर लानु हो । फलस्वरूप उनीहरूको समय बचत गरी खेलमा ध्यान केन्द्रित गराउन सकिन्छ ।

यद्यपि केही आयोजक समितिहरू नै प्रतियोगिताका समयमा खेलाडीहरूलाई यौनतर्फ प्रेरित गर्छन् । सन् २००० मा सिड्नीले आयोजना गरेको ओलम्पिक प्रतियोगिताताका प्रतिखेलाडी ५१ वटा कन्डम वितरण गरिएको थियो, त्यसमाथि कोटा सकिएपछि खेल गाउँमा थप २० हजार कन्डम बाँडिएको थियो ।



## ५ प्रश्न

*कोलम्बोमा नेपाली एथलेटिक्स खेलाडीका तर्फबाट राजेन्द्र भण्डारीले ऐतिहासिक रेकर्डका साथ दुई स्वर्ण पदक जित्दा छेवैमा बसेका सुशीलनरसिंह राणा गर्वले छाती फुलाइरहेका थिए । लगभग दुई दशकअघि एथलेटिक्सको प्रशिक्षणमा लागेका पूर्वधावक राणाको प्रशिक्षण जीवनमा यो सबैभन्दा उत्कृष्ट नतिजा थियो ।*



**राजेन्द्र भण्डारीले दुई स्वर्ण पदक जित्दा तपाईंलाई कस्तो लाग्यो ?**

कुनै पनि ठूलो प्रतियोगितामा पदक जसले जिते पनि पहिलो जस भनेको देशलाई जान्छ, त्यसपछि खेललाई अनि खेलाडीलाई, त्यसपछि मात्र प्रशिक्षकलाई । एउटा प्रशिक्षकका लागि आफ्नो खेलाडीले दुई स्वर्ण त्यो पनि साग कीर्तिमान कायम गरेर जित्छ भने योभन्दा ठूलो खुसी के हुन्छ ?

**यस्ता प्रतियोगितामा सफलताको जस खेलाडीले र असफलताको दोषचाहिं प्रशिक्षकले पाउँछन् नि ?**

प्रशिक्षक भनेको खेलाडीलाई बमका रूपमा प्रयोग गरेर सफलता पाउने जात हो । अझ हाम्रो जस्तो देशमा खेलाडीले सफलता पाएन भने त्यो बम पड्किएर प्रशिक्षकलाई नै क्षतविक्षत पार्छ । यदि सफलता पायो भने प्रशिक्षकलाई पड्किनबाट जोगाउँछ ।

**आफ्ना खेलाडीले सफलता पाएपछि खुब बधाई पाउनुभयो होला नि ?**

राजेन्द्रको सफलतापछि भारत र श्रीलंकाका प्रशिक्षकहरूले मसँग सोधे- के तेरो खेलाडी अमेरिका र युरोपमा प्रशिक्षण गर्छ ? किनकि उनीहरू त्यसै गर्दा रहेछन्, तर मैले आफ्नै देशमा भन्दा उनीहरूले विश्वासै गरेनन् । सफलता पाउन विदेश नै जानुपर्छ भन्ने पनि होइन रहेछ ।

**अबको योजनाचाहिं के छ ?**

अब नेपालले सहभागिता गर्ने प्रतियोगिता भनेको कतारमा आयोजना हुने एसियाली खेलकुद प्रतियोगिता हो । एसियाडमा पनि राम्रो नतिजा निकाल्न खेलाडीहरूले अहिलेदेखि नै प्रशिक्षणमा जुट्नुपर्छ । यसबाहेक भर्खरै एथलेटिक्समा आएका खेलाडीहरूलाई पनि व्यवस्थित ढंगले प्रशिक्षण गराउँदै लानुपर्छ ।

**एथलेटिक्स संघ त दुईवटा छन्, काम गर्न कत्तिको गाऱ्हो छ ?**

खेलाडीको बुई चढेर विदेश घुम्ने सुविधा बटुल्ने परिपाटीको अन्त्य हुनुपर्छ । राखेप खेलकुद संघको अविभावक भएका कारण उसको त्यहीअनुसारको भूमिका हुनुपर्छ । नयाँ खेलाडीहरूका लागि आन्तरिक प्रतियोगिताको अवसर जुटाउने तथा शीर्ष स्थानमा रहेका खेलाडीहरूलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्ने अवसर सिर्जना गर्ने काम संघले गर्नुपर्छ ।

## मैदान बाहिर

### बेकह्यामको नयाँ परफ्युम



इङ्ल्यान्ड फुटबल टिमका कप्तान डेभिड बेकह्याम तथा उनकी जीवनसंगिनी सधैं सञ्चारमाध्यमका लागि आकर्षणको केन्द्र बन्दै आएका छन् । बेकह्यामले मैदानमा गर्ने फ्री किक गोलले भन्दा उनको स्टाइलले बढी चर्चा पायो । उनको यही शैलीकै कारण उनको जीवनमा आएकी भिक्टोरिया बेकह्याम पनि सांगीतिक पृष्ठभूमिका कारण सधैं चर्चामा छिन् । गत विश्वकप फुटबलपछि इङ्ल्यान्डको फुटबल टिमबाट संन्यासको घोषणा गरेका डेभिडले सम्भवतः आफूलाई फुटबल जीवनको उत्तरार्धमा प्रवेश गरेको महसुस गरिसकेका छन् ।

अहिले उनी आफू चर्चामा रहेको अवस्थामै केही गर्ने सोचाइ बनाएर एक परफ्युमको उत्पादन थालेका छन् । श्रीमती बेकह्यम कुशल व्यापारीसमेत भएकाले बेकह्यामले श्रीमतीसँग मिलेर उक्त परफ्युमको उत्पादनमा जुटेका हुन् । 'इन्स्टिक्ट' नामक उक्त परफ्युम लिली, ट्युबरोज, अरेन्ज ब्लोसम, भेनिला, स्यान्डल उड तथा मुस्कको सुगन्धमा उपलब्ध छ । उक्त परफ्युम ५० हजार बोतल बिक्री पनि भैसकेको छ । व्यापारिक सोच भएका बेकह्याम जोडीले यो परफ्युमको प्रचार-प्रसारमा आफूभन्दा आकर्षक कोही नदेखेपछि दुई जोईपोइ आफैं ठाँटिएर कामुक मुद्रामा विज्ञापनमा प्रस्तुत भए, जसमा डेभिडले भिक्टोरियाको नितम्बलाई समाएका छन् । उक्त परफ्युमका बारेमा कम्पनीका प्रवक्ता भन्छन्- 'परफ्युम राम्रो छ तर पनि बेकह्यामको जोडीले पाएको लोकप्रियताजस्तै यसको बिक्री अझै बढ्नुपर्छ ।'

### पाकिस्तानको सफलता

इङ्ल्यान्डविरुद्ध ८ टेस्ट र ५ एकदिवसीय प्रतियोगिता खेलिरहेका पाकिस्तानी खेलाडीहरूले यदि आफूले मीठो भोजन गर्न पाए खेल जित्ने दाबा गरेका छन् । हुन त इङ्ल्यान्डमा क्रिकेट प्रतियोगिता खेल्न जाने क्रममा पाकिस्तान तथा भारतका खेलाडीहरूको मैदानबाहिरको मुख्य ध्यान भनेकै खानेकुरामा केन्द्रित हुन्छ । इङ्ल्यान्डमा दशकौंदेखि क्रिकेट खेल्न जाने भारत तथा पाकिस्तानका खेलाडीले मात्र नभएर उतै बसोबास गर्ने भारतीय र पाकिस्तानीलाई यताको स्वाद बिर्साउन खोलिएको टिकेसी (टिक्का, कबाव, चिकेन) को ब्रिटेनमा चेन नै छ । अझ भारत र पाकिस्तानका खेलाडीहरू क्रिकेट खेल्न इङ्ल्यान्ड आए भने त यो रेस्टुराँमा अझ बढी चहलपहल देखिन्छ । सन् १९७० देखि इङ्ल्यान्डमा क्रिकेट खेल्न आउने भारत तथा पाकिस्तानका खेलाडीहरूलाई आफ्नो घरको स्वाद बिर्साउने काम दिलावर भाइले बनाएको टिकेसीले गर्छ । उनको हातले बनाएको टिकेसी धेरै भारतीय तथा पाकिस्तानी खेलाडीहरूले खाइसकेका छन् । दिलावर भाइले बनाएका खानेकुरा जसले चाख्यो ऊ सदासदाका लागि उनको हितैषी भैहाल्छ ।

भारत तथा पाकिस्तानका खेलाडीहरूले इङ्ल्यान्डमा क्रिकेट खेलेर सफलता पाउँदैमा आफ्नो भ्रमण पूरा भएको मान्दैनन् । अहिले पाकिस्तानका क्रिकेटरहरू इङ्ल्यान्डमा भएका कारण दिलावर भाइको टिकेसीमा विशेष चहलपहल देखिन्छ । पाकिस्तानी क्रिकेट टिमका कप्तान आफ्ना खेलाडीहरूलाई लिएर दिनहुँजसो दिलावर भाइकहाँ पुग्छन् । इन्जी भन्छन्– 'दिलावर भाइको हातको टिकेसी खान पाएपछि हामी अवश्य म्याच जित्छौं ।' दिलावर भाइ पनि के कम ! उनी भन्छन्– टिकेसीमा अझ नान र दाल पनि मिसाएर खानुभयो भने म्याच मात्र होइन, सिरिज नै जित्नुहुन्छ ।

# सम्मानित भए साग खेलाडीहरू



आठौं साग प्रतियोगितामा पाएको सफलतालाई अहिले खेलकुदको नीति-निर्माणमा बसेका महानुभावहरूले चटक्कै बिर्सिएका छन्। नबिर्सिऊन् पनि किन, हाम्रो देशको नीति-निर्माणको क्षेत्रमा बस्नेहरू पछिल्लो समयमा भएका विकास र योजनालाई फुटेको आँखाले पनि हेर्न चाहँदैनन्। आठौं सागमा नेपालले ३१ स्वर्ण पदक जित्दा दक्षिण एसियाली प्रतियोगितामा सर्वाधिक पदक जितेको प्रतियोगिताका रूपमा त्यसलाई व्याख्या गरियो, जुन ऐतिहासिक सफलता पनि थियो। उक्त सफलता पाउँदा राखेपको सदस्य-सचिवमा विनोदशंकर पालिखे थिए, तर अहिले जीवनराम श्रेष्ठ छन्। आफू नीति-निर्माण तहमा बसेपछि केही राम्रो काम गरेको देखाउनु त पर्‍यो नै। श्रेष्ठले आफूसँगै गएका नेपाली खेल पत्रकारको कानमा के फुके भने नेपालले स्वदेश बाहिर भएको साग खेलकुदमा सबैभन्दा बढी पदक यही प्रतियोगिताबाट ल्यायो। हुन पनि हो, नेपालले देशबाहिर आयोजना भएको साग प्रतियोगितामा सर्वाधिक ९ स्वर्ण यही प्रतियोगितामा जितेको छ। आफ्नो कार्यकाललाई लम्ब्याउन खप्पिस एमालेका कार्यकर्ता श्रेष्ठले आफ्नो छोटो कार्यकालमै नेपाललाई ऐतिहासिक सफलता दिलाएको दाबी गर्दै खेलाडीहरूलाई बग्गीमा राखेर नगर परिक्रमासमेत गराए। यत्तिले नपुगेर उनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका सामुन्ने सफलता पाउने खेलाडीहरूलाई प्रस्तुत गरेर आफ्नो सफलता पनि जाहेर गराए। खेलेर पनि स्वर्ण पदक पाउन सकिन्छ भन्ने कुरा सुन्दै आएका प्रधानमन्त्री कोइरालाले पनि खेलाडीको गलामा रहेको स्वर्ण पदक तानेरै हेर्नुभयो। प्रधानमन्त्रीले खेलाडीहरूका लागि केही गर्ने प्रण पनि गर्नुभयो।

खेलेर सफलता पाउँदा सरकारबाट केही हुन नसकेको प्रशस्तै अनुभव नेपाली खेलाडीहरूसँग छ। आठौं सागमा सफलता पाउँदा सरकारले वाचा गरेको पुरस्कार अझैसम्म नपाएको गुनासो नेपाली खेलाडीहरू अझै पनि गर्छन्। खेलाडीहरूले यस पटक पनि प्रशिक्षणको समयमा डाइट खान पाएका थिएनन्



तर राखेपले प्रधानमन्त्रीमार्फत केही गराउने आशा जगाएकोमा खेलाडीहरू अहिले खुसी त भएका छन् तर सरकारमा बस्नेहरूको वाचा पूरा हुन्छ कि हुँदैन भन्ने कुरामा द्विविधा पनि उत्तिकै छ।







# पोखराबाट छानिए पाँच प्रतिभा



**शिव शर्मा**

पोखरा– सुन्दर अनि कलकलाउँदा युवतीहरू आकर्षक पहिरनमा आफ्नो परिचय दिँदै क्याटवाक गर्न थाले। पोखरामा मोडलहरूको कुनै कमी थिएन, तर पनि गत शनिबार होटल कान्तिपुरमा सम्पन्न सुपर मोडल हन्ट पश्चिमाञ्चल छनौटमा मोडलहरूको सहभागिता न्यून पाइयो। प्रतियोगितामा अनुभवी मोडल थिइन् त केवल सुनीता गुरुङ। अरू सबै पहिलो पटक र्‍याम्पमा क्याटवाक गर्दै यस्तो कार्यक्रममा उपस्थित जनाइरहेका थिए। सुनीताको क्याटवाक र हाउभाउका अगाडि अरू सबै उन्नाइस देखिन्थे।

नयाँ अनुहारका युवतीहरूले फेसन सो हेरेकै भरमा आफूहरूले क्याटवाक गरेको बताए। जम्माजम्मी १३ प्रतिस्पर्धीले सहभागि जनाएको प्रतियोगितामा पश्चिमाञ्चलको पोखरावाट पाँच जना युवती छनौटमा परेका छन्। छानिने पाँच सुन्दरी आकर्षक व्यक्तित्व, राम्रो उचाइ र प्रतिभाशाली छन्। छानिएका युवतिहरूमा लेखनाथ कास्कीकी सृष्टि तामाङ, विरौटा पोखराकी विद्या थापा, लालीगुराँसटोल पोखराकी सुनीता गुरुङ, रक्षामार्गकी मनिता पुन तथा पुरानो बसपार्क पोखराकी विजिता विजुक्छे छन्। सौन्दर्य, शारीरिक बनौट, उचाइ, आत्मविश्वास, आकर्षक व्यक्तित्वजस्ता मापदण्डका आधारमा युनिलिभर लिमिटेडका प्रतिनिधि सचिन श्रेष्ठ तथा पोखरा जेसिजका पूर्वअध्यक्ष ईश्वर कर्माचार्य निर्णायक रहेको समितिले उनीहरूको छनौट गरेको हो। युनिलिभर नेपाल लिमिटेडले आयोजना गरेको उक्त प्रतियोगितामा १८ देखि २४ वर्षसम्मका युवतीहरू सहभागी थिए।

पोखरा तथा विराटनगरबाट छानिएका ५-५ जना युवतीसँगै काठमाडौंबाट छानिने१० जना युवतीहरूबीच शीर्ष उपाधिका लागि प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा प्रथम हुनेले ५० हजार, द्वितीय हुनेले २५ हजार तथा तृतीय हुनेले १५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। तेस्रो चरणको छनौट भोलि काठमाडौंमा हुँदैछ।

## चिल्ड्रेन अफ द इयर

**साप्ताहिक समाचार**

काठमाडौं– आधुनिक समाजका बालबालिकाहरूले अध्ययनका साथै अतिरिक्त क्रियाकलापमा समेत रुचि देखाउने क्रम बढेको छ। यसकै फलस्वरूप राजधानीलगायत प्रमुख सहरहरूमा बालबालिकाकेन्द्रित सौन्दर्य तथा प्रतिभा प्रदर्शन गर्ने प्रतियोगिताहरू नियमित आयोजित भैरहेका छन्। सामान्यतया: काठमाडौं, पोखरा, धरान, वीरगञ्जजस्ता स्थानमा त्यहींका बालबालिकाहरूलाई समेटेर त्यही स्थानमा यस्ता प्रतियोगिताहरू आयोजना हुन्छन्, तर अघिल्लो साता राजधानीमा आयोजित एउटा प्रतिभा तथा सौन्दर्य प्रतियोगितामा नेपालका विभिन्न स्थानका बालबालिकाहरू एउटै र्‍याम्पमा प्रस्तुत भए। उक्त प्रतियोगिताको शीर्षक थियो, 'चिल्ड्रेन अफ द इयर– २०६३'।

प्रतिभावान् बालबालिकाको छनौट गर्ने उद्देश्यले आयोजित उक्त प्रतियोगिताको आयोजना फोकस एड नेपालले गरेको थियो। प्रभाभवन, कमलादीमा आयोजित प्रतियोगितामा २० बालिका तथा १३ बालक सहभागी थिए। प्रतियोगितामा बालिकातर्फ मोना अमात्य तथा बालकतर्फ दिव वैद्यले क्रमश: बेबी चिल्ड्रेन अफ द इयर तथा मास्टर चिल्ड्रेन अफ द इयरको उपाधि जितेका थिए।

मिस नेपाल सुगरिका केसीले सोधेको एक प्रश्नको जवाफमा उत्कृष्ट बालिकाको उपाधि जित्ने मोनाले 'यदि मैले एक हजार रुपैयाँ पाएँ भने त्यो रकम माग्नेलाई दिन्थें, जुन रकमले उनीहरूले आफ्ना लागि अति आवश्यक सामान किन्न सकून्' भन्ने जवाफ दिएकी थिइन्। बालकतर्फ उत्कृष्ट हुने दिवस वैद्यले निर्णायकको प्रश्नको जवाफमा शिक्षकले विद्यार्थीलाई सजाए दिनु भनेको उसको मानसिक स्थिति बिगार्नु हो, भविष्यको कर्णधारको यस्तो अवस्था भए देश कसरी सप्रने ?' भन्दै प्रतिप्रश्न गरेका थिए।

८ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरू सहभागी भएको उक्त प्रतियोगितामा उनीहरूलाई विभिन्न नेपाली गीतका धुनमा क्याटवाक गराइएको थियो। बेस्ट ड्रेस चरणमा उनीहरूले परम्परागत पहिरनहरू प्रदर्शन गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरे।



प्रतियोगितामा श्रीया केसीले फस्ट रनर-अप तथा बेस्ट ट्यालेन्ट, श्रद्धा केसीले सेकेन्ड रनर-अप तथा बेस्ट परफरमेन्सको उपाधि जितेका थिए। बालकतर्फ एन्जल अमात्यले फस्ट रनर-अप तथा बेस्ट डिसिप्लिनको एवार्ड जिते भने विवेक महर्जनले सेकेन्ड रनर-अपको उपाधि जिते।

## फुर्सदको कुराकानी



"सगरभरि जूनतारा", "हेरेको तिमीलाई", "कता-कता उड्दैछ", "चिउरी बोटैमा", "के साइनोले बोलाऊँ" जस्ता गीत गाउने सपनाश्री विगत २५ वर्षदेखि निरन्तर गायन क्षेत्रमा छिन्। २०२८ साल माघ महिनामा महाबौद्ध काठमाडौंमा जन्मिएकी सपनाश्री स्वभावले बोलक्कड छिन्। आधुनिक, लोक, राष्ट्रिय गीत, भजन, पप, चलचित्र सबै विधामा सुहाउँदो स्वर दिन खप्पिस सपनाश्री अहिले पनि उत्तिकै व्यस्त छिन्।

**कसरी बितिरहेका छन् दिनहरू ?**

- अहिले रेकर्डिङको काममा व्यस्त छु। छैटौं एल्बमको तयारीमा छु। अर्कातर्फ चलचित्रको गीत रेकर्डिङको कामले पनि व्यस्त तुल्याएको छ।

**कहिलेदेखि लाग्नुभयो सांगीतिक स्क्रिन बन्द क्षेत्रमा ?**

- ६ वर्षको उमेरदेखि। २०३३ सालतिर रेडियो नेपालमा 'बिहान उठी ईश्वरलाई गरेर प्रणाम' बालगीत गाएकी थिएँ।

**कहिलेसम्म गाउने विचार छ ?**

- होस सम्हालेदेखि नै गायन क्षेत्रमा लागियो। २५ वर्षदेखि निरन्तर गाउँदै आएँ, आर्यघाट नपुगुन्जेलसम्म गाइ नै रहने सोचमा छु।

**२५ वर्षे लामो सांगीतिक जीवनमा कति गीत गाइएछ त ?**

- लगभग हजार पुग्यो होला। दुई सय त नेवारी गीत नै गाइयो, एक सयजति चलचित्रका गीत, दर्जनौं लोक, आधुनिक, भजन, राष्ट्रिय गीत आदि।

**कस्ता गीत मनपर्छन् ?**

- हरेक किसिमका गीत गाइने र सुनिने भए पनि सेन्टिमेन्टल नै बढी मनपर्छ।

**गायन क्षेत्रमा लागेर केही गुमाएजस्तो लाग्छ ?**

- सांगीतिक रन्कोमा एकोहोरिएर पढाइलाई चाहिँ नराम्रोसँग गुमाएँ।

**कतिसम्म पढ्नुभयो ?**

- आई.ए.सम्म।

**केही गायकगायिका यो रिमिक्सको जमाना हो भन्छन्, तपाईंको के विचार छ ?**

- रिमिक्सले पनि स्रष्टाको सम्मान गर्नुपर्छ तर अहिले पुराना गायक-गायिकाका राम्रा तर लोप हुँदै गएका भाका, संगीतलाई तोडमोड गरी आफूमात्रै नाम-दाम कमाउने ट्रेन्ड बढेको देखिन्छ। रिमिक्स हुनुपर्छ भन्ने मान्यता राखे पनि म त्यस्तो शैलीको विरोधी हुँ।

**मेलवादेवीको सवारी मेरो रेलैमा... रिमिक्सले तपाईंलाई पनि चर्चित तुल्यायो नि ?**

- मैले यो गीतमा मेलवादेवीकै स्वरसँग स्वर मिलाउने प्रयास गरेकी छु। शब्द, स्वर, संगीतमा परिवर्तन गर्नुको साटो मेलवादेवीकै झल्को दिऊँ, यो मेलवादेवीको गीत हो भनेर श्रोताहरूले सम्झिरहुन् भनेर यो गीत रिमिक्स गरेकी हुँ। रिमिक्स गर्नेले स्रष्टाको फिलिङ्स मार्नुहुँदैन।

**एउटा स्थापित गायक/गायिकाका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा के हुन्छ ?**

- एकपटक हिट भएर लोप हुनुभन्दा निरन्तर टिकिरहनु महत्त्वपूर्ण कुरा हो।

**एउटी गृहिणी र व्यस्त गायिकाबीच कसरी समय संयोजन गर्नुहुन्छ ?**

- यसका लागि पारिवारिक सहयोग नै प्रमुख हुन्छ। पारिवारिक समझदारीले गर्दा दुवै काम राम्रैसँग चलिरहेको छ।

**छोराछोरी कति भए ?**

- दुई छोरी।

**कस्तो सपना साँच्नुभएको छ छोरीहरूका बारेमा ?**

- म त मेरै बाटो पछ्याउन भन्छु, जीवनमा मैले सांगीतिक क्षेत्रमा गर्न नसकेको काम मेरा सन्ततिहरूले पूरा गरून् भन्ने चाहन्छु।

**जीवन के हो ?**

- संघर्ष।

**प्रेम नि ?**

- आपसी समझदारी एवं विश्वास।

**– महेशकुमार सिलवाल**

# मिस्टर एन्ड मिस युथ

**साप्ताहिक समाचार**

काठमाडौं– यसअघिका अधिकांश मोडलिङ प्रतियोगिताका निर्णायक चरणमा पाँच जना प्रतिस्पर्धीको छनौट गरिन्थ्यो, तर गत शनिबार राजधानीमा आयोजित 'मिस्टर एन्ड मिस युथ- २००६' को निर्णायक चरणमा तीन जना प्रतिस्पर्धीलाई मात्र निर्णायक चरणमा प्रस्तुत गरियो। निर्णायक चरणमा महिला तथा पुरुष गरी दुई विधामा तीन-तीन प्रतिस्पर्धीको छनौट गरिएकाले फस्ट रनर-अप तथा सेकेन्ड रनर-अपको उपाधि नै प्रदान गरिएन।

नेसनल प्रोग्रामिङ सेन्टर एन्ड फेसन मार्कले आयोजना गरेको यो प्रतिस्पर्धामा ११ जना महिला तथा १५ जना पुरुष मोडल सहभागी थिए। करिब चार बजे प्रारम्भ भएको



प्रतिस्पर्धा चार घण्टा चलेको थियो। प्रज्ज्वलराज शाक्यको कोरियोग्राफीमा सम्पन्न प्रतियोगिताको प्रारम्भ गौरा नृत्यबाट गरिएको थियो। त्यसपछि हाकु पटासीमा सजिएका महिला तथा दौरा-सुरुवालमा ठाँटिएका पुरुष प्रतिस्पर्धीले आफ्नो परिचय दिए। त्यसपछिको सिक्वेन्समा उनीहरूले क्याजुअल वेयर प्रदर्शन गरे। दुई चरणको समापनसँगै निर्णायकले दुवै विधाका टप सेभेन प्रतिस्पर्धी छनौट गरे। त्यसपछि प्रश्नोत्तरका आधारमा निर्णायक चरणका लागि तीन-तीन जना प्रतिस्पर्धी छनौट भए।

गायक पुष्कर जंगम, पर्वतारोही तथा गायक टासी लाक्पा लामा, गीतकार रमेश अधिकारी तथा गायक कर्मालाई सम्मानित गर्दै अघि बढेको उक्त प्रतिस्पर्धामा विकासकुमार लम्साल तथा अञ्जु सिम्खडाले क्रमश: मिस्टर तथा मिस युथ- २००६ को उपाधि जिते। मड बुटिकका आकर्षक पहिरनहरू प्रदर्शन गर्ने सबै प्रतिस्पर्धीमध्ये लक्ष्मी खत्री र सौरभ कार्कीले फोटोजेनिक, ज्योति घले र सौगातजंग शाहले क्याटवाक, बिनिता उप्रेती र अश्वत स्थापितले चार्मिङ पर्सनालिटी, हृदय विष्ट र सुशीला चौधरीले डिसिप्लिन, उर्मिला चाम्लिङ र सशांक खड्काले ट्यालेन्ट तथा ज्योति घले र अर्जुन सापकोटाले भ्युअर्स च्वाइस एवार्ड जितेका थिए। प्रतियोगितामा गायक ओमविक्रम विष्ट निर्णायकका रूपमा सहभागी थिए।








हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया, सम्पादक : सुवास ढकाल